# स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना-२०७९



अन्नपूर्ण गाउँपालिका

म्यागदी, गण्डकी प्रदेश, नेपाल

**योजनाको नाम** : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, अन्नपूर्ण गाउँपालिका, म्याग्दी, २०७९

**योजनाको अंग्रेजी नाम** : Local Disaster and Climate Resilience Plan (LDCRP), Annapurna Rural Municiaplity, Myagdi, 2079.

**तयार गरिएको वर्ष** : २०७९

**योजनाको अवधि** : २०७९/०८० देखि ०८९/०९० सम्म

**तयार गर्ने** : अन्नपूर्ण गाउँपालिका, म्याग्दी

**प्राविधिक सहयोग** : गोरखा वेल्फेयर ट्रस्ट, नेपाल

**परामर्शदाताः** विमल बहादुर कुँवर, ९८४९१५२३०४

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्यागदी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं.९८५७६८३८१०
Email: ito.annamun@gmail.com
/info@annapurnamnmyagdi.gov.np
web: annapurnamunmyagdi.gov.np

G-Plus Code : **FJJV+ JH Shikha**

प.स. २०७९/८०
चं.न.

## प्रकाशकको भनाई तथा प्रतिवद्धता

नेपाल पहिरो, बाढी, महामारी, चट्याङ्ग, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भू-कम्पको जोखिममा रहेको मुलुक हो । यस प्रकारका नियमित आउने प्रकोपहरुले बर्षेनी ठुलो मात्रामा धनजन तथा भौतिक सम्पत्तिमा क्षति पुऱ्याई रहेका छन् । नेपालमा विपद्को सामना गर्न सक्ने आवश्यक क्षमता विकास गर्नको लागि सरकारी तथा गैरसरकारी निकायबाट विभिन्न क्रियाकलापहरु सञ्चालन भईरहेका छन् । विद्यमान कानुनी व्यवस्था अनुसार विपद् व्यवस्थापनका मुख्य क्षेत्रहरु पूर्वतयारी, प्रतिकार्य र पुन: स्थापना मध्ये प्रतिकार्यलाई बढि जोड दिईएको छ । साथै जलवायु परिवर्तनका कारणले पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजिक अन्यायका अन्तनीहित कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ । अनियमित वर्षा र अत्याधिक एवं पटक-पटक आउने बाढि, पहिरो, हिमताल फुट्नु, विनाशकारी असिना, शितलहर, सुख्खा, खडेरी आदि जस्ता प्रकोपहरुले गर्दा गरिव तथा विपन्न वर्गको जीविकोपार्जन सुरक्षामा असर पार्दछ । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । नेपालको औसत तापक्रम प्रतिवर्ष ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भइरहेको छ । प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट देखिएको असरहरुबाट म्याग्दी जिल्ला पनि दिन प्रति दिन प्रभावित हुँदै गईरहेको छ । समुदायहरूको अनुभव र मौसमी तथ्याङ्क अनुसार वर्षा हुने समय छोटो र वर्षाको मात्रा बढी भएको पाइएको छ । त्यसै गरी बाढी, पहिरो तथा भू-क्षय जस्ता प्राकृतिक प्रकोपहरू पनि अत्यधिक दोहरिन थालेका छन् ।

यसै सन्दर्भमा म्याग्दी जिल्लाको यस अन्नपूर्ण गाउँपालिकामा स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तयारी प्रकृया गाउँपालिकाको नेतृत्वमा स्थानीय वहुसरोकारवाला प्रतिनिधित्व तथा लक्षित वर्ग समेतको सहभागितामा गठित स्थानीय विपद् तथा जलवायू उत्थानशील समितिको सक्रियतामा यो स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तयार गरिएको छ । यस योजनालाई गाउँपालिकाको नियमित योजना तर्जुमा प्रकृयामा समायोजन गरिनुका साथै यस गाउँपालिकाको आ.व. २०७९/८० को गाउँ परिषदबाट पारित गरि कार्यन्वयनमा लगिने छ ।

यस स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तयारी गर्ने क्रममा प्रोत्साहन गर्ने जिल्ला विपद् व्यवस्थापन समिति र तयारी प्रकृयामा विशेष सहयोग गर्ने गोरखा वेल्फेयर ट्रस्ट, नेपाल साथै राजनैतिक दलका प्रतिनिधिहरु लगायत स्थानीय संघ संस्थाहरु, यसमा प्रनिधित्व गर्नु हुने सम्पूर्ण महानुभावहरु, कर्मचारी तथा सहजकर्ताहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस योजनाको प्रभावकारी कार्यन्वयन प्रकृयामा नेतृत्वदायि भूमिका निर्वाह गरी स्थानीय स्रोत साधन परिचालन गर्न अन्नपूर्ण गाउँपालिका, म्याग्दी सदैव सक्रीय रहने छ र योजना कार्यान्वयनमा आर्थिक तथा प्रविधिक सहयोग गर्नका लागि सवै पक्षसंग अन्नपूर्ण गाउँपालिका, म्याग्दी हार्दिक अनुरोध गर्दछ ।

..........
भरत कुमार पुन
अध्यक्ष

# कार्यकारी सारांश

नेपाल भौगोलिक अबस्थिती र बनावटका कारणले भूकम्प, बाढी, पहिरो, हावाहुरी, हिमपात, आगलागि, महामारी र जलवायू परिवर्तन लगायतका विपद्हरूबाट अति प्रभावित राष्ट्रको सूचिमा रहेको छ। नेपालका प्राय सबै जिल्ला र पालिकाहरू कुनै न कुनै प्रकारका प्रकोपहरूबाट प्रभावित रहेका छन्। गण्डकी प्रदेशमा समुन्द्र सतहबाट ७९२ मिटर देखि ८१६७ मिटरको उचाईमा ८३°०८' देखि ८३°५३' पूर्वी देशान्तर र २८°२०' देखि २८°४७' उत्तरी अक्षांश सम्म फैलिएको म्याग्दी जिल्लाको क्षेत्रफल २,२९७.०६ वर्ग कि.मी. रहेको छ । म्याग्दी जिल्ला स्थित अन्नपूर्ण गाउँपालिका पनि बहुप्रकोपको दृष्टिबाट मध्यम जोखिममा रहेको गाउँपालिका हो । यस जिल्लामा २०७४ सालको पूर्नसंरचना वमोजिम ६ वटा स्थानीय निकायहरु मध्ये अन्नपूर्ण गाउँपालिका एक हो जसको क्षेत्रफल ५५६.४१ वर्ग कि.मि. र सदरमुकाम वडा नं. ६, पोखरेवगरमा रहेको छ । यस अन्नपूर्ण गाउँपालिका २८° २०'१०'' देखि २८°४२'००'' उत्तर अक्षांस र ८३°३३'०५'' देखि ८३°५२'३०'' पूर्वी देशान्तरमा रहेको छ । ५५१७.९७ हे. बनजंगल रहेको यस गाउँपालिकामा ३२ वटा सामुदायिक वन र १३ वटा संरक्षित वन तथा कृषी योग्य भूमी ४६३९ हे., सिंचित क्षेत्र २७०.४ हे., असिंचित क्षेत्र ४०९४ हे. रहेको छ। नेपाल सरकारले २०७९ सालमा लिएको राष्ट्रिय जनगणनाको प्रारम्भिक गणना अनुसार यस गाउँपालिकामा ३,३४० घरधुरीमा जम्मा ३६१८ परिवारका १२,३५१ जना बसोवास गर्ने गरेका छन्। जस्मा महिलाको संख्या ६,२७३ र पुरुषको संख्या ६,०७८ रहेको छ।

अन्नपूर्ण गाउँपालिका भूकम्प, बाढी, पहिरो, नदिकटान, जंगली जनावर, हावाहुरी, आगलागी, असिना, चट्याङ्ग, र सडक एवं अन्य प्रकारका दुर्घटना लगायतका विपद्हरूबाट प्रभावित रहेको छ । अन्नपूर्ण गाउँपालिका बहुप्रकोप प्रभावित भएकोले गाउँपालिकामा रहेका विपद व्यवस्थापन समिति, सामुदायीक एवं टोल विकास संस्था, सुरक्षा निकाय, क्लव तथा अन्नपूर्ण गाउँपालिकाको संयूक्त पहल, गोरखा वेल्फेयर ट्रष्ट, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन परामर्शदाताको प्राविधिक सहयोगमा विपद तथा जलवायू उत्थानशील योजना सहभागिमूलक रूपमा तयार गरिएको छ।

सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुन:स्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा नै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना हो । जलवायु परिवर्तनको प्रभाव तथा सम्भावनाका साथै विपद्का घटनाहरुका कारण भैरहेको तथा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्दै उत्थालशील समुदाय निर्माणको लागि गाउँपालिकालाई सहयोगी नीति, संरचना तथा योजनाहरु तयार गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मुख्य उद्देश्य हो ।

यस अन्नपूर्ण गाउँपालिकामा पहिरो पहिलो प्रकोप, दोश्रोमा जंगलि जनावर आतंक, तेश्रोमा बाढी, आगलागी चौथो, चट्याङ्ग पाँचौ, छैंठौमा असिना, दुर्घटना सातौं, हुरीवतास आठौं र महामारी नवौंमा रहेको पाईएको छ । विभिन्न समय (२०२७, २०३७, २०३९, २०५६, २०७७) मा आएको पहिरोका कारण जनधन दुवैको व्यापक क्षती पुर्‍याएको देखिन्छ। त्यस्तै २०३३, २०५१, २०५६, २०७१ सालमा भएको आगलागीका कारण व्यक्तिहरुको मृत्यु हुनुका साथ साथै प्रसस्त घर तथा गोठ र खानेपानीका पाईप लाईनका सँगै जंगलमा क्षति भएको थियो । चट्यांगका कारण पनी मानिसहरुको ज्यान जानुका साथै घर, गोठ, गाईबस्तु र विद्युत्तिय संरचना र सामाग्रीहरुको क्षति भएको छलफल र विभिन्न तथ्यांकहरुले देखाउँछ। गाउँपालिकामा सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरू प्रयोग गरी सूचना सङ्कलन गर्दा सबै ८ वटा वडाहरु नै मध्यम संकटासन्नटामा रहेको पाईन्छ। तसर्थ समग्र गाउँपालिका मध्यम जोखिममा रहेको देखिन्छ। जलवायु परिवर्तन तथा विपद् जोखिमको प्रचुर समस्याका वावजुद यहाँ सार्वजनिक सेवाको पहुँचमा कमि, विषयका बारेको बुझाई भएका ब्वक्तिको तथा सञ्चार माध्यमको कमिका कारण जलवायु अनुकुलन तथा जोखिम व्यवस्थापनमा आवश्यक ज्ञान, शिप र प्रविधिको अभाव देखिन्छ। यसका साथै बाहिरी समुदायको सहयोगको व्यवस्था पनी सहज देखिदैंन ।

यस योजनाको परिकल्पना अन्नपूर्ण गाउँपालिकालाई विपद् तथा जलवायु उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्ने रहेको छ । पहिचान भएका जोखिम तथा प्रकोपहरुको कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरुलाई

मध्यनजर गरी अन्नपूर्ण गाउँपालिकाले त्यसबाट अनुकूलन हुन तथा व्यवस्थापन गर्नका लागि विभिन्न उपायहरु तय गरेको छ। पहिचान गरिएका विभिन्न उपायहरुको प्रभावकारिता, खर्चको मितव्ययिता, सम्भाव्यता र लक्षित बर्गमुखी आदिलाई आधार वनाई आवश्यक अंक भार दिई गरिने विश्लेषण विधि मार्फत प्राथमिकीकरण गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरुको छनौट गरिएको छ। पहिचान गरि कार्ययोजनामा समावेश भएका विभिन्न विपद् जोखिम व्यवस्थापन तथा जलवायू अनुकूलनका क्रियाकलापहरु सञ्चालन गर्नको लागि यस अन्नपूर्ण गाउँपालिका, म्याग्दीको लागि प्रस्तावित वजेट नेरु २४९,८९०,०००.०० अर्थात अक्षरमा जम्मा चौविस करोड अन्ठानव्वे लाख नव्वे हजार नेपाली रुपैंया मात्र रहेको छ। जनचेतना अभिवृद्धि गर्नुपर्ने, भूकम्प प्रतिरोधी घरहरू निर्माण तथा प्रवलीकरण गर्नुपर्ने, स-साना अल्पीकरणका गतिबिधीहरू सञ्चालन गर्नुपर्ने, बहुप्रकोप व्यवस्थापन गर्न दक्ष जनशक्तिको विकास, भू-उपयोग नीतिको अबलम्बन गर्नुपर्ने, टोलहरूमा प्रकोप अनुसार सामग्रीहरू ब्यबस्थापन गर्नुपर्ने, पूर्वतयारीका गतिविधी सञ्चालन गर्नुपर्ने, पूर्वसूचना प्रणालीको विकास गर्नुपर्ने जस्ता कार्यहरू विपद पूर्व, विपदको समयमा र विपद पश्चात गर्न सकिने कार्यहरू योजनामा समाबेश गरिएको छ। विपद् पूर्वका क्रियाकलापहरूमा जनचेतना अभिवृद्धि, अल्पीकरण तथा पूर्वतयारीका लागि भौतिक संरचनाको निर्माण, भौतिक सामग्रीहरूको व्यवस्थापन, मानविय श्रोत विकास, संस्थागत विकास र जिविकोपार्जन सम्वन्धी कार्यक्रमहरूलाई पनि छलफल गरि योजनामा समाबेश गरिएको छ।

यो योजनालाई अनुमोदन तथा वैधानिकता दिनका लागी गाउँपालिकाको भेला वा परिषदमा छलफल गरी परिषदबाट स्वीकृत गरिएको छ । अतः सम्पुर्ण योजनाको नेतृत्व अन्नपूर्ण गाउँपालिकाले गर्नेछ । यस अन्नपूर्ण गाउँपालिका अर्न्तगत स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता तथा स्थानीय विपद् तथा जलवायू उत्थानशील समितिको अगुवाइमा अनुकूलन कार्ययोजना कार्यान्वयनको अनुगमन अर्ध वार्षिक रुपमा गरीने छ। यस योजनाको कार्यान्वयनका क्रममा भएका पाठ सिकाइ, अनुभव र चुनौती, सुधार गर्नुपर्ने विषयवस्तुलाई समावेश गरी सहज र प्रभावकारी बनाउनका लागि योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने छ। यो योजनाको कूल अबधि १० वर्ष राखिएतापनि प्रत्येक २ वर्षमा मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन र पाँच वर्षमा योजनाको बृहत पुनरावलोकन गरी अद्यावधिक गरीने छ।

# विषय - सूचि


**खण्ड १: परिचय**

१.१) गाउँपालिकाको भौगोलिक स्थिति र अवस्था १

१.२) जातजाती २

१.३) जलवायुको अवस्था २

१.४) प्राकृतिक स्रोत साधन, जस्तै जलसम्पदा, ताल, पोखरी, वन सम्पदा, खनिजपदार्थ आदि २

१.५) पेशा तथा राजगारीको अवस्थाः ३

१.६) मुख्य मुख्य नदीनालाहरु : ३

१.७) यातायात तथा संचारको अवस्था ४

१.८) जनसङ्ख्याको विवरण ४

 १.८.१ उमेरअनुसारको जनसङ्ख्या ४

 १.८.२) अपाङ्गताको विवरण ५

१.९) स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनाको परिचय ५

 १.९.१ योजनाको उद्देश्य ५

 १.९.२ योजनाको आवश्यकता तथा महत्व ६

 १.९.३ योजनाको सिमितता ८

 १.९.४ योजना तर्जुमा प्रक्रिया : ८

**खण्ड २. अन्नपूर्ण गाउँपालिकाको जलवायु परिवर्तन तथा विपद् जोखिम विश्लेषण**

२.१) गाउँपालिकाको प्रकोप स्तरिकरण १०

२.२) प्रकोप पात्रो : ११

२.३) विपदको ऐतिहासिक समय रेखा : १३

२.४) गाउँपालिकाको संकटासन्न वडाको अवस्था १८

२.५) विपदको कारण र असर विश्लेषण २०

२.६) गाउँपालिकाको रहेको श्रोत तथा क्षमताको विश्लेषण २२

 २.६.१ संघ संस्थाहरुको विवरण २२

 २.६.२ स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन : २५

 २.६.३ भौतिक, प्राकृतिक, सामाजीक तथा मानविय श्रोत २७

२.७) जलवायू परिवर्तनको अवस्था र त्यसको प्रभाव २९

 २.७.१ तापक्रम र वर्षाको तथ्यांकहरुको विश्लेषण २९

  २.७.१.१ तापक्रम २९

  २.७.१.२ वर्षा ३०

२.७.२ मौसमी पात्रो सँगको तुलनात्मक विश्लेषण ३०

२.७.३ भविष्यको पूर्वानुमान ३०

२.७.४ जोखिम तथा जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ३०

२.८) जोखिम अनुमान ३१

**खण्ड ३ : स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनाको परिकल्पना, ध्येय, लक्ष्य, उद्धेश्यहरु, दिर्घकालिन सोच, परिदृश्य र नीति तथा रणनीति ३४**

**खण्ड ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ३६**

४.१) विपद् जोखिम व्यवस्थापन तथा जलवायू अनुकूलनका क्रियाकलापहरुको पहिचान तथा प्राथमिकीकरण ३६

४.२) कार्ययोजना क्रियाकलाप, वडागत तथा गाउँपालिका स्तरमा परिमाणहरु ३८

४.३)कार्ययोजनाका अनूमानित लागत र जिम्मेवारी ४९

**खण्ड ५ : योजना कार्यान्वयन रणनीति, अनुगमन तथा मुल्याङ्कन र पुनरावलोकन तथा अध्याधिक कार्य ७०**

५.१) योजना कार्यान्वयन रणनीति ७०

५.२) योजनाको अनुगमन तथा मुल्याङ्कन ७१

५.३) योजनाको पुनरावलोकन तथा अध्याधिक कार्य ७२

**सन्दर्भ सामग्रीहरु ७३**

**चित्रहरु**

चित्र नं. १: गाउँपालिकाको स्याटल्याईट फोटो
चित्र नं. २: नदि खोलाको नक्सा
चित्र नं. ३: योजना प्रक्रिया
चित्र नं. ४: गाउँपालिकाको वडागत वर्गिकरण
चित्र नं. ५: महिनावारी तापक्रमको विवरण
चित्र नं. ६: बार्षिक औषत अधित्तम तापक्रम
चित्र नं. ७: बार्षिक औषत न्यूनतम तापक्रम
चित्र नं. ८: बार्षिक औषत बर्षा
चित्र नं. ९: अधिकत्तम बर्षा
चित्र नं. १०: बहुप्रकोप
चित्र नं. ११: पहिरोको जोखिम
चित्र नं. १२: बाढिको जोखिम

**तालिकाहरुः**

तालिका नं. १: नेपालको जनसंख्याको छोटकरी विवरण

तालिका नं. २ उमेर अनुसारको जनसङ्ख्या

तालिका नं. ३, जनसंख्याको वर्गिकरण भत्ताको आधारमा

तालिका नं. ४, प्रकोपको स्तरीकरण

तालिका नं ५, प्रकोप तथा मौषमी पात्रो

तालिका नं ६, वाली पात्रो
तालिका नं ७, ऐतिहासिक समयरेखाः
तालिका नं. ८, गाउँपालिकाको संकटासन्न विवरण
तालिका नं ९, सम्पन्नता स्तरिकरण
तालिका नं १०, विपद र विपदका सवाल
तालिका नं. ११, गाउँपालिकामा रहेका संघ संस्थाहरुको विवरण
तालिका नं १२, स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन
तालिका नं. १३, क्रियाकलाप पहिचान र प्राथमीकरण
तालिका नं. १४, वडागत तथा गाउँपालिका स्तरिय योजना परिमाण
तालिका नं. १५, क्रियाकलापहरुको अनुमानित लागत, मुख्य जिम्मेवारी, सम्भावित सहयोगी निकाय

**अनुसूचीहरु**

अनुसूची नं. १ः जनसंख्या विवरण

अनुसूची नं. २ः भिन्न क्षमता भएको जनसंख्या

अनुसूची नं. ३ः वातावरणमैत्री स्थानीय शासन

अनुसूची नं. ४ः अघिल्ला स्थानीय अनुकूलन योजनाहरुको कार्यान्वयनमा भएको प्रगति समिक्षा

अनुसूची नं. ५ः स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति

अनुसूची नं. ६ः योजना प्रक्रियामा सहभागिहरुको उपस्थितिको प्रतिलिपि

अनुसूची नं. ७ः योजना प्रक्रियामा सहजिकरण गर्ने व्यक्तिहरु

अनुसूची नं. ८ः यस योजनामा प्रयोग भएका केहि मूख्य शब्दावलीहरु

अनुसूची नं. ९ः योजना तर्जुमा प्रक्रियाका प्रतिनिधिमुलक फोटाहरु

# अन्नपूर्ण गाउँपालिका र योजना

नेपाल गणतन्त्र राज्यका ७ प्रदेश र ७७ जिल्ला अर्न्तगत गण्डकी प्रदेशमा अवस्थित एक पहाडी तथा हिमाली जिल्ला म्याग्दी हो । गण्डकी प्रदेशको सदरमुकाम पोखरा मुस्ताङ्ग कोरला तिव्वत जोड्ने प्रमुख सडकको वारपार रहेको, समुन्द्र सतहबाट ७९२ मिटर देखि ८१६७ मिटरको उचाईमा ८३°०८' देखि ८३°५३' पूर्वी देशान्तर र २८°२०' देखि २८°४७' उत्तरी अक्षांश सम्म फैलिएको यस म्याग्दी जिल्लाको क्षेत्रफल २,२९७.०६ वर्ग कि.मी. रहेको छ । यस जिल्लामा २०७४ सालको पूर्नसंरचना वमोजिम ६ वटा स्थानीय निकायहरु रहेका छन्, सोही अर्न्तगत अन्नपूर्ण गाउँपालिका हो जसको क्षेत्रफल ५५६.४१ वर्ग कि.मि. र सदरमुकाम वडा नं. ६, पोखरेवगरमा रहेको छ । साविकका गाविसहरु दोबा, भुरुङ तातोपानी, दाना, शिख, घार, हिस्तान, राम्चे र नारच्याङ मिलेर वनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ ।

## १.१ भौगोलिक स्थिति र अवस्था

### क) परिचय

प्रदेश नं. : गण्डकी

अंचल : धवलागिरी

जिल्ला : म्याग्दी

सदरमुकाम : वडा नं. ६, पोखरेवगर

वडा संख्या : ८

### ख) भौगोलिक स्थिति

अक्षांस : २८° २०'१०'' देखि २८°४२'००'' उत्तर

देशान्तर : ८३°३३'०५'' देखि ८३°५२'३०'' पूर्व

क्षेत्रफल : ५५६.४१ वर्ग कि.मि

उचाई : १००० मि देखि ८०९१ मिटर (अन्नपूर्ण हिमाल)

तापक्रम : न्यूनतम तापक्रम ७° से. देखि अधिकतम तापक्रम २५° से.

वर्षा : ३००० मि.मि (औषत वर्षा)

### ग) भौगोलिक सिमाना

पूर्व : कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ११

पश्चिम : रघुगंगा गापा वडा नं. १ र ७

उत्तर : मुस्तांग जिल्लाको थासाङ गापा वडा नं. १, घाँसा

दक्षिण : पर्वत जिल्लाको जलजला गापा वडा नं. १ र ५, बाँसखर्क

**घ) उपयोगमा आएको जमिनको अवस्था**

कृषी योग्य : ४६३९ हे.

सिंचित क्षेत्र : २७०.४ हे.

असिंचित क्षेत्र : ४०९४ हे.

बनजंगल : ५५१७.९७ हे.

सामुदायिक वन ३२ वटा र संरक्षित वन १३ वटा

(श्रोत: बस्तुगत विवरण, २०७५)

**१.२) जातजाती** :

मगर, क्षेत्री, ब्राह्मण, विश्वकर्मा, दर्जी, चर्मकार, थकाली, र गुरुङहरू बसोवास गर्ने यस गाउँपालिकाको मुख्य चाडपवहरु दसैं, तिहार, भूमे पूजा, मष्ट पूर्णिमा, माघे संक्रान्ती, चण्डीपूर्णिमा, क्रिसमस, ल्होसार, बद्ध जयन्ती जस्ता चाडपर्वहरु  रहेको छ । साथै हिन्दु धर्म मान्नेहरुको बाहुल्यता रहे पनि बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मावलम्बीहरु रहेका छन् । आफ्नो जातिय परम्परा र संस्कृतिलाई अनुसरण गर्दै आएका यहाँका मानीसहरु नेपाली भाषाको प्रयोग गर्दछन् ।

**१.३) जलवायुको अवस्था**

भौगोलिक विविधताले गर्दा यस गाउँपालिकाको हावापानी पनि फरक फरक छ । उच्च भूभागमा जाडो र ठण्डी हुन्छ भने बेशी भागमा न्यानो हुने गर्दछ । भिरालो धरातलीय स्वरूपले बनेको यो क्षेत्रमा उष्ण देखि हिमाली सम्मको जलवायु रहेको छ र न्यूनतम तापक्रम ७° से. देखि अधिकतम तापक्रम २५° से. सम्म पुग्ने गर्दछ । यस गाउँपालिकाको नजिक रहेको मौषम मापन केन्द्रको आधारमा यहाँको बार्षिक औषत वर्षा ३००० मि.मि सुचीत रहेको छ । यहाँ उत्तरी तर्फ रहेका अग्ला लेकहरुले गर्दा पूर्वबाट आउने मनसुनी हावा छेकि दिने हुंदा पानी मनसुनमा बढी पर्ने गर्छ ।




चित्र नं. १ गाँउपालिकाको स्याटल्याईट फोटो

**१.४) प्राकृतिक स्रोत साधन, जस्तै जलसम्पदा, ताल, पोखरी, वन सम्पदा, खनिजपदार्थ आदि ।**

प्राकृतिक श्रोत साधनको दृष्टीले अन्नपूर्ण गाउँपालिका सम्पन्न रुपमा रहेको छ । यहाँ बेशि र लेक गरि फरक फरक भौगोकि वनावट र हावापानी पाईन्छ । यहाँका अधिकांस मानिसहरू धाराको पानी प्रयोग गर्दछन् । अन्नपूर्ण गाउँपालिकामा सामुदायिक जल विद्युत, दाउरा, ग्याँस, सोलार, बायोग्याँस आदि विभिन्न ऊर्जाका स्रोतहरूको प्रयोग गरिन्छ । उज्यालोका लागि राष्ट्रिय विद्युतीय प्रसारण तथा केहि घरमा सोलार प्रविधिबाट विद्युतीय सुविधा उपभोग भइरहेको छ  भने खाना पकाउनका लागि दाउरा, ग्याँस, बायोग्याँस, आदिको प्रयोग गरिन्छ ।

अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने विविध खालका पर्यटकीय दृश्यहरुलाई उजागर गर्नुपर्दा अन्नपूर्ण हिमाल विश्वकै गहिरो गल्छी अन्धगल्छी, रुप्से झरना, संसारमै परिचित पुनहिल, तातोपानी कुण्ड, खयरीबराह, प्यारीबराह, मोहरे डाडाँ, सम्पूर्ण मगरहरुको आस्थाको केन्द्र करपाकेली थान लगायतका रमणीय धार्मिक तथा ऐतिहासिक धरोहरहरु यस गाउँपालिका भित्र पर्दछन् ।

यहाँ रहेका ३२ वटा सामुदायिक वनले ७२.४२ प्रतिशत अर्थात ३९९५.९७ हेक्टर र १३ वटा सरकारी संरक्षित बन जसको क्षेत्रफल २८.५८ प्रतिशत अर्थात १५२२ हेक्टर रहेको छ र संरक्षण एक्यापबाट भैरहेको छ । खेती गरिएको क्षेत्रफल ४६३९ हेक्टर रहेको छ । यस गाउँपालिका जलउर्जाको हिसावले ४९९ मेगावाट उत्पादन तथा निर्माणाधिन रहेको छ । स्वास्थ्य बर्द्धक (चर्मरोग, थकान मार्ने, पेटको समस्यामा, आनन्द लिन र हाड तथा जोर्नीको उपचारका लागी) तातोपानी कुण्डहरु वडा नं. २ मा रहेको भुरुङ तातोपानी, वडा नं. ६ को रातोपानीको तातोपानी (अधिक तातो) र वडा नं. ५ को पाउद्धार तातोपानी कुण्डहरु यस गाउँपालिकामा रहेका छन् । यहाँ विश्वमा रहेका ८००० मिटर माथीको चुचुरा मध्ये अन्नपूर्ण हिमालका साथै विश्व प्रसिद्ध अन्नपूर्ण सर्किट पर्यटकिय पदमार्ग, अन्नपूर्ण वेसक्याम्प, हिमाल पारिको जिल्ला मुस्ताङ तथा चीन स्वशासीत क्षेत्र तिव्वत जोड्ने सडक तथा पद मार्ग, नारच्याङको झरना, महभिर झरना, दमाह छहरा, विभिन्न आकर्षक डाँडाहरुका साथै यहाँ रहेका ५ वटा सार्वजनिक पाखरीहरुले यस गाउँपालिकालाई सुशोभित गर्दै पर्यापर्यटन विकास गर्न सहयोग गरेका छन् ।

यस क्षेत्रमा वनस्पतीको रुपमा ८ प्रजातीका गुराँस, उत्तिस, गोब्रेसल्ला, खोटे सल्ला, फलाट, धुपी, देवधार, सिसौ, साल लगायत आदि जस्ता रूखबिरूवाहरू पाइन्छन् । हाल बनमाराको झार सबै वन तथा अन्य क्षेत्रमा फैलिएर मुख्य समस्याको रुपमा देखिएको छ । वन्यजन्तुहरूमा कस्तुरी, मृग, भालु, चितुवा, झारल, रतुवा, घोरल, दुम्सी, बँदेल, खरायो, स्याल, बाँदर आदि रहेका छन् भने चराहरूमा मैना, डाँफे, भँगेरा, कालिज, गिद्ध, ढुकुर, कोइली, कोकले, डाङग्रे, लाटोकोसेरो, चिल, चमेरा, तित्रा, कालिज, वन कुखुरा, आदि पाइन्छन् । यहाँ पाईने जडिवुटीहरुमा अमला, हर्रो, बर्रो, चिराईटो, सतुवा, टिमुर, पाखनवेद, वन लसुन, दालचिनी, लप्सी, ओखर, निरमसी, पाँचऔंले, जटामसी, यार्सागुम्वा आदि रहेका छन् । मुख्य फलफुल : सुन्तला, अम्वा, आरु, केरा, नासपती, आरुवखडा, किवी, ओखर तथा मुख्य वालीहरु : आलु, मकै, धान, कोदो, सिमी, अदुवा, अलैंची, गहुं, हाईव्रिद जातका तरकारी, तोरी, अदुवा आदि रहेका छन् । खनीजका लागी क्रसर द्धारा वालुवा, गिट्टी संकलन, उत्पादन र विक्रि भैरहेको छ । त्यस्तै अहिले प्रचलितमा आएका पर्खालमा लगाउने स्लेट ढुंगा यहाँ प्राप्त रहेका छन् । वडा नं. १ मा तामाखानी, वडा नं. ५ र ६ को दगुर्नेपानी क्षेत्रमा मार्वल उत्खनन हुने गरेको छ ।

### १.५) पेशा तथा राजगारीको अवस्थाः

मुख्य पेसा कृषि तथा पशुपालन, वैदेशिक रोजगार, जागिर, व्यापार आदि रहेको यस क्षेत्रका बासिन्दाहरूले मुख्य रूपमा वैदेशिक रोजगार र पेन्सन बढी पाइएको छ भने दोस्रो मुख्य पेसाको रूपमा तरकारी खेती तथा पशुपालन व्यवसायलाई लिन सकिन्छ । यहाँको प्रमुख खाद्यबाली मकै, धान, कोदो, आलु र गहुँ हो भने अन्य बालीमा भटमास, तोरी, केराउ, सिमी, आदि रहेको छ । यो क्षेत्र दलहन प्रजातिहरू जस्तै सिमी र वोडी आदिको उत्पादनका लागि प्रसिद्ध मानिएको छ । अमिलो, सुन्तला, किवी, आरु, अम्बा, ओखर आदि यस क्षेत्रमा पाइने फलफुलहरू हुन् । यहाँका अधिकांश घरधुरीमा आन्तरिक खपतको लागि मासु, दुध, दही, अण्डा, मलखाद, खेतमा खनजोत आदिका लागि गाई, खसी वोका बाख्रा, भेडा चेंग्रा, भैंसी, सुँगुर, घोडा, गधा, खच्चड, चौरी गाई, बङ्गुर, बँदेल बाख्रा, कुखरा आदि जस्ता पशपालन गरिन्छ भने हाल मौरी, बङगुर, हाँस, बाख्रा तथा कालिज, कुखुरा, माछा पालनले भने केही हदसम्म व्यावसायिकतातर्फ स्थानीयलाई आकर्षित गर्न थालेको देखिन्छ ।

### १.६) मुख्य मुख्य नदीनालाहरु :

गाउँपालिकाका मुख्य नदीनालाहरुमा कालिगण्डकी नदि, मिरस्ती खोला, घलेम्दी, रेले, झारवाङ, भारा खोला मुख्य हुन् । नेपालको प्रमुख नदि मध्ये एक हिमनदि कालिगण्डकी नदि यहाको सवैभन्दा लामो र महत्वपूर्ण नदी हो । यसैगरी ५० भन्दा बढी साना खोलाहरु यस क्षेत्रमा रहेका छन् ।

चित्र नं. २: गाँउपालिकाका नदि तथा खोलाको नक्सा



## १.७) यातायात तथा संचारको अवस्था

गाउँपालिकाको मध्यम क्षेत्र भई पोखरा कोरला राजमार्ग अर्न्तगत यातायातको लागि विच विचमा पक्की सडक जिल्ला सदरमुकाम, कोरला नाका, मुस्तांग जोमजोस कोरला र प्रदेश सदरमुकाम पोखरा र केन्द्रीय राजधानी काठमाण्डौ पुगेको छ। बसपार्कको लागी भुरुङ तातोपानीमा २ रोपनी जग्गा अस्थाई बसपार्कको रुपमा रहेको छ। यहाँका अधिकांश भागहरु कच्ची सडक तथा ग्रावेल बाटोहरुले जोडिएका छन् तर भौगोलीक वनावटका कारण सडक सञ्जालहरु बर्षभरी नै सञ्चालनमा रहन गाह्रो हुने गरेको छ । बर्षाका कारण अधिकांस सडकहरु बर्षायाममा वन्द रहने गर्दछन्। नजिकै रहेको (२० किमी दुरी) जिल्ला सदरमुकाम वेनी बाट भने नियमित सवारी साधनहद्धारा सेवा पुरयाएको छ। यहाँ ११० किमि सडक बाटो विस्तार भएको देखिन्छ जसमा ६५ किमि घोरेटो, ढुंगा छापेको ३० किमि र ग्राभेल सडक १५ किमि रहेको छ भने निर्माणाधिन १०० किमि कच्ची र ग्राभेल बाटो रहेको छ। यहाँ निजी तथा सार्वजनिक गरि कुल २१ वटा सवारी साधन रहेका छन् र वेनीबाट नियमित रुपमा विभिन्न स्थानका लागी २३ वटा जीप सञ्चालनमा रहने गरेका छन्। यस स्थानमा बसावास गर्ने बासिन्दाहरुको हिडडुलमा सहजताका लागी २६ वडा पुल पुलेसाहरु निर्माण भई सञ्चालनमा रहेका छन्। संचारकोलागि नेपाल टेलिकम र एनसेलका मोवाइलहरु ग्रामिण स्तर सम्म पुगेको छ भने प्रसस्त संख्यामा टेलिफोन लाईनहरु उपलव्ध छन्। यहाँ २०६८ सालको जनगणनाको तथ्यांक वमोजिम २०६८ साल बाट नै मोवाईल, रेडियो, टेलिभिजन, केवल र ईन्टरनेटका साधनहरुको थालनी भएको छ। १० वटा माध्यमिक विद्यालयमा त टेलिटिचिङ्गको लागी १० वटा स्मार्ट टिभि रहेका छन्।

## १.८) जनसङ्ख्याको विवरण

नेपाल सरकारले २०७९ सालमा गरेको राष्ट्रिय जनगणनाको प्रारम्भिक गणना अनुसार यस गाउँपालिकामा ३,३४० घरधुरीमा जम्मा ३६१८ परिवारका १२,३५१ जना बसोवास गर्ने गरेका छन्। जस्मा महिलाको संख्या ६,२७३ र पुरुषको संख्या ६,०७८ रहेको छ।

तालिका नं. १ नेपालको जनसंख्याको छोटकरी विवरण

| किसिम | जनगणना घर संख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | लैंगिक अनुपात | परिवारको औसत आकार | जन घनत्व | वार्षिक जनसंख्या वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ५६४३९४५ | ६७६१०५९ | २९१९२४८० | १४२९१३११ | १४९०११६९ | ९५.९१ | ४.३२ | १९८ | ०.९३ |
| गण्डकी प्रदेश | ५७९९४२ | ६७८१७६ | २४७९७४५ | ११८०४६० | १२९९२८५ | ९०.८५ | ३.६६ | ११६ | ०.३ |
| कास्की जिल्ला | २५३७४ | २९२४२ | १०७३७२ | ५२५५४ | ५४८१८ | ९५.८७ | ३.६७ | -०.५४ | ४७ |

गाउँपालिकामा गरिएको फिल्ड सर्भे २०७९ वमोजिम जम्मा ३२९९ घर र जनसंख्यामा दलितको जनसंख्या १,१७१, जनजातीको जनसंख्या ८,७१६ रहेको छ। यसैगरी उक्त सर्भे अनुसार यहाँ रहेका अपांग व्यक्तिहरुको संख्या ३२९ रहेको छ। त्यस्तै गर्भवती तथा सुत्केरी महिलाको संख्या १५४ जना रहेका र दिर्घरोगीहरु २४६ जना रहेका छन्। यस गाउँपालिका २०७४ सालमा नै पूर्ण साक्षर घोषणा भईसकेको छ।

### १.८.१ उमेरअनुसारको जनसङ्ख्या

गाउँपालिकामा गरिएको फिल्ड सर्भे २०७९ वमोजिम यहाँ रहेका जम्मा १५,०१५ जनामा १६ वर्ष मुनिका वालवालिकाहरुको संख्या २,७५६ रहेको छ त्यसैगरी ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको संख्या २,१८२ रहेको छ।

तालिका नं. २ उमेर अनुसारको जनसङ्ख्या

| वडा | जम्मा घरधुरी नं. | दलित | जनजाती | अन्य | जनसंख्या | पुरुष | महिला | १६ वर्ष मुनिका वालवालिका | ६० वर्ष माथिका जेष्ठ नागरिक | दीर्घरोगीहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७४ | ५३ | १२३४ | ० | १२८७ | ६१७ | ६७० | २०९ | २२६ | १० |
| २ | २०६ | ११७ | ७८७ | ६५ | ९६९ | ४९३ | ४७६ | १७० | १९२ | ८ |
| ३ | ४७० | ४६८ | १५६१ | २८३ | २१६१ | १११४ | १०४७ | ५१९ | २३० | ५२ |
| ४ | ४२९ | ४२ | ३६५ | २२ | १८२५ | ८७२ | ९५३ | ४२६ | २३५ | ७१ |
| ५ | ४७९ | ११६ | १२६३ | ९ | २०२१ | ९४५ | १०६७ | २७१ | २७२ | ४५ |
| ६ | ६२७ | २०७ | २०७ | २४३ | ३२८० | १५८५ | १६९५ | ६९७ | ५२२ | १९ |
| ७ | ४०१ | ७७ | १७६३ | ५ | १८४५ | ९४६ | ८९९ | २७७ | २३२ | १६ |
| ८ | ४१३ | ९१ | १५३६ | ० | १६२७ | ८०४ | ८२३ | १८७ | २७३ | २५ |
| **जम्मा** | ३२९९ | ११७१ | ८७१६ | ६२७ | १५०१५ | ७३७६ | ७६३० | २७५६ | २१८२ | २४६ |

स्वास्थ्य शाखा, अन्नपूर्ण गाउँपालिकाबाट प्राप्त तथ्यांक वमोजिम यहाँ १४७ जना गर्भवती र ११५ जना सुत्केरी महिलाहरु वसोवास गर्दछन् । २०७९ सालमा पहिलो किस्ताको रुपमा गाउँपालिकाबाट प्राप्त भत्ता वमोजिम यस गाउँपालिकामा निम्न समुहहरु रहेका छन् ।

तालिका नं. ३, जनसंख्याको वर्गिकरण भत्ताको आधारमा

| समुह | जेष्ठ नागरिक ६८ बर्ष माथी | जेष्ठ नागरिक दलित ६० बर्षमाथी | जेष्ठ नागरिक एकल महिला | विधवा | पूर्ण अपाङ्गता | अति अशक्त अपाङ्गता | दलित बालवालिका ५ बर्ष मुनी |
|---|---|---|---|---|---|---|---|
| जम्मा | १६७१ | ९३ | १८८ | १९५ | २९ | २०५ | १३८ |

**१.८.२) अपाङ्गताको विवरण**

अन्नपूर्ण गाउँपालिकाको कुल जनसंख्या १५,०१५ मध्ये विविध कारणबाट प्रभावीत भई फरक फरक प्रकारको भिन्नक्षमता वा अपांगता हुन पुगेका व्यक्तिहरु जम्मा ३२९ जना रहेका छन् ।

## १.९ स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनाको परिचय

सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा नै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना हो ।

### १.९.१ योजनाको उद्देश्य

नेपाल विपद्का घटनाहरु जस्तै बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद व्यस्थापनलाई मूलप्रबाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो

विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । जलवायु परिवर्तनको प्रभाव तथा सम्भावनाका साथै विपद्का घटनाहरुका कारण भैरहेको तथा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्दै उत्थालशील समुदाय निर्माणको लागि गाउँपालिकालाई सहयोगी नीति, संरचना तथा योजनाहरु तयार गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मुख्य उद्देश्य हो ।

### १.९.२ योजनाको आवश्यकता तथा महत्व

स्थानीय अनुकूलन कार्य योजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाहरुको मुख्य उद्देश्य नेपालले भोगिरहनुपर्ने र दोहोरिरहने पहिरो, बाढी, आगलागी, महामारी, जंगलीजनावर आतंकजस्ता विनाशकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ । साथै समुदायको क्षमता अभिवृद्धि गर्नु, वर्तमान तथा भावी जोखिम तथा प्रभावलाई न्यूनीकरण गर्नु रहेको छ । यस योजनाहरु दुवैलाई नेपाल सरकारले अनुमोदन गरिसकेको छ । यस्तो कार्ययोजना बनाउँदा प्रभावित सबै वर्ग समुदाय एंव क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुनेगरी स्थानीय स्रोत साधन तथा क्षमताको अधिकतम परिचालनमा ध्यान दिनुपर्दछ । साथै सहभागितामुलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार हुनुपर्दछ ।

स्थानीय अनुकूलन र विपद् जोखिम व्यवस्थापन योजना दुवै छुट्टा छट्टै भए तापनि यसको उद्धेश्य, आशय योजना तर्जुमा प्रक्रिया र विधिमा खासै भिन्नता देखिँदैन । दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न यस योजनाहरुलाई विकासका योजनासँग मूलप्रवाहीकरण गर्नु पर्दछ । स्थानीय अनुकूलन योजनामा जलवायु उत्पन्न प्रकोप एउटा क्षेत्र भए तापनि अन्य विपद् जस्तै विनाशकारी भू-कम्प र अन्य विपद् जोखिमलाई सम्वोधन नगर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजना समायोजन गर्नुपर्ने अत्यावश्यक देखिन्छ । यस योजना तयार गर्दा जलवायु उत्पन्न प्रकोपका साथै अन्य विपद् जोखिमलाई पनि मध्यनजर गरी तयार पारिएको छ । यी दुवै योजना समायोजन गरेको खण्डमा काम नदोहोरिनुका साथै खर्चको मितव्ययी हुने देखिएकाले जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनका योजनाहरु समायोजन गरि यो विपद् तथा जलवायू उत्थानशील योजना निर्माण गरिएको छ ।

त्यसैगरी वातावरण, जनसंख्या, गरिवी र बिकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरण संरक्षण र दिगो बिकास गर्न स्थानीयस्तरदेखि नै जिम्मेवारी बोधका साथ जागरुकता ल्याउन नेपाल सरकारले वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसले वातावरण, जलवायु परिवर्तन तथा बिपद व्यवस्थापनका लागि एकीकृत योजना तर्जुमा प्रकृया अबलम्बन गर्ने अपेक्षा गरेको छ । नेपाल सरकारले राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, जलवायु परिवर्तन नीति २०६७ ल्याइसकेको छ । त्यस्तै जलवायु परिवर्तन समानुकूलनलाई स्थानीय तथा राष्ट्रिय विकास योजना प्रक्रियामा समायोजन गर्ने लक्ष्य अनुरुप वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६८ ल्याएको छ । यसरी नै स्थानीय समुदाय, विशेष गरी जलवायु संकटासन्न वर्गलाई अनुकूलित हुन सहयोग गर्ने कुरा सुनिश्चित गर्ने लक्ष्य राष्ट्रिय अनुकूलन कार्यक्रम र जलवायु परिवर्तन नीतिमा राखिएको छ । त्यसैगरी विगतमा नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिई विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ का साथै स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ बमोजिम योजना निर्माण, मूलप्रवाहीकरण तथा कार्यान्वयनमा जोड दिएको थियो ।

पछिल्लो समय, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट सर्वसाधारणको जिउज्यान र सार्बजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न जोड दिएको छ । त्यसैले जलवायु परिवर्तन र बिपद सम्बन्धी योजनाका साथै वातावरणमैत्री स्थानीय शासनलाई समेत एकिकृत रुपमा समेटी योजना तर्जुमा तथा कार्यान्वयन गरेको खण्डमा काम नदोहोरिनुका साथै उपलब्ध सिमित स्रोत साधनको

मितव्ययी उपयोग हुने देखिएकोले सोही अनुसार प्रयास गरिएको छ । दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न यस योजनाहरुलाई नियमित विकासका योजनासँग मूलप्रवाहीकरण गर्नुपर्दछ । अन्नपूर्ण गाउँपालिकामा बहु प्रकोप विशेष गरी भूकम्प, पहिरो, आगलागी, बाढी, जनावरबाट अन्नवाली क्षति, महामारी, हावाहुरी, हिमपात असिना, चट्याङ्ग आदि प्रकोपबाट बर्षेनी ठुलो धनजनको क्षति गरेको विभिन्न तथ्य तथा तथ्यांकले पुष्टी गर्दछ । सोही सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना अनुसारका विधि तथा प्रक्रियाहरु अबलम्वन गरी बहुसरोकारवाला निकाय (गापा वडा अध्यक्ष तथा सदस्यहरु, वडा सचिव, शिक्षक, समाजसेवी, प्राकृतिक स्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुष लगायत अन्य बुद्धिजीविहरु) को सहभागितामा मिति २०७९ साल बैशाख देखि २०७९ साल भाद्र महिना सम्ममा संञ्चालित VCA तथा जलवायु परिवर्तन अभिमुखीकरण एवं स्थानीय अुनकूलन कार्ययोजना (LAPA) र विपद् व्यवस्थापन योजना तर्जुमा गोष्ठीबाट यस गाउँपालिकाका सबै वडाहरुमा विपद् तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरि सकिएको छ । त्यसै सिलसिलामा स्थानीय अुनकूलन कार्ययोजना तर्जुमा प्रकृयाकामा सहजीकरण गर्न, कार्यक्रम तथा बिनियोजित बजेट एकीकृत तथा समन्वयात्मक ढंगबाट लक्षित संकटासन्न समुदायसम्म पुऱ्याउन तथा स्थानीय निकायलाई सहयोग गर्न अन्नपूर्ण गाउँपालिकाको नेतृत्व एवं गारखा वेल्फेयरको प्राविधिक सहयोगमा सम्बन्धित सबै सरोकारवालाहरुको समावेशी साझा मञ्चको रुपमा विपद् तथा जलवायु उत्थानशील समितिहरु सम्वन्धित स्थानमा गठन भई क्रियाशील रहेका छन् भने यो एकिकृत योजना निर्माण गर्ने चरणमा नेपाल सरकारबाट तयार पारेको प्रारुप वमोजिम उक्त समितिहरुको वडा स्तर र गाउँपालिका तहमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ ले तय गरेको मार्गनिर्देश वमोजिम पुर्नगठित गरिएको हो ।

अन्नपूर्ण गाउँपालिकाका वासिन्दाले पनि जलवायु परिवर्तन र जलवायु जन्य प्रकोप बढ्दै गइरहेको महशुस एवं अनुभव गर्न थालेका छन् । यहाँका अधिकांश घरधुरीहरु कृषि तथा पशुपालनमा निर्भर रहेका छन् तर बाढी/नदी कटान, पहिरो, निलोगन्धेले बाली सखाप, पानीको स्रोत सुक्ने, वनमारा जस्ता मिचाहा प्रजाति, हावाहुरी, असिना, रोगकिरा (कृषि र पशु), वन डढेलो, बाँदरले बाली सखाप पार्ने जस्ता प्रकोपहरुले यहाँको कृषि उत्पादन तथा पशुपालनमा असर पारी यहाँको दैनिक जीवन यापनको पद्धतिमा नकारात्मक असर पार्दै गरेको सन्दर्भ बढ्दै गएको छ । जलवायु जन्य प्रकोपबाट परेको तथा पर्न सक्ने प्रतिकूल प्रभावबाट यहाँका बासीन्दालाई सुरक्षित राख्न स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्ने स्थानीय अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ ।

२०७२ साल वैशाखमा गएको भूकम्पले गाउँपालिकामा गरेको क्षति र त्यसपश्चात पहिरोले गरेको क्षति र जोखिममले जिल्ला वहु प्रकोप जोखिम जिल्लाको रुपमा रहेको पुष्टी गर्दछ । जिल्ला दैवी प्रकोप उध्दार समितिको नेतृत्वमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनानिर्देशिका अनुसार २०६८ असोज देखि तयार भै संचालन हुदै आएको छ र प्रत्येक वर्ष परिमार्जन हुदै आएको छ । विगतमा गरिएका प्रयासहरु केवल विपद् भएको अवस्थामा प्रतिकार्य गर्ने सवाल संग मात्र सम्वन्धित रहेको छ तर विपद् जोखिम न्यूनिकरणका कार्य गरी विपद्को अवस्था आउन नदिन के गर्ने र विपद् पश्चात के कस्ता कार्य गर्ने भन्ने सवालमा योजना बनाइएको थिएन । यस योजनाले विशेष गरी जलवायु जन्य प्रकोप तथा अन्य खाले विपद् जोखिम न्यूनिकरण गरी विपद्को अवस्था आउन नदिन के कस्ता कार्य गर्ने भन्ने विषयमा जोड दिएको छ । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै राम्रो भन्ने विचारको आधारमा विपद् भैसकेपछि प्रतिकार्य गर्नुभन्दा विपद्को अवस्था नै आउन नदिनु राम्रो हो भन्ने कुरालाई यस योजनाले बढी महत्व दिने गरेको छ । विपद् व्यवस्थापन चक्रका तीनै चरणहरुलाई समेटने गरी यस योजनाले कार्य गर्दछ । यसरी विपद् पूर्वका रोकथाम, अल्पीकरण र जलवायु परिवर्तन अनुकूलनका कार्यबाट गाउँपालिकामा रहेको सम्मुखता तथा संकटासन्न अवस्थामा कम गरी धनजनको क्षति कम गर्ने उध्देश्य भएकोले यस योजनाले बढी महत्व राख्दछ । त्यसैले भनिन्छ विपद् पूर्व हामीले विपद् जोखिम न्यूनिकरणमा रु १०० रुपैया लगानी गर्दछौं भने विपद् पश्चात गरिने प्रतिकार्य र पुर्नलाभमा लाग्ने खर्चको ७०० रुपैया जोगाउन सकिन्छ । साथै जलवायु परिवर्तनको असर बढी गरिव देशका गरिव समुदायमा बढी प्रभावित गर्ने र उक्त समुदायहरुको

भूमिका जलवायु परिवर्तन न्युनिकरणीय कार्यमा भन्दा ज्यादा अनुकुलीत हुनुमा रहेकाले पनि यो एकिकृत जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन योजनाको यस अन्नपूर्ण गाउँपालिकामा महत्व रहेको छ ।

### १.९.३ योजनाका सीमितता :

योजना तर्जुमा गर्ने क्रममा केही सिमाहरु रहेका छन् जसलाई यस योजना प्रक्रियामा सिमाको रुपमा राखिएको छ । गाउँपालिका स्तरको योजना निर्माण प्रक्रिया भएको कारणले सुचना संकलन गर्दा समुदाय तथा बस्ती स्तरमा गएर सुचना संकलन गरिएको छैन साथै उक्त सूचनाहरु वडा तथा समुदाय स्तरको स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तयार गर्दा लिइने भएकोले वडा स्तरमा बसेर सवै टोलका प्रतिनीधीहरु जस्मा टोलका महिला र पुरुष, जेष्ठ नागरिक गरि २५ जनामा वडा अध्यक्ष, वडा सचिव र सामाजिक व्यक्तित्वहरुको छलफलको आधारमा सुचना संकलन गरिएको छ । समग्र रूपमा आएको जोखिमको अवस्थालाई लिएर मात्र यो योजना तयार गरिएको छ । प्राविधिक हिसावले बाढी, पहिरो तथा भूकम्पको विश्लेषण गर्न सकिएको छैन । यस योजनामा अनुमानित वजेट मात्र राखिएको छ । विस्तृत रुपमा विश्लेषण गरी वजेट तयार गरिएको छैन । यो एक नीतिगत दस्तावेज भएको र सरकारी तथा स्थानिय निकायले वार्षिक योजनामा समावेश गर्दा विस्तृत रुपमा बजेट बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### १.९.४ योजना तर्जुमा प्रक्रिया :

यस योजना निर्माण गर्दा संघिय मामीला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ र त्यस्तै गरि वातावरण मन्त्रालयले तयार गरेकको स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६८ मा उल्लेख गरिएका चरणहरुलाई अनुसरण गरिएको छ । यो योजना आवधिक योजनाको एक अभिन्न अंगको रुपमा रहने छ र जलवायु परिवर्तन र विपद्को सवालमा एक नीतिगत दस्तावेजको रुपमा यस योजनालाई लिइनेछ । योजना तर्जुमाको क्रममा लामो समय अवधी, गाउँपालिका स्तरका सरोकारवालाहरुको वृहत छलफल, बैठक, गोष्ठीबाट यस योजनालाई तयार गरिएको छ । यस योजना तयार गर्ने क्रममा गाउँपालिकास्थित सरोकारवाला निकायहरुको क्षमता अभिवृध्दि हुने, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन तथा न्यूनिकरण अवधारणाको बुझाईमा अभिवृध्दि हुने र यस योजनालाई अपनत्वको रूपमा लिने गरेको पनि पाइएको छ । यस योजना तयार गर्दा अपनाइएको चरणहरु निम्न अनुसार छन् :। गाउँपालिकाको नेतृत्वमा यस योजना तयार गर्दा जिडब्लुटि को विशेष सहयोग रहेको छ । यस योजना तयारी गर्ने सिलसिलामा गोष्ठी सहजिकरण लगायत स्थलगत तथ्यांक संकलन, गोष्ठी, दस्तावेजहरुको प्रारम्भिक लेखन आदि कार्यका लागी प्राविधिक मार्गदर्शन जिडब्लुटि मार्फत प्राप्त भएको थियो भने एक परामर्शदाता र २ जना फिल्ड सहयोगी समेत संलग्न गरिएको थियो । सहभागितामूलक बिधिबाट सम्पन्न योजना तर्जुमाका सिलसिलामा गरिएका विभिन्न क्रियाकलापहरु निम्न अनुसार रहेका छन् ।

१. गाउँपालिका तहमा प्रारम्भिक भेला (२०७९ साल मंसिर ११ गते), जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन वारे छलफल
२. विपद तथा जलवायू परिवर्तनसंग सम्वन्धित दस्तावेजहरुको अध्ययन
३. योजना निर्माण गर्दा वडाहरुसँग स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तर्जुमा निर्देशिका माथि छलफल,
४. स्थानीय विपद् तथा जलवायू उत्थानशील समिति गठन तथा योजना निर्माण सम्वन्धी समिति गठन, साथै चुस्त रुपले उत्थानशील समिति सञ्चालन गर्न २७ सदस्यीय समितिबाट आपत्कालिन निर्णायक तथा कार्य समिति तयार गरिएको (सबै समितिहरुको विवरण र उपस्थिति सुची अनुसुची नं. १ मा समावेश गरिएको),
५. वडा तथा टोल स्तरमा गएर सूचना संकलन (वडा नं. १: मंसिर २१ गते, वडा नं. २: मंसिर २२ गते, वडा नं. ३: मंसिर २७ गते, वडा नं. ४: मंसिर २० गते, वडा नं. ५: मंसिर २३ गते, वडा नं. ६: मंसिर २३ गते, वडा नं. ७: मंसिर २६ र पौष ३ गते, वडा नं. ८: मंसिर २८ गते) सहभागीहरुको नामावली अनुसुची नं. २ मा समावेश गरिएको छ ।

- विगतका वर्षहरुमा भएको विपद्को आधारमा विश्लेषण,
- वडा स्तरमा विपद् तथा जलवायु उत्थानशील समितिको गठन भएको
- वडाको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाबारे विश्लेषण,
- विभिन्न स्थानीय स्तरमा कार्यरत संघ-सस्थाको विश्लेषण गरी स्थानीय अनुकुलन तथा विपद् व्यवस्थापनका लागि योजना तर्जुमा ।
- विपदको ऐतिहासिक विश्लेषण गरीएको ।
- जलवायु परिवर्तन तथा विपद् संकटासन्नता तथा अनुकूलन मुल्याङकन एवं लेखाजोखा गरिएको,
- विभिन्न संघ-संस्थागत क्षमता विश्लेषण गरी कार्य जिम्मेवारी बाँडफाँड गरीएको ।

६. सूचनाको आधारमा गाउँपालिकाको विपद् जोखिम पार्श्वचित्र तयारी

७. संकटासन्न समुह जस्तै अपांग, जेष्ठ नागरिक, महिला, वालवालिका, दलित र जनजातीसंग विपद जोखिम पहिचान र जोखिम न्यूनिकरण वारे परामर्श र सुझाव संकलन

८. जोखिम पार्श्वचित्रको आधारमा गाउँपालिका स्थित सरोकारवालाहरुको सहभागितामा २ दिने उत्थानशीलका आधार पहिचान, वर्गीकरण र योजना तर्जुमा गोष्ठी (२०७९, मंसिर २५ देखि २७ गते, गाउँपालिका स्तरिय छलफल तथा योजना छनौट, पहिचान)

९. योजना तर्जुमा गोष्ठीको आधारमा विशेषज्ञद्धारा योजनाको मस्यौदा लेखन कार्य

१०. मस्यौदा योजनामाथि गाउँपालिका स्थित सरोकारवाला तथा योजना तर्जुमा समितिद्धारा अध्ययन र पृष्ठपोषण

११. योजनाको सुझावलाई समेटी विपद् तथा जलवायू उत्थानशील योजना तयारी

१२. पृष्ठपोषणलाई समेटी मस्यौदा योजनाको गाउँपालिका स्थित सरोकारवाला निकायसंग छलफल र सुझाव संकलन

१३. तयारी स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनालाई गाउँपालिका परिषद्मा प्रस्तुती र अनुमोदन

योजना तयारीका चरणमा भए गरेका कार्यहरुको केहि फोटाहरु अनुसुची नं. ६ मा समावेश गरिएको छ ।

**चित्र नं. ३, योजना प्रक्रिया**

प्रारम्भिक भेला (जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन वारे छलफल)
गाँउपालिका स्तरीय
वडा स्तरीय

दस्तावेजहरुको अध्ययन स्थानीय स्तर, सरकारी नीति, मार्ग निर्देशनजलवायु परिवर्तन तथा विपद् सम्वन्धि अनुसन्धान

जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धी गोष्ठी सञ्चालन
सचेतना अभिवृद्धि
जोखिम पाश्वचित्र तयार पार्न आवश्यक जानाकारी संकलन

स्थलगत अध्ययन, समुहगत छलफल
योजना निर्माणमा आवश्यक तथ्यांक तथा जानाकारी संकलन
फरक प्रभाव अध्ययन
संकटासन्न समुहको पहिचान

जोखिम पार्श्वचित्र तयार
प्राप्त तथ्यांक तथा जानाकारीहरुको विश्लेषण
राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा मार्गनिर्देशन समावेश

योजना तर्जुमा गोष्ठि
जोखिमका आधारमा सरोकारवाला निकाय वीच योजनाका कार्यक्रम पहिचान
बहुआधार विश्लेषण विधि प्रयोग गरि क्रियाकलापहरुको प्राथमीकरण
अनुमानीत वजेत प्रस्ताव तथा विनियोजन

**ड्राफ्ट योजना लेखनकार्य**
**सरोकारवाला निकाय द्वारा योजनाको पृष्ठपोषण**
**मस्यौदा योजना तयार**

परिषदमा मस्यौदा योजना प्रस्तुत तथा अनुमोदन

**योजनाको स्थालनी (वजेट विनियोजन, कार्यान्वयन, अनुगमन, अद्यावधिक)**

## खण्ड २. अन्नपूर्ण गाउँपालिकाको जलवायु परिवर्तन तथा विपद् जोखिम विश्लेषण

जलवायु परिवर्तन तथा विपद् जोखिम विश्लेषण गर्नका खातीर वडा स्तरमा गएर सूचना संकलनकार्य गरिएको जसमा निम्न औंजारहरुको प्रयोग गरिएको थियो र सोही अनुरुप आएका तथ्यांकहरु नेपाल सरकार र विभिन्न विश्वशनिय अनुसन्धानबाट प्राप्त विधिहरु द्वारा उक्त प्राप्त तथ्यांकहरुको विश्लेषण गरिएको छ ।

- वडाहरुमा निर्माण गरिएको स्थानीय विपद् व्यस्थापन योजनाको विश्लेषण गरिएको ।
- प्रकोपहरुको जानाकारी तथा विश्लेषण भएको ।
- विगतका वर्षहरुमा भएको विपद्को आधारमा विश्लेषण,
- विभिन्न वडाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाबारे विश्लेषण,
- विभिन्न स्थानीय स्तरमा कार्यरत संघ-सस्थाको अनुकुलन तथा विपद् व्यवस्थापनका लागी प्राप्त हुने क्षमताको विश्लेषण,
- विपदको ऐतिहासिक विश्लेषण गरीएको ।
- जलवायु परिवर्तन संकटासन्नता तथा अनुकूलन मुल्याङकन एबं लेखाजोखा गरिएको,

### २.१ गाउँपालिकाको प्रकोप स्तरिकरण

अन्नपूर्ण गाउँपालिकामा प्रकोपको स्तरीकरण गर्नको लागि सरोकारवालाहरुको बीचमा विपद्बाट हुने गरेका क्षति र सम्भावित जोखिमको आधार मानी निम्न बमोजिम प्रकोपहरुको स्तरीकरण गरिएको छ । वडाहरुमा गरिएको VCA तथा निर्माण गरिएका स्थानीय विपद व्यवस्थापन योजनाहरुमा समावेश गरिएका प्रकोपको विश्लेषण पश्चात त्यस वडाको कुन प्रकोप पहिलो छ, कुन दोश्रो र कुन तेश्रोमा छ भनी जोडा स्तरीकरण बिधिबाट क्रमशः स्तरीकरण गरिएको थियो । स्तरिकरण गर्दा त्यस वडामा कुन प्रकोपले बढी धनजनको क्षति गरेको छ त्यसलाई आधार मानेर छलफल गरिएको थियो । त्यस विश्लेषण अनुसार पहिलो, दोश्रो र तेश्रो नम्वरमा पर्ने प्रकोपलाई विशेष महत्व दिएर सूचना विश्लेषण गर्दा वडाहरु बहु प्रकोपबाट प्रभावित भएको देखिन्छ । अन्नपूर्ण गाउँपालिकामा प्रकोपको स्तरिकरण गर्नको लागी वडाहरुमा निर्माण गरिएका स्थानीय विपद् व्यवस्थापन योजनाहरुको विश्लेषण पश्चात र सरोकारवालाहरुको जानाकारी वमोजिम पहिरो, बाढी, जनावरको आतंक (वांदर, रतुवा, दुम्सी, भालु), आगलागी, असिना, हावाहुरी, चट्याङ्ग, महामारी, ढुंगा खस्ने जस्ता प्रकोपहरु मुख्य रहेका छन् भने उक्त प्रकोपहरु क्रमश यहाँ बढी समस्या दिने गरेका छन् ।

यस्तै जिल्ला आपत्कालिन मनसुन कार्ययोजना, २०७८ म्याग्दीले देखाएको छ जसमा समग्र जिल्लालाई बाढी, पहिरो र नदि थुनीने प्रकोपको जोखिममगा राखेको पाईन्छ । भुकम्पलाई नेपालकै पहिलो प्रकोप भएकोले यहाँको लागी पनी प्रमुख प्रकोपमा नै राखिएको छ । रोगव्याधी, किरा फट्यांग्रा, मिचाहा प्रजातीको विस्तार पनी यस गाउँपालिकामा हुने गरेका प्रकोपहरु रहेका छन् । प्रकोप स्तरिकरण गर्दा पहिरोलाई ४ वडाले पहिलो प्राथमिकतामाका साथै प्रभाव विश्लेषण गर्दा प्रभावित गर्ने पहिलो रहेको छ, त्यस्तै ३ वडाले दोश्रो प्राथमिकतामा राखेका छन् र १ वडाले पहिरोलाई दोश्रो प्राथमिकतामा र १ वडाले तेश्रो प्राथमीकतामा राखेका छन् भने २ वडाले बाढीलाई पहिलो, ३ वडाले दोश्रो र १ वडाले तेश्रो प्राथमिकतामा राखेका छन् । साथै २ वडाले जंगली जनावरको आक्रमण पहिलो र २ वडाले तेश्रो प्राथमीकतामा राखेका छन् । साथै आगलागीलाई १ वडाले दोश्रो र २ वडाले तेश्रोमा राखेका छन् । चट्यांग १ वडामा दोश्रोमा र  असिना तथा हिमपातको प्राथमीकतामा २ वडाले तेश्रोमा राखेका छन् ।

यसै गरि जोडि तुलना विधि प्रयोग गरि स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना निर्माणका चरणमा समावेश सहभागीहरुबाट प्राप्त तथ्यांक वमोजिम निम्न जानाकारी तथा तालिका पाईन्छ ।

| प्रकोप | पहिरो | बाढी | आगलागी | हुरीबतास | महामारी | जनावर आतंक | चट्याङ्ग | दुर्घटना | असिना |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | बाढी | बाढी | बाढी | जनावर आतंक | बाढी | बाढी | बाढी |
| आगलागी | | | | आगलागी | आगलागी | जनावर आतंक | आगलागी | आगलागी | आगलागी |
| हुरीबतास | | | | | हुरीबतास | जनावर आतंक | चट्याङ्ग | दुर्घटना | असिना |
| महामारी | | | | | | जनावर आतंक | चट्याङ्ग | दुर्घटना | असिना |
| जनावर आतंक | | | | | | | जनावर आतंक | जनावर आतंक | जनावर आतंक |
| चट्याङ्ग | | | | | | | | चट्याङ्ग | चट्याङ्ग |
| दुर्घटना | | | | | | | | | असिना |
| असिना | | | | | | | | | |
| जम्मा अङ्क | ९ | ७ | ६ | २ | १ | ८ | ५ | ३ | ४ |
| स्तर | पहिलो | तेश्रो | चौथो | आठौं | नवौं | दोश्रो | पाँचौ | सातौं | छैंठौ |

तालिका नं. ४, प्रकोपको स्तरीकरण

माथीको तालिका र योजना तर्जुमा छनोट चरणका सहभागीहरु विच गरिएको छलफल वमोजिम यस अन्नपूर्ण गाउँपालिकामा पहिरो पहिलो प्रकोप, दोश्रोमा जंगलि जनावर आतंक, तेश्रोमा बाढी, आगलागी चौथो, चट्याङ्ग पाँचौ, छैंठौमा असिना, दुर्घटना सातौं, हुरीवतास आठौं र महामारी नवौंमा रहेको पाईएको छ ।

## २.२ प्रकोप पात्रो :

वडा तथा गाउँपालिकाबाट संकलन गरिएको सुचना र वडाहरुमा निर्माण गरिएको विपद् व्यवस्थापन योजनाको अध्ययनको आधारमा प्रकोप, गर्मी जाडो हुने समय, बर्षाको समयको मौसमी पात्रो तयार गरिएको छ । विभिन्न प्रकोपले कुन कुन महिनामा मानिसहरु बढी संकटासन्न हुन्छन भन्ने तलको तालिकाले देखाउंदछ । तलको तालिका वमोजिम मौसमी पात्रोको विश्लेषण गर्दा पहिले भन्नाले २०४० साल अघिको समय (करिव ३० वर्ष अघिको) र अहिले भन्नाले ४० साल पछि परिमार्जन गर्ने मिती सम्मको समयलाई जनाँउदछ ।

### (क) प्रकोप, गर्मी जाडो हुने समय, बर्षाको समयको मौसमी पात्रो

| प्रकोप र महिना | ३० वर्ष पहिले र अहिले | बैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| वाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जंगली जनावर आतंक | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ्ग | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बर्षा | पहिले | | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | ✓ | ✓ | | |
| | अहिले | | | ✓ | ✓ | ✓ | | ✓ | | | | | |
| हिउँद तथा जाडो | पहिले | | | | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| | अहिले | | | | | | | | ✓ | ✓ | ✓ | ✓ | |
| गर्मी | पहिले | ✓ | ✓ | | | | | | | | | | ✓ |
| | अहिले | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | ✓ |

तालिका नं ५, प्रकोप तथा मौषमी पात्रो

माथीको तालिका नं. ५, अनुसार छलफलका क्रममा कार्ययोजना निर्माणको वेलाको आँकडामा खासै परिवर्तन अनुभव नगरिएको देखिए पनि गर्मिको समय पहिला भन्दा बृद्धि भइरहेको र एक्कासी गर्मि वढ्ने र वर्षामा पनि अनियमिता भएको छलफलवाट निश्कर्ष निस्केको थियो । वर्षा हुने समय पनि पहिलाको तुलनामा कम र शुरुको वर्षा अलि पछि धकेलिएको र हिँउदमा वर्षा हुने क्रम रोकिएको देखाएको छ । मुख्य जलवायु उत्पन्न प्रकोपहरूको विश्लेषण गर्दा खडेरी, पहिरो र असिना पर्ने समयमा परिवर्तन देखिएको छ । वाढीको तिव्रता पनि पहिले भन्दा अहिले वढि देखिएको छ । साथै, अन्य प्रकोपहरू पनि पहिलेभन्दा बढी र बारम्बारता पनि बढेको देखिन्छ । हावाहुरी पनि पहिलेको तुलनामा धेरै वढि समय हुने गरेको छ भने चट्याङ्ग जुनसुकै बेलामा पर्ने र यसको दर अहिले वृद्धि हुँदै गएको पाईन्छ । जाडो हुने समयावधिमा एकरुपता रहेता पनी जाडोपनको मात्रा घटेको महशुस गरिएको छ ।

त्यसै गरि हिमपात तथा असिना हुने समयमा पनी वृद्धि भएको पाईन्छ र आगलागीको प्रकोप समयावधि पनी बढेको देखिन्छ । जंगलि जनावर विशेषत बाँदर, रतुवा, मृग, दुम्सीका कारण खेतीपातीमा हुने नोक्सानको महिनामा वृद्धि आएको छ र भिरालो जमिन वनावट, नयाँ सडक बाटो र आवत जावत बढी भएका कारण ढुंगा खसि चोट लाग्ने, सवारी साधन दुर्घटना वा भिरबाट लड्ने समय बढेको देखिन्छ ।

### (ख) बाली पात्रो

बाली पात्रो विधि यस क्षेत्रको बालीमा जलवायु परिवर्तनको असरको स्तर विश्लेषण गर्न प्रयोग गरिएको छ । यस विधिमा पहिले र अहिलेको बाली लगाउने तथा काट्ने समयमा आएको परिवर्तनबारे विश्लेषण गरिएको छ ।

| बाली र महिना | ३० वर्ष पहिले र अहिले | बैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मकै लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै भित्र्याउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कोदो रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कोदो भित्र्याउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सिमी लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सिमी भित्राउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु भित्राउने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

तालिका नं ६, वाली पात्रो

छलफल तथा अन्तर्क्रियाबाट स्पष्ट रूपमा बालीमा जलवायु परिवर्तनको असर देखिन थालेको निष्कर्षमा पुग्न सकिन्छ । उदाहरणको लागि मकै लगाउने समय पारम्परिक रूपमै चलिआए पनि हाल यसको पाक्ने समय तथा लगाउने समयमा निरन्तरता रहेको पाइँदैन । पहिलाभन्दा १ महिना अगाडी नै लगाउने र पाक्नको लागी पनी १ महिना पहिले पाक्ने गरेको छ, गर्मीयाम छिटो नै शुरु हुने हुँदा छिटो वाली लगाई छिटो नै पाक्न थालेको स्थानीय समुदाय बताउँछन् । मकैको जस्तै कोदो खेतीमा पनी रहेको छ । आलु खेतीको समय तालिकामा फेरवदल नभएको देख्न सकिन्छ । सिमी खेती जस्ता आर्थीक आर्जन हुने खेतीमा वृद्धि हुँदै आएको छ भने कृषकहरु पनी सो खेती तर्फ आर्कषित भएका पाईन्छ तर लामो खडेरी, जंगली जनावर र तुषारोको समस्याले उनीहरुलाई दुःख दिने गरेको देखिन्छ ।

### २.३ विपदको ऐतिहासिक समय रेखा :

योजना निर्माण चरणमा समुदायलाई त्यस वडा अर्थात गाउँपालिकामा विगत ५० वर्ष देखि कुन कुन विपदका घटनाहरु घटे र त्यसले कहां कति क्षति गर्‍यो भनी सोधिएको र मुख्य मुख्य विपदका घटनाहरु यस प्रकार रहेको छ ।

तालिका नं ७, ऐतिहासिक समयरेखाः

| विपद् | साल र महिना | स्थान | क्षतिको विवरण | मानवीय क्षति |
|---|---|---|---|---|
| सडक दुर्घटना | बि.स २०७४ साल असोज ९ गते | घराम्दी | ८ जना गम्भिर घाइते, एउटा जिप पुर्ण क्षति र २० लाख बराबरको क्षति | छैन । |
| द्वन्द | २०५९ | भिरकाटे | | १ मृत्यु (बिद्रोही पक्ष) |
| द्वन्द | २०६० चैत्र ७ | दोबाको मान्छे बेनी आक्रमण | | १ मृत्यु ( राज्य पक्षबाट) |
| द्वन्द | २०६१ मंसिर २६ | और माराका | | १ मृत्यु ( राज्य पक्षबाट) |
| ठुलो ढुंगा खसेको | २०५१ चैत्र | रातोपानी कुण्ड | ३ घर पुरिएको, १२ लाख बराबरको क्षति भएको | १ जना महिलाको मृत्यू, १ जना पुरुष घाइते |
| बाढी | २०४४ असार | गुइठे, ठाँटी टोल, घट्टेखोला, | ३ घर, २ पुल, २० हजार बराबरको गाई २ गाई र २५ हजार बराबरको गोठ बगाएको, १५ रोपनी बराबरको जग्गा क्षति भएको | ३ जनाको मृत्यु |
| बाढी | २०४७ असार ७ गते | रुप्से छहरा, | १ काठे पुल (१५ हजार बराबरको), ३० हजार बराबरको ४ घट्ट, ३ घर (३ लाख बराबरको), ४ चिया पसल (१ लाख बराबरको) , ५ रोपनी बराबरको जग्गा क्षती भएको, | १ जना महिला घाइते |
| बाढी | २०४४ असार | गुइठे, ठाँटी टोल, घट्टेखोला, वडा नं. ३ | ३ घर बगाएको, २ पुल, २ गाई गोठ (४५ हजार बराबरको), १५ रोपनी बराबरको जग्गा क्षति भएको, | ३ जनाको मृत्यु |
| बाढी | २०७७ साउन ५ गते | काभ्रे भजिनी खोला | | १ जना पुरुषको मृत्यु |
| बाढी | वि.स. २०७५ श्रावण ३१ गते | कोप्चेपानी, वडा नं. ४ | २४ घर विस्थापित, १ विद्यालय (५ कोठे भवन), १ आमासमूह भवन, १ खड्का कुल मन्दिर पुर्ण क्षति र १० रोपनी जग्गा गरि (हालको १ करोड ५० लाख वरावर) क्षति भएको | छैन |
| बाढी | २०७८ असार | भुवानी | विद्यालयको ३ कोठे भवन पुर्ण रुपमा क्षति, २ कोठे भवन आंशिक क्षति, १ कृषि भवन पूर्ण क्षति (२२ लाख बराबरको क्षति) | केहि नभएको |
| दूर्घटना | २०७८ माघ | फलाटे | | ढुंगा खसेर २६ वर्षको महिलाको मृत्यु |

| | | | | |
|---|---|---|---|---|
| दुर्घटना ( सडक तथा अन्य ) | वर्षेनी | वडा भित्रका भिरहरूवाट | सडक अवरुद्ध, | १ जना ढुंगा खसेर मृन्यु |
| आगलागी | २०५१ फागुन | सल्लेनीबन | बन बिनाश अनुमानित ५५ रोपनी | १ जना मृत्यु |
| आगलागी | २०५६ फागुन | सुनारि भिर | बन जंगल विनाश अनुमानित ४५ रोपनी | १ जना मृत्यू, ३ घाइते |
| आगलागी | २०३३ चैत्र | धुरी बन, सामुदायिक बन, | ४ घर ३ लाख बराबरको घर क्षति भएको साथै ५० लाख बराबरको जंगल नष्ट भएको | १ जना महिला घाइते |
| आगलागी | २०५६ फागून | जैथुन पटार | ५ घर पूर्ण क्षति तत्कालिन १५ लाख | १ बालकको मृत्यु |
| आगलागी | बर्षेनी फागुन चैत्र | स्वातको बयली | खानेपानीको पाइप करिब ९००.मि.जलेको, तत्कालिन ५०,०००। क्षति भएको र जंगल विनाश | |
| आगलागी | २०७२ माघ | घोष्टेखर्क रैंसे | कुमा देवी पुर्जा घरको पूर्ण क्षति तत्कालिन १०,००,०००। क्षति भएको | |
| आगलागी | २०७६ फागुन १० | घार | १ घर जलेको, १५ लाख बराबरको क्षति भएको | १ जना महिला घाइते |
| आगलागी | बिस २०७९ जेष्ठ २४ गते | औल | १ गोठ जलेको, २ भैसी जलेको, २.५ लाख बराबरको आर्थिक क्षति | छैन |
| आगलागी | बिं स २०७१ फाल्गुण १६ गते | महभीर काफलडाडा | २ तले कच्चीघर, क्षति | १ जनाको मृत्यु |
| महामारी कोभिड | वि.सं. २०७७/७८ | सबै क्षेत्रमा | | १२ जना बिरामी |
| महामारी कोभिड | बि स २०७७७८ | मान्द्रेढुगा,<br><br>तातोपानी | - | १ जना (मान्द्रेढुगा)<br>५ जना को मृत्यु (४ जना ज्येष्ठ नागरिक १ जना महिला )<br>१०० भन्दा बढी संक्रमित |
| महामारी हैजा | २०५२ साल | भुरुङ | | २ जनामा (१ बालक आठ बर्षको र १ महिलाको मृत्यु) |
| भूकम्प | २०४५ माघ | घारखोला, वडा नं. ६ | केही नभएको, | १ जना पुरुषको मृत्यु |
| भालुको आतंक | वि.सं. २०६४ | स्वाभित्ता | तत्कालिन २,५०,०००। क्षति भएको | कमल गुरुङ घाइते |
| भालुको आर्कमण | वि.सं.२०७७ भदौ | पाउदर ( लरेनीबन) | तत्कालिन ३,२०,०००। क्षति भएको | १ घाइते, मनिपाल पोखरा अस्पतालमा उपचार गरेको । |
| भालुको आतंक | वि.सं. २०६४ | किन्दु | तत्कालिन ५,००,०००। क्षति भएको | १ जना घाइते (अधबैंसे) १ आंखा निकालेका, १ हात भांच्चिएको |

| | | | | |
|---|---|---|---|---|
| भैंभगडा | विभिन्न साल | दोबा | | ३ जनाको मृत्यु |
| जनावर भालु | वि.सं. २०७८ मंसिर | नारच्याँङ | | २ जना घाइते, १ जना मृत्यु |
| वाढी | २०४१ अषाढ २७ | भारा खोला | गाईगोठ ३, बन जंगलको विनाश करिब ८ रोपनी, तत्कालिन ४५०००। | ५ जना |
| वाढी | २०६२ | किन्दु | १ पुल, १ घट्टा बगाएको र तत्कालिन ९०,०००।क्षति भएको | ३ युवा मृत्यू, १ घाइते |
| पहिरो | २०२७ आषाढ | जम्फु, वडा नं. १ | बन जंगलको विनाश करिब ८ आना | १ बालक सहित जम्मा ३ जना |
| पहिरो | २०५६ साल | गगनपानी पहिरा, वडा नं. २ | तातोपानी क्षेत्र ६ घर, ब्याक्तिगत जग्गा ३० लाख जति क्षति, २० रोपनी र जंगल सहित सार्बजनिक जग्गा | १ जनाको मृत्यु |
| पहिरो | २०७७ साल | नागढुंगा पहिरो | - | १ मृत्यु, १ जना महिला प्रहरी घाइते |
| पहिरो | २०७८ भाद्र | नौनी बगर | - | २ जना घाइते |
| पहिरो | २०४४ साउन १० गते | काभ्रे | १ घर क्षति, २५ रोपनी बराबरको जग्गा पुरेर क्षति भएको | १ जना पुरुषको मृत्यु |
| पहिरो | २०४४ साउन १० गते | काभ्रे | १ घर (८० हजार बरबारको) र २५ रोपनी बराबरको जग्गा पुरेर क्षति भएको, | १ जना पुरुषको मृत्यु |
| पहिरो | २०३७ साउन १७ गते | फगाम, | २ घर पूर्ण क्षति (१० लाख बराबरको), ४ लाख बराबरको गाई, भैसी, बाख्राको र १० लाख बराबरको जग्गा क्षति भएको, | १ जना महिला घाइते |
| पहिरो | वि.सं. २०३९ | अन्नपूर्ण हिउपहिरो , भित्रेवन | ३०० भेडा पुरीएको, (तत्कालिन ९० हजार बराबर) र वन जंगल र हिमालमा क्षति | २ जना भेडी गोठलाको मृत्यु |
| पहिरो | | राजाको चार गोमपानी भिर | २ घर बगाएको, खरबारी र बारी बगाएको, तत्कालिन १२,५०,०००। क्षति र जंगलको विनाश करिब ५० रोपनी | |
| पहिरो | २०४३. बैशाख जेष्ठ | फलाटे | ४ घर पूर्ण क्षति, ९ घरको करिब ५४ रोपनी बारी बगाएको, २ चौतारा, १ ठांटी गरि तत्कालिन करिब २०,००,०००। क्षति भएको र जंगल करिब १०० रोपनी | |
| पहिरो | २०७८ असार | धस्केखोरे किन्दु | ४ घर पूर्ण क्षति, १७ घर जोखिम,५ घरको करिब २० रोपनी बारी बगाएको गरि तत्कालिन २८०००००। क्षति भएको र जंगल पुरेको करिब १५ रोपनी | |
| पहिरो | बि स २०७८ साल भदौ ५ गते | महभीर, वडा नं. ७ | १० घर लाइ असर प्रभावित | छैन |

| | | | | |
|---|---|---|---|---|
| पहिरो | बि. सं २०५१ असार महिना | काफलडांडा, वडा नं. ८ | १ बिधालय भवन, ५ घर बिस्ताबित, १५ रोपनी खरबारी जमिन ४० रोपनी खरबारी, ७० मीटर गोरेटो बाटो क्षति (५ लाख बराबरको क्षति) | छैन। |
| पहिरो | बि. स २०६९ जेष्ठ १३ गते | झिमडाडा नागी | १ बाखा क्षति (१० हजार बराबरको) | १ जना मान्छेको मृत्यु, ३ जना मान्छे घाइते भएका |
| पहिरो | २०७३ साल जेष्ठ महिना | मुलाखर्क राम्चे | १ वटा कुकुरको मृत्यु | ३ जना मान्छे घाइते भएको |
| विश्वव्यापी कोभिड | २०७७ बाट २०७९ | दोबा | | ७९ संक्रमित |
| चट्याङ | २०७६ चैत्र २४ | कुटुका | २०० भेडा जलेको, (८ लाख बराबरको) क्षति भएको | १ पुरुष १ महिला गरी २ जनाको मृत्यु, १ जना महिला घाइते |
| चट्याङ | २०७५ जेष्ठ ११ | घार | | १ जना पुरुषको मृत्यु |
| चटयाङं | २०७७ बैशाष | खोबरा, वडा नं. ५ | १ गोठ क्षति, गोठको बान्दा तत्कालिन ३,००,०००। | १ जना घाइते |
| चटयाङं | २०७५ साउन जनै पुर्णिमाको भोली पल्ट | खयर | ६० वटा भेडा को मृत्यू तत्कालिन ७,२०,००० क्षति | |
| चट्याङ्ग | बि. स २०६९ जेष्ठ १३ गते | झिमडाडा नागी | १ बाखा १० हजार बराबरको क्षति | १ जना मान्छेको मृत्यु, ३ जना मान्छे घाइते भएका |
| चट्याङ्ग | २०७३ साल जेष्ठ महिना | मुलाखर्क राम्चे | १ वटा कुकुरको मृत्यु | ३ जना मान्छे घाइते भएको |
| करेन्ट | वि.सं. २०४४ | ठाडेस्वाँरा | | ३ जना घाइते, १ जना मृत्यु, ( बच्चा साढे दुइ बर्षको मृत्यु) |
| कोरोना महामारी | २०७५ सालदेखि | वडाको सम्पुर्ण समुदाय, | | ३ पुरुष र १ महिलाको मृत्यु |
| कोरोनाको माहामारी | २०७७ देखि २०७८ | घार | | १ जना पुरुषको मृत्यु |
| हुरीवतास | बिं स २०७१ | काफलडाडा | काफलडाडा आ.बि ३ कोठे भवन छाना उडाएको (रु. १९०००० बरावरको क्षति) | |
| हावाहुरी | बि स २०५४ | टिकोट | टिकोट मा.बि भवनको टिनको छाना उडाएको ५० हजार बराबरको क्षति | छैन। |

विभिन्न समय (२०२७, २०३७, २०३९, २०५६, २०७७) मा आएको पहिरोका कारण जनधन दुवैको व्यापक क्षती पुर्‍याएको देखिन्छ। त्यस्तै २०३३, २०५१, २०५६, २०७१ सालमा भएको आगलागीका कारण व्यक्तिहरुको मृत्यु हुनुका साथ साथै प्रसस्त घर तथा गोठ र खानेपानीका पाईप लाईनका सँगै जंगलमा क्षति भएको थियो। चट्यांगका कारण पनी मानीसहरुको ज्यान जानुका साथै घर, गोठ, गाईबस्तु र विद्युत्तिय संरचना र सामाग्रीहरुको क्षति भएको छलफल र विभिन्न तथ्यांकहरुले देखाउँछ। पछिल्लो समयमा पनि सडक दुर्घटना, बाढी, असिना र चट्यांग यस क्षेत्रको लागि चुनौतीपूर्ण देखिएको छ। २०७२ सालको भुकम्पले पानिका मुल तथा कुवाहरु सुक्ने क्रम वढेको र प्रसस्त संख्यामा घरहरु चकाउने र क्षति गरेको देखिन्छ। माथिलो भेगमा खानेपानीका मूलहरू भए

तापनि मूल सुक्ने क्रम बढिरहेका कारण माथिल्लो भेगमा खानेपानीको समस्या रहेको छ भने अपर्याप्त सिँचाइको कारणले माथिल्लो भेगमा कृषि क्षेत्रमा ठुलो समस्या देखिन्छ । सरोकारवालाहरुसंगको समन्वय र स्थानीय स्तरबाट गरिएका बचाउका प्रयासहरु खासै उल्लेख्य नभएको पाइएको छ । समुदायको भिन्न बुझाइ तथा अनुकूलनका पर्याप्त आर्थिक तथा मानवीय स्रोत नहुनाले विपद् जोखिम तथा जलवायु परिवर्तनको असरबाट प्रभावित देखिन्छ । दुबै भेगमा खडेरी, पहिरो जस्ता समस्याले समुदाय जोखिममा देखिन्छन । अन्य सुचना वडाहरुले तयार पारेको स्थानीय विपद् व्यवस्थापन योजनामा रहेको छ ।

## २.४ गाउँपालिकाको संकटासन्न वडाको अवस्था

विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति, जोखिम तथा क्षमता (मानविय क्षति, प्रभावित परिवार, घरको क्षति, आर्थिक क्षति, खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविश्यमा पार्न सक्ने असर, स्रोतको उपलब्धता तथा पहुँच, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि) विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको विभिन्न वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गरिएको छ ।

| वडा नं. | मानविय क्षति | विस्थापित तथा प्रभावित परिवार | क्षतिग्रस्त घर | आर्थिक क्षति | खेतीयोग्य जमिन | सामाजिक प्रभाव | विगतमा भएका विपद्का घटनाक्रम | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | जनसंख्याको विश्लेषण | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | संस्थागत क्षमता | जम्मा अंक | संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | १ | २ | ३ | २ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३३ | मध्यम |
| २ | ६ | १ | २ | ३ | २ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३३ | मध्यम |
| ३ | ६ | १ | ३ | ३ | २ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३४ | मध्यम |
| ४ | ६ | १ | २ | ३ | १ | १ | ३ | ३ | १ | २ | २ | २ | २ | २ | ३१ | मध्यम |
| ५ | ४ | १ | २ | ३ | ३ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३२ | मध्यम |
| ६ | ६ | १ | २ | ३ | २ | १ | ३ | ३ | १ | २ | २ | २ | २ | २ | ३२ | मध्यम |
| ७ | ६ | १ | २ | ३ | २ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३३ | मध्यम |
| ८ | ४ | १ | २ | ३ | २ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | ३१ | मध्यम |

तालिका नं. ८, गाउँपालिकाको संकटासन्न विवरण

माथीको तालिका वमोजिम गाउँपालिकामा सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरू प्रयोग गरी सूचना सङ्कलन गर्दा सबै ८ वटा वडाहरु नै मध्यम संकटासन्नटामा रहेको पाईन्छ । तसर्थ समग्र गाउँपालिका मध्यम जोखिममा रहेको देखिन्छ ।




चित्र नं. ४: गाँउपालिकाको वडागत वर्गिकरण

तालिका नं ९, सम्पन्नता स्तरिकरण

| **वडा नं** | **सम्पन्नता स्तरिकरण** | | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | अति विपन्न घरधुरी | विपन्न घरधुरी | मध्यम घरधुरी | सम्पन्न घरधुरी | |
| १ | ८ | ४७ | १९७ | २२ | २७४ |
| २ | १६ | २८ | ११७ | ४५ | २०६ |
| ३ | ५८ | ० | २६९ | ६४ | ३९१ |
| ४ | ३५ | ५७ | २४० | ९७ | ४२९ |
| ५ | ४६ | ८३ | ३३० | १६ | ४७५ |
| ६ | ७० | ७५ | ४७५ | ७ | ६२७ |
| ७ | ४९ | ११९ | १९९ | ३४ | ४०१ |
| ८ | १६ | २०९ | १६८ | २० | ४१३ |
| | २९८ | ६१८ | १९९५ | ३०५ | ३२१६ |

वडामा निर्मित स्थानीय विपद् व्यवस्थापन योजनाबाट प्राप्त तथ्यांक बमोजिम तयार माथिको तालिका बमोजिम यस गाउँपालिकामा अति बिपन्न परिवार २९८ र बिपन्न परिवार ६१८, मध्यम परिवार १९९५ र सम्पन्न परिवार ३०५ गरी जम्मा ३२१६ घरधुरीमा बसोबास गर्ने परिवारहरू रहेका छन् । विपद्को प्रभाव सम्पन्न बर्गलाई भन्दा विपन्न बर्गलाई बढी पर्ने भएकोले यस्ता वर्गहरूको पहिचान गरिएको छ र यस वर्गलाई आयआर्जन तथा विपदको अवस्थामा जुध्न सक्ने क्षमता विकासको लागि योजना बनाइएको छ जुन खण्ड ४ मा राखिएको छ

## २.५ विपदको कारण र असर विश्लेषण

विपदको कारण र असर विश्लेषणको लागि समस्या वृक्ष विधिको माध्यमबाट कारण र असर छुटयाउन लगाइएको थियो । यस विश्लेषणमा प्रकोप स्तरिकरण गर्दा पहिलो, दोश्रो गरी क्रमश ८ वटा प्रकोपबाट उत्पन्न विपदको कारण र असर उल्लेख गरिएको छ । सवै वडाबाट आएको सूचनालाई आधार मानेर विपदको कारण र असर विश्लेषण गरिएको छ, जुन यसप्रकार रहेको छ ।

तालिका नं १०, विपद र विपदका सवाल

| क्र. सं. | प्रकोपको घटना | प्रकोपको कारण | प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | • भूकम्प प्रतिरोधि भवन नहुनु,<br>• भूकम्प सम्वन्धि जनचेतनाको अभाव<br>• प्लेटहरुको हलचल<br>• जमिन मुनी शक्ति संचय भएर | • धनजनको क्षती<br>• पहिरो जाने<br>• करेण्ट सर्ट भएर वा ग्यास, मट्टिटतेल चुहिएर आगलागी हुन सक्ने<br>• फोहोरको कारण महामाारी हुन सक्ने<br>• बसाई सराई गराउने<br>• गरिवता बढ्ने<br>• महत्वपुर्ण कागजात हरु हराउनु वा पुरिनु<br>• विकासका कार्यलाई क्षत विक्षत वा अवरुद्ध गराउँदछ । | १. भूकम्प प्रतिरोधि भवन वा भौतिक संरचना वनाउने<br>२. सचेतना तथा तालीम दिने<br>३. आपतकालीन योजना निर्माण गर्ने र सोही वमोजिम काम गर्ने<br>४. सुरक्षित स्थानहरु पहिचान गर्ने<br>पुर्व तयारीको उपायहरु अपनाउने |
| २ | पहिरो | • धेरै बर्षा हुनु<br>• भिरालो जमिन हुनु<br>• अव्यवस्थित खेतीपाती<br>• जथाभावी रुख फडानी गर्नु<br>• कमजोर भूवनावट हुनु<br>• जथाभावी सडक विस्तार हुनु<br>• खानी उत्खनन | • पानी दुषित हुनु<br>• खेतीपाती पुरीनु<br>• पानीका नहर तथा कुलो नष्ट हुने<br>• गाईबस्तुका चरण वा घाँस नहुनु<br>• जंगली जनावरको बासस्थान नोक्सान<br>• धनजनको क्षति हुनु<br>• भौतिक संरचनाहरुको क्षति<br>• पशु गोठ भत्काउने | • वन विनासमा रोकथाम तथा वन सम्वन्धि चेतना अभिवृद्धि गर्ने<br>• खाली ठाँउमा वृक्षारोपण गर्ने<br>• पहिरो प्रभावित क्षेत्रमा तटवन्धन गर्ने<br>• बर्षा याममा बर्षाको पानीको भल काट्ने<br>• ढुंगा खानी उत्खनन गर्न रोक्ने<br>• खुल्ला चरिचरण रोक्ने |
| ३ | बाढी | • भिरालो जमिन हुनु<br>• ज्ञानको अभाव<br>• नदि तथा खोलामा पानीको निकास नहुनु<br>• जंगल फडानी वा आगलागी<br>• मुषलधारे वर्षा भएकोले | • धनजनको क्षति<br>• मलिलो माटो कटान<br>• आवत जावतमा समस्या हुनु<br>• महामारी<br>• उर्वरा भूमीमा वालुवा गीटी थुप्रिइ उव्जनी कम हुनु<br>• वनजंगलको क्षती | • वृक्षारोपण गर्ने वा जंगल फडानी र आगलागी हुन बाट बचाउने<br>• बाँध तथा तटवन्ध लगाउने<br>• व्यवस्थित ढल निकासको व्यवस्था गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | • नदी किनारमा वस्ती वसाल्नु<br>• अव्यवस्थित खेतीपाती | • बस्तीहरु विस्थापीत हुनु | • ज्ञान सिपको विकास गर्ने |
| ४ | जनावर आतंक | • चरण क्षेत्र कमीले गर्दा<br>• वनजंगल मासिनु<br>• छेकवार नलगाउनु<br>• खेती गर्ने स्थान जंगल नजिक हुनु | • बालिनालिमा नष्ट हुनु<br>• अपांगता तथा ज्यान समेत जाने<br>• घर पालुवा पशुको नोक्सान गर्ने<br>• फलफुलका बोट विरुवा खाईदिने | • चरणको सहि व्यवस्थापन गर्ने<br>• संरक्षण क्षेत्र निर्माण गर्ने<br>• जंगलको संरक्षण गर्ने |
| ५ | आगलागी | • खडेरी तथा जमिन सुख्खा हुनु<br>• लापारवाही<br>• जनचेतनाको कमि<br>• चुरोट तथा विभिन्न ज्वलनशिल पदार्थको जथाभावी प्रयोग गर्नाले<br>• वनजंगलमा ढडेलो लगाउनाले<br>• चट्यांग पर्नु<br>• विद्युतिय शट हुनु<br>• हुरी आएको वेलामा आगो बाल्नु | • धनजन तथा मानवीय क्षती<br>• वन जंगल तथा पशुपंक्षी विनास,<br>• एक घर जल्दा पुरा गाँउ जल्नु<br>• जंगलमा आगो लगाउँदा अन्य विरुवाको उत्पादनमा कमी | • आगो कम लाग्ने छाना प्रयोग गर्ने<br>• वनजंगलमा आगोलागी रोक्ने<br>• विजुली बत्तीको राम्रो वाईरिङ्ग गर्ने<br>• सलाई लाईटर वच्चाबाट टाढा राख्ने<br>• धुम्रपान गरि सकेपछि चुरेटको ठुटो सुरक्षित स्थानमा फाल्ने<br>• आगलागीको जनचेतना फैलाउने |
| ६ | चट्यांग | • वातावरण सन्तुलन नहुनुले<br>• वादल एक आपसमा ठोक्किएर<br>• चटयाङ्ग सम्वन्धि कम ज्ञान | • मानिस तथा पशुको मृत्यू वा घाईते हुने<br>• विद्यालय, घर, मठ मन्दिर आदिमा नोक्सान पुग्ने<br>• आगलागी हुने<br>• विरुवा नष्ट हुने<br>• टिभि, रेडियो जस्ता समाग्री विग्रने | • घरमा लाईटिंग रड प्रयोग गर्ने<br>• अग्लो रुख, टावर मुनी नवस्नु<br>• पानी परेको बेला विद्युतिय बस्तुहरु वा उपकरणहरु बन्द गरी राख्नुपर्ने |
| ७ | हुरीबतास | • तापक्रम बढ्नाले<br>• ढल्न लागेका रुख कटानी नगर्नाले<br>• कमजोर छाना वनाउनु | • घर तथा विद्यालयहरुको छाना उडाउने<br>• भौतीक संरचना विग्रनु<br>• वोटविरुवा र मानिसको क्षती गराउँछ<br>• साना साना विरुवा भाचीएर बढ्न नसक्नु<br>• वालीनालि तथा कृषिको क्षती | • वृक्षारोपण गरि हावा रोक्ने<br>• पक्कि घर, विद्यालयको निर्माण गर्ने |
| ८ | खडेरी | • समयमा बर्षा नहुनु<br>• सिंचाईको व्यवस्था नहुनु<br>• जंगल फडानी वा | • जमिन सुख्खा भई आगोलागीको सम्भावना बढ्ने, खेती विग्रने | • सिंचाईको व्यवस्था गर्ने<br>• मुल, धाराबाट पानीको व्यवस्था गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | आगलागी<br>• जलवायू परिवर्तनले गर्दा<br>• पानीका मुहान सुक्नु | • रोगकिराको आक्रमण<br>• माटोको उर्वरा शक्ति हट्नु<br>• पानीका श्रोत सुक्नु<br>• जिवजन्तु, पशुपन्छिलाई प्रभाव पार्ने | • वृक्षारोपण वा जंगल संरक्षण गर्ने<br>• खानेपानीको संरक्षण गर्ने |

यहाँ हुने गरेका बहुप्रकोपहरु विपद्मा परिणत हुनुमा समुदायमा भएको ज्ञानको कमि, श्रोतको अभाव, भूवनावट, जलवायुको कारण रहेको पाईन्छ जसले गर्दा जनधनको क्षति, प्राकृतिक श्रोत नोक्सान हुने गरेको छ र हुने सम्भावना रहेको समुदायसँगको छलफल र धरातलिय अध्ययनबाट प्रस्त हुन्छ ।

## २.६ गाउँपालिकामा रहेका श्रोत तथा क्षमताको विश्लेषण

### २.६.१ संघ संस्थाहरुको विवरण

यस अन्नपूर्ण गाउँपालिकामा जीविकोपार्जन सुधार र समुदाय विकासका लागि विभिन्न संस्थाहरुले आफ्नो वार्षिक कार्यक्रम मार्फत टेवा पुऱ्याएका छन् । कुनै पनि स्थानीय विकासमा सेवा प्रदायक संघ-संस्था, निजी संस्था, सार्वजनिक संघ-संस्था, नागरीक समाज एवं सञ्जालका सदस्यहरुको अहम भूमिका रहन्छ । विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तनका सवालमा आर्थिक, प्राविधिक तथा सहजीकरण सहयोग गर्न सक्ने संघ-संस्था तथा निकायहरु पहिचान गरी सो संस्थाहरुको सम्भावित भूमिका र अपेक्षित सहयोगको बारेमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

तालिका नं. ११, गाउँपालिकामा रहेका संघ संस्थाहरुको विवरण

| क्र.सं | सेवा प्रदायक निकायहरू | संस्थाले प्रदान गर्ने सेवा तथा भूमिकाहरू | समुदायका अपेक्षाहरू |
|---|---|---|---|
| **व्यक्ति तथा घरपरिवार तहमा** | | | |
| १ | महिला स्वास्थ्य स्वयंसेवक | महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग | महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग |
| २ | शिक्षक | सचेतनामुलक कार्यक्रममा सहयोग | सचेतनामुलक कार्यक्रममा सहयोग |
| ३ | विद्यार्थी | अनुकुलन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार | उद्धार कार्यमा सहभागिता, जनचेतना अभिवृद्धि कार्यमा सहयोग |
| ४ | अगुवा नेता | नेतृत्व, समन्वयकारी भूमिका | नेतृत्व, समन्वयकारी भूमिका |
| ५ | व्यवसायी | श्रोत संकलनमा सहयोग, संकटासन्न घरधुरीलाइ रोजगारी, वातावरणमैत्री उद्योगको प्रवर्धन | राहत र आकस्मीक कोष निर्माणमा सहयोग |
| **समुदाय तथा वडा तहका सरोकारवालाहरु** | | | |
| १ | वडाका कार्यालयहरु | पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग |
| २ | सामुदायिक तथा संरक्षीत वनहरु | सचेतना र पूर्वाधार तथा विकास निर्माणमा सहयोग | पूर्वाधार तथा विकास निर्माणमा सहयोग |
| ३ | हाईड्रोपावर | भौतिक पूर्वाधार निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग | आवश्यकता अनुसार भौतिक तथा आर्थिक सहयोग, |

| | | | |
|---|---|---|---|
| ४ | आमा समुह | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार | सक्रिय सहभागिता, प्रचारप्रसार |
| ५ | यूवा क्लव | स्वयं सेवक | खोजि तथा उद्धार कार्यमा, सचेतना प्रचारप्रसार |
| | | **वडा वाहिरका सरोकारवालाहरु** | |
| १ | जिल्ला समन्वय समितिको कार्यालय | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग |
| २ | अन्नपूर्ण गाउँपालिका | पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, समग्र योजनाको कार्यान्वयन तथा अनुगमन | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, कानुन परामर्श |
| ३ | भू-संरक्षण कार्यालय | बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन | बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन |
| ४ | जिल्ला प्रशासन कार्यालय, विपद् व्यवस्थापन समिति | प्रकोप तथा विपद् व्यवस्थापनमा सहयोग | सहकार्य तथा उद्धार व्यवस्थापन |
| ५ | खानेपानी डिभिजन कार्यालय | खानेपानी आयोजनाको लागि आर्थिक तथा प्राविधिक सहयोग | खानेपानी आयोजनाको लागि आर्थिक तथा प्राविधिक सहयोग |
| ६ | वन डिभिजन कार्यालय, इलाका वन कार्यालय | वृक्षारोपण, नर्सरी व्यवस्थापन तथा अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन तालिम र जन चेतनाको लागि प्राविधिक सेवा, सामुदायको वन व्यवस्थापनमा सहयोग | वृक्षरोपण, नर्सरी व्यवस्थापन तथा तालिम र जनचेतनाको लागि प्राविधिक सहयोग |
| ७ | कृषि निर्देशनालय, कृषि ज्ञान केन्द्र | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि कृषक क्षमता अभिवृद्धि, कृषि सेवा, बालीनाली विकास, बिउ बिजन वितरण | कृषि सेवा तालिम, बालीनाली विकास, बिउ बिजन वितरण |
| ८ | पशु निर्देशनालय, पशु सेवा केन्द्र | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि पशुपालक कृषकको क्षमता अभिवृद्धि, पशु स्वास्थ्य तथा पशुपंक्षी पालन विकास | पशु स्वास्थ्य तथा पशुपंक्षी पालन विकास |
| ९ | सिँचाइ डिभिजन कार्यालय | सिँचाइ पोखरी, कुलो निर्माण तथा आयोजनाको लागि आर्थिक तथा प्राविधिक सहयोग | सिँचाइ पोखरी, कुलो निर्माण तथा आयोजनाको लागि आर्थिक तथा प्राविधिक सहयोग |
| १० | उद्योग तथा घरेलु कार्यालय | बचत क्षमता, अभिवृद्धि ऋण, कानुन परामर्श बच्चाहरूको स्वास्थ्य हेरचाह कृषि सम्बन्धी तालिम, महिलाहरूको क्षमता विकास | बचत क्षमता, अभिवृद्धि ऋण, कृषि सम्बन्धी तालिम, महिलाहरूको क्षमता विकास |

| | | | |
|---|---|---|---|
| ११ | गोरखा वेल्फेयर ट्रष्ट | खानेपानी योजना निर्माण, विपद् तथा जलवायू परिवर्तन सम्वन्धित योजना निर्माण लगायत जनचेतनाको काम | अझ बढी सहयोग गर्ने र विभिन्न खालका तालिमहरू उपलब्ध गराउने । चेतना फैलाउने, योजनाको कार्यान्वयन |
| १२ | फेकोफन | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि कृषक क्षमता अभिवृद्धि, सामुदायिक वन विकास तथा व्यवस्थापन | सामुदायिक वन विकास तथा व्यवस्थापन |
| १३ | रेडक्रस | विपद् समिति गठन, सुपथ मूल्यमा एम्बुलेन्स, सेवा र स्ट्रेचर दिएको, विपद्मा परेकालाई सिफारिस, आकस्मिक सेवाको स्थापना | योग शिविर, दन्त शिविर, स्वास्थ्य शिविर, स्ट्रेचर, प्राथमिक उपचार, भूकम्प तथा अन्य प्रकोप सम्बन्धि सचेतना कार्यक्रम, राहत सामाग्रीको व्यवस्था |
| १४ | स्वास्थ्य चौकी | स्वास्थ्य उपचार, निःशुल्क औषधी वितरण, घाईते तथा सक्रमण व्याक्तिको उपचार विभिन्न थरी गाउँघरे क्लिनिक सेवा उपलब्ध | अझ बढी निरन्तर दिने र २४ घण्टा सुविधा र बिरामीको हेरचाह गरी उपचार गर्ने, बच्चाहरूको स्वास्थ्य हेरचाह |
| १५ | जिल्ला अस्पताल, आयुर्वेद अस्पताल | स्वास्थ्य उपचार, निःशुल्क औषधी वितरण, घाईते तथा सक्रमण व्याक्तिको उपचार | अनुकुलन तथा जोखिम सम्वन्धि सचेतना र घरेलु जडिवुटिको प्रयोगलाई बढावा दिने |
| १६ | इलाका हुलाक कार्यालय | हुलाक सेवा | हुलाक सेवा |
| १७ | प्रदेश मन्त्रालय | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन गर्नलाई समन्वयकारी भुमिका खेल्ने आवश्यकता अनुसार नीति नियम निर्माण गर्ने र वजेटको लागी व्यवस्था गर्ने । | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि क्षमता अभिवृद्धि र तयार गरिएको योजनाको कार्यान्वयनमा सहयोग |
| १८ | सुरक्षा फौज ( जनपथ, शसस्त्र, आर्मी) | एम्बुलेन्स सेवा, विपद्मा परेकालाई सिफारिस, आकस्मिक सेवाको स्थापना, सुरक्षा, खोजी तथा उद्धार कार्य | प्राथमिक उपचार, भूकम्प तथा अन्य प्रकोप सम्बन्धि सचेतना कार्यक्रम, खोजी तथा उद्धार सामाग्री र जनको व्यवस्था |
| १९ | एक्याप | अनुकुलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि कृषक क्षमता अभिवृद्धि, संरक्षित वन विकास तथा व्यवस्थापन | संरक्षित वन विकास तथा व्यवस्थापन, विरुवा तथा जिविकोपार्जनमा सहयोग, आवश्यकता अनुसार भौतिक आर्थिक सहयोग |
| २० | पत्रकार, पत्रिका, एफ एम् | सुचना सम्प्रेशन तथा प्रचार प्रसार, जनचेतना | प्रचार प्रसार |

आगामी दिनमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा सबैको साथ र सहयोग आवश्यक हुन जान्छ । यसका लागि गाउँपालिकाले प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा रहेका माथि उल्लेखित सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुमा सहयोगका लागि बेला बेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी अनुकूलन योजना कार्यन्वयन गर्नु पर्दछ ।

### २.६.२ स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन :

समुदायमा विपद्को सामना गर्न परम्परागत रुपमा अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्न अनुसार राखिएको छ :

तालिका नं १२, स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन

| क्र स | विपद/ प्रकोपको प्रकार | विपद भएको वर्ष/ महिना | प्रभाव र असरहरू | विपद पहिले गरिएका पूर्वतयारी तथा न्यूनिकरणका कार्य | | विपदको सामनाको लागि विपदको समय र पछि अपनाइएका विधि | | गर्न सकिने वा गर्नुपर्ने अनुकूलनका उपाय तथा प्रयासहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | | व्यक्तिगत रुपमा | सामूहिक रुपमा | व्यक्तिगत रुपमा | सामूहिक रुपमा | |
| १ | जंगली जनावर को आतंक | वर्षेनी | खेतीवाली नोक्सान, मानिस तथा पशु घाईते वनाउने, मानसीक तनाव, डर त्रास | ढयाङग्रो बजाउने, | समुह मिलेर धपाउने, ढयाङग्रो बजाएर धपाउने, | खेती गर्न छोडेको, कँही कँही टनेल जाली लाएर नगदे बाली लाउने गरिएको, | | जंगलमा फलफुलका विरुवा रोपण गर्ने, जनावरबाट सुरक्षित हुने विधि बारे जानाकारी तथा अवलम्वन गर्ने, बैकल्पिक जिविकोपार्जन का उपायहरु अवलम्वन गर्ने, थोरै तर व्यवसायीक खेती तर्फ आर्कषित गर्ने । |
| २ | बाढी/ पहिरो | बर्षेनी साल | बाटो (मोटर, पैदल), पुल भत्काएको, विद्युत् बिगारेको खाने पानीको मुहान बिगारेको, खेतबारी पुरिएको, वन तथा वन्य जन्तु वगाएको | घर छोडेर सुरक्षित स्थानमा जाने गरेको, | ततबन्ध, तार जाली लगाउने गरेको, बाँस प्रजातीका घाँस लगाएको, | केहि घर वसाँइसराँ ई गरेको , | राहतको व्यवस्था भएको, | वृक्षारोपण, बायोईन्जिनियरिंग, ग्याविन वाल तथा तटबन्धन निर्माण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | हावाहुरी | वर्षेनी | विद्यालयको छाना उडाउने, मकै वाली तथा सुन्तला र अन्यमा क्षति हुने गरेको, रुख विरुवा हाँगा भाचिने | मजबुत छानो छाउने गरेको, | गाउँपालिकाको सहयोगमा घरको खरको छानो हटाउने अभियान संचालन गरेको, | सुरक्षति स्थानमा बस्ने गरेको, | आवश्यक सहयोग गर्ने गरिएको, | छत स्तरोन्नती, टनेल प्रविधि तथा बैकल्पिक फलफुल खेती प्रयोग गर्ने, वन व्यवस्थापन तथा कृषि तालिम र कार्यान्वयन गर्ने |
| ४ | आगलागी/डढेलो | बर्षेनी | घर, लता कपडा र अन्नपात नष्ट गरेको र सामुदायिक तथा संरक्षित वनका केही क्षेत्रमा क्षति, खानेपानीका पाइपहरू जलेर नष्ट | आगोजन्य बस्तु बच्चाको पहुँचबाट टाढा राख्ने गरेको, खाना पकाएपछि आगो निभाउने गरिएको, | जनचेतना र पूर्वतयारीको कमी, | सहयोगका लागी गुहार माग्ने गरिएको, | विभिन्न निकायमा राहतको लागी सहयोग माग, | अग्नि रेखा निर्माण आगलागीबारे सचेतना कार्यक्रम |
| ५ | महामारी ( कोभिड १९, झाडापखाला जस्ता) | २०७४ देखि | मानिसको मृत्यू तथा विरामी हुने, मानसीक तनाव, डर त्रास | स्वास्थ्य सावधानी अपनाइएको, | जनचेतना, स्वास्थ्य मापदण्डको पालना, समुदायमा प्रवेश निषेध गरिएको | सावधानी अपनाएको, सरसफाइमा बिशेष जोड दिइएको, | जनचेतना अभिबृद्धि, स्वास्थ्य मापदण्डको पालना गरिएको | सरसफाई तथा सुरक्षित स्वास्थ्य सम्वन्धि मापदण्ड अवलम्वन गर्ने |
| ६ | असिनापानी | बर्षेनी | खेतीवाली नोक्सान, | असिना पर्नु अगावै बाली भित्र्याउने गरेको, केहीले जालि टर्नेलमा खेती गर्ने थालनव गरिएको, | | समयमा बाली भित्र्याउने, | | आधुनिक प्रविधि प्रयोग गर्ने, टनेल खेतीको वृद्धि गर्ने, बैकल्पिक जिविकोपार्जनका उपायहरु अवलम्वन गर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | भूकम्प | २०७२ बैशाख | मानिस घाईते वनाउने, घर र विद्युत्तिय सामाग्रीमा क्षति पुराउने | जनचेतना, रातभरी पहरेदारी गर्ने, | जनचेतना जगाउने काम गरिएको, | सुरक्षित स्थानमा बसेको, सुरक्षित घर निर्माणमा जोड, | सहयोगको लागि पहल, सुरक्षित संरचना निर्माणको पैरवी गरिएको, | भूकम्प प्रतिरोध भवन विस्तार गर्ने, सुरक्षाका विधिह प्रयोग गर्ने, |
| ८ | चट्यांग | | मानिस घाईते वनाउने, घर र विद्युत्तिय सामाग्रीमा क्षति पुराउने, रुख विरुवामा क्षति पुग्ने गरेको | | | घाईतेको उपचारमा सहयोग र क्षति भएको घरमा केहि सहयोग | | अर्थिंगको व्यवस्था गर्ने, समुदायलाई सुरक्षा विधि बारे सचेत गराउने |

जलवायु परिवर्तन तथा विपद् जोखिमको प्रचुर समस्याका वावजुद यहाँ सार्वजनिक सेवाको पहुँचमा कमि, विषयका बारेको बुझाई भएका व्यक्तिको तथा सञ्चार माध्यमको कमिका कारण जलवायु अनुकुलन तथा जोखिम व्यवस्थापनमा आवश्यक ज्ञान, शिप र प्रविधिको अभाव देखिन्छ । यसका साथै बाहिरी समुदायको सहयोगको व्यवस्था पनी सहज देखिदैंन ।

### २.६.३ भौतिक, प्राकृतिक, सामाजीक तथा मानविय श्रोत

गाउँपालिकाका विभिन्न स्थानमा ५५ भन्दा बढि सामुदायिक भवनहरु, ३६ सरकारी विद्यालय, ३६ वटा पाटी पौंवा, सार्वजनिक धारा तथा प्राकृतिक मुल धाराहरु प्राईभेट बाहेक ८९, मठ मन्दिर चर्च ११३, कुवा १५ वटा रहेका छन् । ८ वटै वडाहरु खुल्ला दिशा मुक्त घोषण क्षेत्र भैसकेको र त्यस्तै भूकम्प पछि निर्माणाधिन प्रसस्त संख्यामा शौचालय भएता पनि तथ्यांक संकलन गर्दा सम्म सार्वजनिक स्थानमा २० ठाउँ रहेका छन् । मानविय श्रोतको रुपमा गाउँपालिकाका ६१ (५२ जना स्वास्थ्य कर्मचारी सहित) जना स्वास्थ्यकर्मी तथा ६८ जना महिला स्वास्थ्य स्वयंसेविका हुनुको साथै ३६ जना कृषि तथा पशु कार्यकर्ता उपलब्ध रहेका छन् । गाउँपालिकामा २४१ बढि शिक्षकहरु, ९२ जना बढी कर्मचारी लगायत सिकर्मी १४७ बढि तथा डकर्मी २२५ बढि रहेका, ३८ जना सुरक्षाकर्मी, ३९ जना बढी स्वयं सेवक, विद्युत प्राविधिक १० जना रहेको जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम अध्ययनले देखाएको छ ।

यस गाउँपालिकामा साना उद्योग कलकारखानाहरु १५ वटा रहेका जसमा क्रसर, फर्निचर रहेका, व्यापार व्यवसायमा सम्लग्न २५७ जना र उद्यमीहरु ८६४ जना रहेका छन् । त्यस्तै ४५ जना ठेक्कापट्टा, ६८ जना किराना पसल सञ्चालक, रहेकोमा पर्यटकीय स्थल यस गाउँपालिकामा ६८ जना होटल व्यवसायी रहेका छन् । ३८ वटा टोल विकास संस्थाहरु गठित छन् । फोहोर मैला व्यवस्थापनमा कार्यरत १५ जना, पानी फिल्टर गर्न ५१० जना सम्लग्न रहि आएका छन् । जहाँ कार्यरत शिक्षकहरुमा २१७ जना ३६ विद्यालयमा निरन्तर लागेका छन् । २ स्थानमा पार्क वा उद्यान रहेका, खेल मैदान वा खुल्ला चौर १८ स्थानमा, व्यापारि केन्द्रमा ७ ठाउँ रहेको, पुल पुलेसाहरु २७ वटा, ४ मुख्य खोला र ५० भन्दा बढी साना खोलाहरु अवस्थित, ५ वटा सार्वजनिक पोखरी, ३ शित भण्डार, २ स्थानमा कृषि उपज केन्द्र, ४०० भन्दा बढी टनेल खेती, जग्गा नभएका घर १३० वटा, गाउँपालिकाबाट रु ९० लाखको विपद् व्यवस्थापन कोष र रु १० लाखको महिला आकस्मिक कोष स्थापना गरेको र त्यस्तै २ वटा वडामा विपद् व्यवस्थापन वजेट भनेर २०७९।०८० को लागी वजेट छुट्याईएको त्यसै गरि १

वडामा ढल व्यवस्थापनको लागी वजेट छुट्याईएको छ । विद्युत लगभग ९३ प्रतिशत घरधुरीमा पुगेको छ । ढल व्यवस्थापनको लागी २१ किमी रहेको छ जसमा ६ किमी स्लावले ढाकीएको छ । २४ स्थान भन्दा बढीमा धार्मीक स्थल रहेको छ । २४ वटा ताल तलैंयाहरु भएको ठूला सिंचाईको व्यवस्था नभएतापनि ५ वटा साना सिंचाईका स्रोत गाउँपालिकामा रहेका छन् । १ एम्वुलेन्स रहेका, जम्मा वाल क्लबहरु सामुदायमा १९ वटा र विद्यालयमा १२ वटा छन् । महिला घरमुली भएका १५५४ जना, आमा समुह ५४ र महिला वचत समुह ५५ वटा, निर्णय तहमा भएका महिलाहरु ५९ जना, विभिन्न सञ्जाल १२ वटा, विभिन्न वडामा रहेको सामुदायीक कोष रु ११ लाख बरावर, सडक सञ्जाल ४६ वटा जसमा ३५२ किमी विस्तार भएको छ । विभिन्न यातायातका साधनहरु गरेर ५६ वटा रहेका छन् ।

यस्तै प्राकृतिक श्रोतको रुपमा गाउँपालिकामा पिउने पानीका लागी कुवा पँधेरो वा ईनार ८२ वटा, पानी ट्यांकी ५२ वटा, पोखरी १९ र नदि नाला प्रसस्त रहेका छन् तर बर्षा ऋतुमा मात्र वग्ने गरेका छन् हिँउदमा सुख्खा रहने गरेका छन् त्यस्तै सिंचाईका लागी ३३ वटा भन्दा बढी कुलाहरुको प्रयोग हुदै आएको छ ।

अन्नपूर्ण गाउँपालिकाको शैक्षिक संस्था मध्य : विद्यालयमा सञ्चालित बालविकास केन्द्र ३३, आधारभूत विद्यालय २६, मा.वि.१० वटा, +२ सञ्चालित ४. वटा, क्याम्पस १ वटा रहेका छन । पूर्ण साक्षार घोषणा गरेको गाउँपालिका जहाँ शिक्षक स्थायी ९८ जना, अस्थायी ९४ जना र राहत २५ जना गरि जम्मा २१७ जना कार्यरत रहेका छन् । यहाँ स्वास्थ्य सेवा केन्द्र ११, आयुर्वेदिक औषधालय १ वटा, फार्मेसी २, चिकित्सक संख्या ११, कुपोषित वालकको उपचारार्थ घारा स्वास्थ्य चौकीमा व्यवस्था रहेको, बर्थिंग सेन्टर ६, एम्वुलेन्स १ र वेनीमा जिल्ला अस्पताल, जनस्वास्थ्य कायालय रहेका छन् । पशुसेवाका लागि जिल्ला पशुसेवा कार्यालय १, पशुसेवा स्वास्थ्य केन्द्र ८ र ७ जनाको दरवन्दी रहेका, दर्ता गरि पशु व्यवसाय गर्ने ९० व्यवसायी छन । यहाँ कृषि सेवा केन्द्र १ वटा, ४ जना कर्मचारी कार्यरत र दर्ता गरि कृषि व्यवसाय गर्ने ७५० व्यवसायी छन् । यस गाउँपालिकाको सबै स्थान खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भैसकेको छ । यस गापामा स्ट्रेचर ९ वटा मौजाद रहेका छन् ।

यहाँ ४३ स्थानमा सुरक्षित स्थल रहेको देखिन्छ । कैलाश मावि खेल मैदान, मत्ती बिहि खेल मैदान, देउराली आ.वि., ठुलो डाडा चौर, टिकोट चउर, शिख तल्लो गाँउ चउर, शिख मुलपानी चउर, घार भुवानी थानको चौर, पोखरेवगर आ.वि. चौर, घारको विद्यालय क्षेत्र, दानाको ज्ञानप्रकाश मा.वि., राम्चेको हिमाञ्चल मा.वि. गरि १२ स्थानका विभिन्न सुरक्षित स्थानहरु यस अन्नपूर्ण गाउँपालिकामा मनसुन आपत्कालिन कार्ययोजना, म्याग्दी जिल्लाले २०७८ सालमा समावेश गरेका सुरक्षित स्थानहरु रहेका छन् । त्यस्तै सडक पक्कि गाउँपालिकाको मध्यम भागबाट गएको र अन्य स्थानमा कच्ची बाटो पुगेको छ । यहाँ हरेका वडामा एक एक वटा हेलिप्याड रहेका छन् जसलाई जिल्ला आपत्कालिन मनसुन कार्ययोजना, २०७८ ले पनी सुचीकृत गरेको छ सो वमोजिम २८°२८’०३’’ उ.८३°३६’२०.५’’पू., २८°२३’१३.२’’उ. ८३°३८’०२.३’’पू. २८°२६’२०.५’’उ. ८३°३७’३४.४पू. २८°२७’३०.१’’उ. ८३°३९’२३.७’’ पू., २८°२६’२१.३ उ. ८३°४०’२८.८ पू., २८°३०’४२.२ उ. ८३°३९’३७.३’’ पू. २८°३२’१८.२’’उ. ८३°३८’४९.४’’ पू., २८°२९’१९’’उ. ८३°३८’२४.९’’पू. मा हेलिप्याडहरु रहेका छन् । सरकारी तथा सार्वजनिक जग्गा रहेको स्थानहरुः घार, नारच्यांग, दाना, हिस्तान, नागी, भू तातोपानी, पाउद्धार, शिख, राम्चे र दोबा गरि जम्मा सरकारी जग्गाः ४४५६९ रो ९ आना, २ दाम ३ पैसा र सार्वजनिक जग्गाः ६३१-१४-०-२ जम्मा क्षेत्रफल ४५२०१-७-३-२ रहेको छ ।

सञ्चारको लागी १ वटा इलाका हुलाक कार्यालय रहेको छ भने सञ्चार संस्थाहरु स्थापना भैसकेका छन् जहाँ २ वटा एफ एम् रेडियो, यस बाहेक राष्ट्रिय स्तरमा सञ्चालीत रेडियो तथा टेलिभिजन पनि समुदायहरु पहुँचमा रहेका छन् । स्थानीय पत्रपत्रिकामा ८ वटा दर्ता भई सेवा प्रदान गर्दै रहेका छन् र पत्रकारहरु १८ जना क्रियाशिल छन् ।

## २.७ जलवायू परिवर्तनको अवस्था र त्यसको प्रभाव

### २.७.१ तापक्रम र वर्षाको तथ्यांकहरुको विश्लेषण

यस क्षेत्रमा नजिक जल तथा मौसम विज्ञान महाशाखाको मापन केन्द्र नभएको हुँदा म्याग्दी, घोरेपानी स्थित जल तथा मौसम विभागको मापन केन्द्रमा मापन गरिएको तापक्रम र वर्षाको विगत ३० वर्ष ( सन १९९१ देखि २०२१ सम्म) को उपलब्ध तथ्याङ्कलाई यस योजना तयारीको सिलसिलामा विश्लेषण गर्ने कोसिस गरिएको छ ।



चित्र नं. ५: महिनावारी तापक्रम

#### २.७.१.१ तापक्रम

विगत ३० वर्ष ( सन् १९९१-२०२१) सम्मको तापक्रमको अवस्थालाई विश्लेषण गर्दा यस क्षेत्रको सबैभन्दा गर्मी महिनाहरूमा जुन, जुलाई र अगस्त  रहेका छन् भने जाडो महिना जनवरी महिना रहेको छ ।

चित्र नं. ६, बार्षिक औसत अधिकतम तापक्रम (१९८९ देखि २०१७)




यस्तै वेनी नगरपालिकामा रहेको मापन केन्द्र वमोजिम सन् १९८९ देखि सन् २०१७ सम्मको तथ्याङ्कलाई हेर्दा यस स्थानको सबैभन्दा उच्च तापक्रम सन् २०१० मा ३५.४ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो भने सन् २००० मा ३०.८ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । यस्तै बाार्षक अधिकत्तम तापक्रममा वृद्धि ०.२६ डिग्री सेल्सियस रहेको तथापी बार्षिक रुपमा हेर्दा अधिकत्तम तापक्रम धेरै नै तलमाथी रहेको देखिन्छ ।

चित्र नं. ७, बार्षिक औसत न्यूनतम तापक्रम (१९८९ देखि २०१७)




सन् १९८९ देखि सन् २०१७ सम्मको तथ्याङ्कलाई हेर्दा यस स्थानको सबैभन्दा न्यून तापक्रम सन् २००८ मा १०.३ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो भने सन् १९९९ मा २.६ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो ।

माथिको ग्राफबाट विगत ३ दशकको तथ्याङ्क विश्लेषण गर्दा औसत न्यूनतम तापक्रम सन् १९८९ पछिका बर्षहरूमा डिसेम्वर महिनाबाट जनवरी तर्फ सरेको देखिन्छ । म्याग्दी जिल्लाको औसत अधिकतम तापक्रम बढ्दो रूपमा परिवर्तन हुँदै गएको छ । माथिको ग्राफबाट विगत ३ दशकको तथ्याङ्क विश्लेषण गर्दा औसत अधिकतम तापक्रम गर्मीका महिनाहरूमा झन् झन् वृद्धि हुँदै गएको प्रष्ट देखिन्छ भने हिउँदका महिनाहरूमा पनि औसत अधिकतम तापक्रम वृद्धि हुँदै गएको प्रष्ट देखिन्छ । यसको आधारमा गर्मीका दिनहरूमा सुख्खाको जोखिम बढ्ने गरेको पाइयो जसले गर्दा जनजीवनमा प्रभाव गर्ने, खाने पानी, आगलागी आदि बढ्न सक्ने पूर्वानुमान गरी अनुकूलनका उपायहरू खोज्नु पर्दछ ।

### २.७.१.२ वर्षा

जलवायुजन्य प्रकोपहरू निम्त्याउनमा वर्षा र तापक्रमको ठुलो भूमिका रहेको हुन्छ । म्याग्दी जिल्लाको ३० वर्षको वर्षाको विवरण तल ग्राफमा दिइएको छ माथिका विगत ३० वर्षको वर्षातको तथ्याङ्क विश्लेषण गर्दा सन् १९९९ देखि २०१९ सम्म अधिकतम वर्षा जुलाइ (५६३ मिमि) मा हुने गर्थ्यो भने कम डिसेम्वरमा ३१ मिमि थियो । यस्तै वेनी नगरपालिकामा अवस्थित जल मापन केन्द्रद्वारा प्रस्तुत तथ्यांक वमोजिम सन् २०८० देखि २०१७ सम्ममा अधिकत्तम बर्षामा ११४ मिमि मा कमि आएको देखिन्छ जो बार्षिक ३ मिमि पर्न आउँछ । सवभन्दा बढि (८७१.१ मिमि) बर्षा भएको साल सन् १९९३ रहेको र कम (२६५.३ मिमि) भएको साल सन् १९९२ रहेको थियो । सन् १९९३ पछि उच्च वर्षाको महिना जुन, जुलाइ र अगष्टमा सरेको छ । सन् २००४ पछिका असार, साउन र भाद्र महिनाहरूमा अनियमित वर्षातको प्रवृति बढ्न थालेको छ ।




चित्र नं. ८, बार्षिक औसत बर्षा (१९८९ देखि २०१७)




चित्र नं. ९, अधिकतम बर्षा (१९८०-२०१७) स्रोत: गणेश बाँनिया, २०२१

यो प्रवृतिलाई हेर्दा वर्षातको अनिमियता भावी दिनहरूमा अझ बढने अनुमान गर्न सकिन्छ र यसलाई मध्य नजर गरी वर्षाको कारण हुने विपद् तथा जोखिमहरूलाई ध्यानमा राखी विपद् जोखिम व्यवस्थापन तथा अनुकुलनका योजना तर्जुमा गर्नुपर्दछ ।

## २.७.२ मौसमी पात्रो सँगको तुलनात्मक विश्लेषण

माथिको मौसमी पात्रो (तालिका नं.६ मा प्रस्तुत गरिएको) र जलवायुको तथ्याङ्क विश्लेषणबाट वर्षाको महिना घट्दै गएको देखिन्छ । साथै गर्मी महिनाको समयमा औसत तापकम बढदै गएको देखिन्छ ।

## २.७.३ भविष्यको पूर्वानुमान

मौसमी पात्रो (तालिका नं.६ मा प्रस्तुत गरिएको) र जलवायुको तथ्याङ्क विश्लेषणबाट भविष्यमा वर्षाको समय घट्दै जाने र गर्मीको समयमा वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

## २.७.४ जोखिम तथा जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण

वडाहरुमा तयार गरिएको विपद् व्यवस्थापन योजना अध्ययन तथा विश्लेषण वमोजिम फरक फरक प्रकोपहरूले जिविकोपार्जनका श्रोतहरुमाथि असर पुऱ्याएको देखिन्छ । समग्र प्रकोप स्तरीकरण गर्दा पहिरो, जंगलि जनावर आतंक, बाढी, आगलागी, चट्याङ, हावाहुरी र हिमपात तथा असिना पानी प्रभाव पार्ने प्रमुख प्रकोपहरु रहेका छन् । साथै प्रकोपको वढी असर कृषि तथा वनजंगलमा र क्रमशः पशुपालन, वन्यजन्तु, जमिन र खानेपानिमा परेको देखिन्छ । साथै जलवायु परिर्वतनको असर सवै वर्ग, क्षेत्र र समुदायमा एकै किसिमले पर्दैन । असर सँग जुध्न सक्ने अर्थात अनुकूलन क्षमता बढी हुनेमा यसको असर न्यून हुन जान्छ ।

खानेपानीका मुहानहरू भासिने, सुक्ने कारण खानेपानीमा समस्या, पुराना कुलोकुलेसा, पोखरीहरू सुक्दै गएकोमा सिँचाइको असुविधा, अनियमित वर्षा, अत्यधिक वर्षा र खडेरीका कारण बाली समयमा लगाउन नपाउने, लगाएको बालीमा समेत असर पर्ने, मिचाहा प्रजातिले गर्दा खेतबारी नै पूर्ण रूपले बाँझो छोड्नुपर्ने, पहिरो, बाढी, चट्याङ, असिना, हावाहुरी तथा नयाँ नयाँ रोगको प्रकोपले विशेष गरी एकल महिला, दलित, विपन्न, फरक ढंगले सक्षम

वर्ग, महिलालाई बढी मात्रामा असर पारेको देखिन्छ । पहिरो, खडेरी, मिचाहा प्रजाति साथै रोगकिराले पानीको स्रोत सुक्ने, प्रदुषित हुने, कृषि पारिस्थितिकीय प्रणाली र पशुपालन व्यवसायमा धेरै ठुलो असर पारेको देखिन्छ । खेतीयोग्य जमिन बाँझो रहनु, उत्पादन घटने तथा पानीका मुहानहरू सुक्दै जानुका कारण प्रत्यक्ष रुपमा महिला, दलित, बालबालिका तथा विपन्न वर्गलाइ असर परेको प्रस्टसँग देखिन्छ । आगलागी, खडेरी र वनमाराको प्रकोपका साथै सुख्खा क्षेत्र बढ्नाले वन विनाश तथा वन पैदावारको उपलब्धतामा ह्रास आएको कारणले वन पैदावार संकलन कार्यमा यी लक्षित वर्गलाई बढी मात्रामा असर परेको देखिन्छ । असिना र चटयाङले पनि भौतिक स्रोतमा केही मात्रमा असर पारेको देखिन्छ भने चट्याङले विशेष गरेर मानिस तथा पशुलाई बढी असर पारेको देखिन्छ ।

तसर्थ यो योजना निर्माण गर्ने चरण देखि नै यस वर्गहरूको प्रतिनिधित्वमुलक समावेशीमा योजनाका क्रियाकलापमा उनीहरुलाई प्राथमिकता दिँदै उनीहरूको हैसियत सुधार हुने र जीविकोपार्जनमा टेवा पुग्ने खालको सचेतीकरण र प्रत्यक्ष लाभ हुने किसिमका कार्यक्रमहरू तयार गरिएको छ ।

## २.८ जोखिम अनुमान

चित्र नं. १०, बहुप्रकोप




समग्र म्याग्दी जिल्ला जस्तै गरि यस अन्नपूर्ण गाउँपालिका वहुप्रकोप जोखिममा रहेको स्थान हो । यस गाउँपालिकाको भौगोलिक वनावटमा ५० प्रतिशत भन्दा बढी भूभाग ४५ डिग्री भन्दा बढी भिरालोयुक्त रहेको हुँदा यहाँ पहिरो तथा विभिन्न खाले दुर्घटनाको उच्च जोखिममा रहेको छ । साथै उक्त भिरालो क्षेत्रमा रहेर वग्ने कालि गण्डकी, मिरिस्त्री जस्ता खोलाका कारण पनी बाढी तथा खोला थुनेन जोखिममा यस गाउँपालिका रहेको छ भनी बुझ्न सकिन्छ । माथी प्रस्तुत ऐतिहासीक समयरेखा अनुसार भूकम्प लगायत पहिरो, खडेरी, आगलागी, बाढी, जंगली जनावरबाट क्षति, महामारी, हावाहुरी, असिना, चट्यांग यस गाउँपालिकाका जोखिम निम्त्याउने अन्य प्रकोपहरु हुन् । प्रकोपका घटना, भौतिक, आर्थिक तथा वातारणीय संकटासन्नता र सम्मुखताले विपद्को जोखिम गाउँपालिकामा बढाएको छ । प्रकोप धान्न नसक्ने भौतिक संरचनाहरु, जलवायु परिवर्तन, ज्ञान र सिपको कमी, गरीवी, र प्रकोपजन्य स्थानहरुमा मानिसहरुको वस्ती र अन्य भौतिक संरचनाको अवस्थितिले विपद्को जोखिम बढाएको छ । यदि समयमा नै जोखिम न्यूनिकरण तथा अनुकुलनका कार्यहरु गरिएन र संकटासन्नता र सम्मुखताको न्यूनकिरण गरिएन भने कुनै पनि विपद्को जोखिम विपद्मा परिणत हुन सक्छ । म्याग्दी जिल्लाले निर्माण गरेको आपत्कालिन मनसुन कार्ययोजना, २०७८ वमोजिम यस जिल्लामा बाढी, पहिरो र नदि थुनिने प्रमुख जोखिमहरु रहेको छन् ।

चित्र नं. ११, पहिरोको जोखिम




पहिरोको जोखिम उच्च रहेको वडास्तरबाट आएको सूचनाबाट स्पष्ट हुन्छ । २०७२ सालको भूकम्पले गर्दा पहिरोको जोखिम अझ यस गाउँपालिकामा बढाएको छ । ८ वटै वडाका करिव ५१ वस्तीका १८२७ घरधुरीका ८०८३ जनसंख्या पहिरोको जोखिममा रहेको छ । वडा नं. १ बाट वगर, लाम्चोका मुनि (उपल्लो गाउं सिरान), ढाडेगौंडा, जम्फु, माझखर्क, डेमखर्क, धदेगाँउ, दोवा, दोबा वगर, कालि गण्डकीको किनार, वडा नं. २ बाट ठूलो वगर, सोनारी, मान्द्रेढुङ्गा, तातोपानी, गाखर खोलाको माथिल्लो भाग, कालि गण्डकीको किनार, वडा नं. ३ बाट सुवा, गुयथे, दुवारी खोला गाँउ, दाना, तितर, रुप्से क्षेत्र,

काभ्रे भिर, कालि गण्डकीको किनार, घट्टे खोला कटान, वडा नं. ४ बाट नरच्याङ्ग वेंशी, पटार, बास्कोट, गडपार, गडखने, भालेबास, कोप्चेपानी, घलेम्दी खोला र निलगिरी हिमालको माथिल्लो भाग, कालि गण्डकीको किनार, गागरघरीखोला, वडा नं. ५ बाट घारखोला गाँउ, घारखोला क्षेत्र, सिखा, किन्दु, भ्कारवन, खोप्रा डाँडा, वडा नं. ६ बाट पाखेरेबगर टोल, विरौटा टोल, भुवानीथान, साल्जा, अमिला, काफला, रातोपानी, हल्लेखर्क, मौरीघार, काउँरोट आदि, वडा नं. ७ बाट औल, कल्लेरी, पैरागाँउ, घरम्दी, ठाँडो खोलाको पूर्वी भाग, कालि गण्डकीको किनार, वडा नं. ८ बाट बैसरी, राम्चेको पहिरो, पातलखर्क, ठुलो गाँउ, नागी थाबनको पहिरो, काफलडांडा थलथले, नागी भ्किमडांडा, भान्दा टोल नागी , कमेरे नागी, नागी सेतो ढुगा, उपल्लो नागी, राम्चे काफलडांडा, उन्युचौर काफलडाडा, मुलाखर्क राम्चे, खाल्ना राम्चे, महभीर, राम्चे क्षेत्र, छोटे वगर आदि पहिरोबाट जोखिममा रहेका स्थानहरु रहेका छन् । यो ज्यादै भयावह स्थिती हो । यस लगायत प्रसस्त जग्गाजमिन, खानेपानीका संरचनाहरु, मन्दिर मठहरु, कच्ची तथा निर्माणाधिन सडकहरु पनि पहिरोको जोखिममा रहेको वडाबाट आएको सूचनाबाट पुष्टी हुन्छ । यस तथ्यांकबाट गाउँपालिकाको अधिकांस भागहरु (विशेषत कच्ची सडक बाटो निर्माण गरिएका स्थलहरु) र संरचनाहरु पहिरोको जोखिममा रहेको छ । जिल्ला आपात्कालिन योजना, २०७९ ले समग्र म्याग्दी जिल्लालाई नै पहिरोको जोखिममा राखी सोही अनुरुप योजना तयार गरेको छ ।

जंगली जनावर विशेष गरेर वांदर, दुम्सीले वालीनालीको नोक्सान र भालु लगायतका जनावरले मानिसहरुलाई आक्रमण गर्ने जोखिम पनि यस गाउँपालिकामा विकराल रुपमा रहेको छ । वर्षेनी हजारौं रोपनी जमिनमा लगाएको वालीनाली वांदरले नष्ट गर्ने गरेको समुदायसंग गरिएको छलफलको आधारमा भन्न सकिन्छ । त्यसै गरि चट्यांगको समस्यामा पनि यहाँ रहेको छ विशेषत जंगल र उचाईमा रहेका १२ बस्तीहरुका करिव ९८३ घरधुरीमा बसोवास गर्ने ४८०४ जना यसबाट समस्यामा रहने तथ्यांकबाट देखिन्छ । जंगलमा हुने आगलागीको पनि कारक बन्ने गरेको छ ।

बाढी पनि यस गाउँपालिकाको जोखिम निम्त्याउने प्रकोपको रुपमा रहेको छ । बाढीबाट करीव २६ वस्तीका ९०४ घरधुरीका ४०२२ जनसंख्या जोखिममा रहेको छ । यसैगरी अधिकांस विधालयका वालवालिका, प्रसस्त जग्गा जमिन, खानेपानी संरचनाहरु, सिंचाई संरचना, विधुत बाँध तथा गृह, सार्वजनिक भवन, भ्कोलुंगे पुल र मठ मन्दिर पनि बाढीको जोखिममा रहेको वडाबाट संकलन गरिएको तथ्यांकबाट लिन सकिन्छ ।

चित्र नं. १२, बाढीको जोखिम क्षेत्रहरु




आगलागी पनि यस गाउँपालिकाको जोखिम बढाउने प्रकोपको रुपमा रहेको छ । विपद्को ऐतिहासिक समय रेखामा उल्लेख भए अनुसार वर्षेनी आगलागीले धेरै धनजनको क्षति  गरेको पाइन्छ । २० वस्तीका ९८३ घरधुरीका ४६६१ जनसंख्या आगलागीको जोखिममा रहेको छ । यसैगरी आगलागीबाट वस्ती, विधालय लगायत स सामुदायीक तथा संरक्षित वनहरु पनि जोखिममा रहेको पाइन्छ । वनमा लाग्ने डढेलोका कारण सामुदायिक वनमा कैंयौ नोक्सान हुने गरेको छ र खानेपानीका संरचनाहरुको क्षति गर्ने गरेको समुदायको छलफलबाट बुभ्किन्छ ।

यसैगरी हावाहुरीबाट प्रायजसो माथिल्लो स्थानमा रहेका घरधुरीका ३५१७ जनसंख्या जोखिममा रहेका छन् जसका कारण बर्षेनी खेती वालीमा नोक्सान पुग्ने गरेको र घरका छाना उडाउने समस्या रहेको छ । भूकम्पको जोखिममा रहेका घरधुरीको तथ्यांक समावेश गर्दा यहाँ कैंयौ घरमा गारखा भूकम्प २०७२ बाट क्षति पुगेका अर्थात प्राविधिकले बस्नको लागी अयोग्य घोषणा गरेका घरमा अभ्क पनी बसोवास भईरेहेको जानाकारी प्राप्त भएको र यो स्थान पनी समग्र भूकम्पको जोखिम धरातलमा नै रहेको हुँदा उक्त घरका साथ साथै अन्य घरका लागी सचेत भई कार्यक्रम सञ्चालन गनुपर्ने देखिन्छ ।

साना ठूला नदिहरु यहाँ प्रसस्त रहेतापनि भिरालो जमिन र प्रविधिको विकास नहुदा खडेरी गाउँपालिकाको अर्को ठुलो प्रकोपको रुपमा रहेको छ जसले विपद्को जोखिम बढाएको छ । जलवायू परिवर्तन, जलवायू अनुकूलन प्रविधिको प्रयोग सम्वन्धि जनचेतनाको कमी र सिँचाईका प्रयाप्त स्रोत नहुनाले गर्दा खडेरीको जोखिम बढेको छ । वालीमा उत्पादन कम हुन गई कृषिमा आश्रित समग्र घरधुरीका सबै जनसंख्या खडेरीको जोखिममा रहेका छन् । यसैगरी माथिल्लो भेगमा रहेका खानेपानीका संरचना र सिंचाई संरचनामा खडेरीका कारण पानीको श्रोत कम भै समस्या हुने अनुमान गर्न सकिन्छ । माथिल्लो भेगमा बस्ने समुदायहरुमा यसले समस्या दिने गरेको छ । यस गाउँपालिकामा विपद्को जोखिममा रहेका केहि स्थानहरुको बस्तुस्थिती फोटोमा परिवर्तित गर्नको लागी केहि व्यहोरा अनुसुची नं. ५ मा समावेश गरिएको छ ।

## खण्ड ३ : स्थानीय विपद् तथा जलवायू उत्थानशील योजनाको परिकल्पना, ध्येय, लक्ष्य, उद्धेश्यहरु, दिर्घकालिन सोच, परिदृश्य र नीति तथा रणनीति

**परिकल्पना**

यस योजनाको परिकल्पना अन्नपूर्ण गाउँपालिकालाई विपद् तथा जलवायु उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्ने रहेको छ ।

**ध्येय**

विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्य गर्न सक्ने गाउँपालिकाको क्षमता अभिवृध्दि गरी स्थानीय तथा सरकारी निकायको योजनामा विपद् तथा जलवायु परिवर्तनको सवाललाई लाई संस्थागत गर्दै विकासका नियमित योजनाहरुमा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्ने यस योजनाको मुल ध्येय रहेको छ ।

**लक्ष्य**

अन्नपूर्ण गाउँपालिकामा रहेका विभिन्न समूह/सन्जाल तथा सरोकारवालाहरूबिच आपसी समन्वय, सहकार्य र संस्थागत सुशासन प्रवर्धन गर्दै जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम व्यवस्थापन लगायतका सम्बन्धित विषयहरूमा समन्वयात्मक र सहयोगी वातावरण सृजना गरी विपद् तथा जलवायु उत्थानशील गाउँपालिकाको बिकास गर्ने यस योजनाको लक्ष रहेको छ ।

**उद्देश्यहरू**

यस योजनाको निर्दिष्ट उध्देश्य यस प्रकार रहेका छन् ।

१. अन्नपूर्ण गाउँपालिकामा रहेका प्रमुख प्रकोपहरु, संकटासन्न वडाहरु, जोखिमको अवस्था तथा क्षमताहरु पहिचानका साथै विश्लेषण गर्ने ।

२. विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलनको सवाललाई विकासको कार्यमा मुलप्रवाहीकरण गर्ने ।

३. स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने ।

४. नेपाल सरकारका विषयगत सरकारी निकायहरु, स्थानीय निकायहरुका पदाधिकारीहरुलाई विपद् तथा जलवायु परिवर्तनको सवालमा कार्य गर्न सचेतना अभिवृध्दि र एकवद्ध गर्ने ।

५. जलवायु परिवर्तन, विपद् व्यवस्थापन, जैबिक बिबिधता संरक्षण, जलाधार व्यवस्थापन र वातावरणीय सवालहरूमा अन्नपूर्ण गाउँपालिका स्तरमा प्रभावकारी रूपमा कार्य गर्न समानुपातिक समावेशी एवं समन्वयात्मक संरचनाको निर्माण गर्ने ।

६. समुदायमा विपद् तथा जलवायु परिवर्तनको सवालमा काम गर्न आवश्यक पर्ने दक्ष जनशक्तिको विकास गरी प्रभावकारी रूपमा परिचालन गर्ने ।

**दिर्घकालिन सोंच**

विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समुदायको निर्माण गर्ने यस उत्थानशील योजनाको दिर्घकालिन सोंच हुनेछ ।

## परिदृश्य

विपद् जोखिम न्यूनीकरणका तथा जलावयुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद्‌बाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कमगर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस एकिकृत योजनाको परिदृश्य हुनेछ ।

## नीति तथा रणनीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने यस योजनाको नीति रहेको छ । साथै यस उत्थानशील योजनाको रणनीतिहरु निम्न वमोजिम रहेका छन् :

- स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- बाढी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढीको पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- योजनाले पहिचान गरेका क्षेत्रमा थप अध्ययन, अनुसन्धान तथा जानकारी संकलन गर्दै अद्यावधिक ज्ञान तथा विश्लेषणको
- आधारमा कार्यक्रमहरुको प्राथमिकीकरण र कार्यान्वयन गर्ने गराउने ।
- समग्र परिमाणको साझा उद्देश्यका लागि छिमेकी गाउँपालिका तथा नगरपालिका, जिल्ला, प्रदेश तथा जलाधार क्षेत्रमा आधारित कार्यक्रमहरुमा समन्वय तथा सहकार्य गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

## खण्ड ४ : स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना

### ४.१ विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका उपायहरुको प्राथमिकीकरण

पहिचान भएका जोखिम तथा प्रकोपहरुको कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरुलाई मध्यनजर गरी अन्नपूर्ण गाउँपालिकाले त्यसबाट अनुकूलन हुन तथा व्यवस्थापन गर्नका लागि विभिन्न उपायहरु तय गरेको छ । पहिचान गरिएका विभिन्न उपायहरुको प्रभावकारिता, खर्चको मितव्ययिता, सम्भाव्यता र लक्षित बर्गमुखी आदिलाई आधार वनाई आवश्यक अंक भार दिई गरिने विश्लेषण विधि मार्फत प्राथमिकीकरण गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरुको छनौट गरिएको छ ।

नोटः प्रभावकारिताः कामको न्यून प्रभावकारिता देखिएमा १, कामको उच्च प्रभावकारिता देखिएमा ३, खर्चको मितव्ययिताः कम खर्च लाग्ने भएमा ३, बढी खर्च लाग्ने भएमा १, सम्भाव्यताः कार्यान्वयन गर्न सकिने भएमा ३, कार्यान्वयन गर्न कठिन भएमा १, लक्षित बर्गमुखीः लाभान्वित धेरै भएमा ३, लाभान्वित कम भएमा १ अंक दिईएको ।

तालिका नं. १३, क्रियाकलाप पहिचान र प्राथमीकरण

| अनुकूलनका वा जोखिम न्यूनीकरणका उपायहरू | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | |
| बैकल्पिक तथा व्यवसायमुलक खेती (बेमौषमी तरकारी खेती, अदुवा, फलफुल, बाखापालन, सुधारीएको प्रजातिको वीउ वितरण) तालिम र लक्षित वर्ग सहयोग | १०.० | द्धितिय |
| कृषि संरचनाको निर्माण, मर्मत तथा सम्भार (कुलो, नहर, संकलन केन्द्र ) | ९.० | तृतिय |
| सचेतना, प्रचार प्रसार, तालिम /क्षमता अभिबृद्धि | १२.० | प्रथम |
| अनुकूलित प्रबिधि तथा औजार (प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, आदि) | ७.० | पाँचौं |
| बजारीकरण तथा बजार व्यवस्थापन, वीमा, कृषि प्राबिधिक सहयोग, आदि | ८.० | चौंथो |
| **जलश्रोत तथा उर्जा** | | |
| पानीका स्रोत संरक्षण र मर्मत सम्भार (कुवा, पोखरी, टंकी आदि) | १०.० | प्रथम |
| पानी सञ्चितीकरण, प्रबिधि र पाइप लाइन विस्तार जस्ता पूर्वाधार निर्माण तथा बिस्तार | ८.० | तृतिय |
| पिछडिएका वर्ग तथा क्षेत्रमा पानीको उपलब्धता तथा न्यायोचित वितरण र बैकल्पिक उर्जा (सुधारिएको चुल्हो) | ९.० | द्धितिय |
| जल तथा उर्जाको महत्व र किफायित सदुपयोगका लागि सचेतना, क्षमता बिकास | ८.० | चौंथो |
| **वन तथा जैविक विविधता** | | |
| सचेतना, तालिम, गोष्ठि, सञ्जालिकरण | ८.० | पाँचौं |
| बृक्षरोपण (घाँस, डालेघाँस, अम्रिसो, फलफूल), वनको बहुउपयोगी व्यवस्थापन | ११.० | प्रथम |
| वन, जलाधार, जैबिक बिबिधता संरक्षण, अग्निरेखा निर्माण तथा सरसफाई, पानी मुहान, पोखरी संरक्षण | ९.० | चौंथो |
| वनपैदावारको किफायति तथा दिगो सदुपयोग, बैकल्पिक उर्जा, प्रबिधि तथा औजार | ७.० | छैंठौ |
| वन्यजन्तु आक्रमण न्यूनिकरण सचेतना तथा राहत कोषको व्यवस्था | ९.० | तृतिय |

| | | |
|---|---|---|
| लक्षित वर्गमुखी कार्यक्रम (आयआर्जन, शिप तथा उद्यम सहयोग) | १०.० | द्धितिय |
| **जलवायु उत्पन्न प्रकोप** | | |
| पूर्वाधार, संरक्षण बृक्षरोपण, तटबन्ध निर्माण तथा मर्मत, सामाग्रीको व्यवस्था | ९.० | द्धितिय |
| आकस्मिक कोष व्यवस्था र परिचालन | ८.० | तृतिय |
| जनचेतना, समिति, कार्यदलका लागि जनशक्तिको व्यवस्थापन तथा क्षमता बिकास, आपत्कालिन सञ्चालन केन्द्र | ७.० | चौंथो |
| नीति अभ्यास, व्यवहार परिवर्तन, फरक प्रभाव सम्बोधन | १२.० | प्रथम |
| **मानवीय स्वास्थ्य** | | |
| स्वास्थ्य सेवाको क्षेत्र विस्तार गर्ने (स्वास्थ्य शिविर) | १०.० | द्धितिय |
| वातावरण तथा प्राकृतिक स्रोत (पानी) सर्वेक्षण, संरक्षण, सरसफाई | ११.० | प्रथम |
| सचेतना, क्षमता अभिवृद्धि (सुधारीएको चुल्हो निर्माण) | ९.० | तृतिय |
| फरक प्रभाव सम्बोधन | ७.० | चौंथो |
| **पुर्वाधार विकास तथा बसोवास** | | |
| पुर्वाधार निर्माण तथा मर्मत सुधार (तत्वन्ध, भूकम्प प्रतिरोधात्मक घर, अपांग, वातावरण/बालबालिका/अपांग आदि मैत्री पुर्वाधार) | ८.० | चौंथो |
| जोखिम रहित पुर्वाधार निर्माण लागी सहयोग (भूकम्प प्रतिरोधि घर निर्माणका लागी कमजोर तथा गरिवलाई अनुदान) | १०.० | द्धितिय |
| सरोकारवालाको क्षमता अभिवृद्धि (फोहोरमैला व्यवस्थापन तालिम), सचेतना | १०.० | तृतिय |
| नीति (भूउपयोग) तथा योजना तर्जुमा, अभ्यास तथा व्यवहार परिवर्तन, अनुगमन तथा नियमन | ११.० | प्रथम |
| **विपद् जोखिम व्यवस्थापन** | | |
| विपद् जोखिम न्युनिकरणको लागी पुर्वाधारको निर्माण (पहिरो नियन्त्रण, कच्ची सडक भएको स्थानमा बाँस, अम्रिसोको रोपण, अग्नी रेखा निर्माण, पोखरी निर्माण संरक्षण) | ७.० | चौंथो |
| सरोकारवालाको क्षमता अभिवृद्धि (आगो जन्य प्रकोप सम्वन्धि सचेतना, विपद् जोखिम व्यवस्थापन तालिम, आपत्कालीन सञ्चालन केन्द्र) | १०.० | द्धितिय |
| नीति नियमको कार्यान्वयन (भवन निर्माण आचार संहिता, भू उपयोग नीति) | ११.० | प्रथम |
| विपद् जोखिम तथा भू वनावटको अध्ययन र कार्यान्वयन | ८.० | तृतिय |

पहिचान गरिएका विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलनका विषयगत प्रयासहरुलाई विश्लेषण गर्दा कतिपय क्रियाकलापहरु समुदाय र गाउँपालिका आफैले गर्न सक्ने रहेका छन् भने कुनै क्रियाकलापहरु बाहिरी सहयोग चाहिने खालका छन् । प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गरेमा समुदायमा भएका र हुन सक्ने विपद् जोखिम व्यवस्थापनका साथ साथै जलवायु परिवर्तनका जोखिमहरु कम गर्न सकिने र उनीहरुको जीविकोपार्जनमा सहयोग पुग्ने देखिन्छ ।

## ४.२ पहिचान भएका कार्ययोजना वडागत तथा गाउँपालिकामा कार्यान्वयन गर्ने परिमाण

तालिका नं. १४, वडागत तथा गाउँपालिका स्तरिय योजना परिमाण

| **क्रियाकलाप** | **वडा नं** | | | | | | | | **गाउँपालिका** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | | |
| **बैकल्पिक तथा व्यवसायमुलक खेती तालिम र लक्षित वर्ग सहयोग, सचेतना, प्रचार प्रसार, तालिम /क्षमता अभिबृद्धि** | | | | | | | | | | |
| बेमौसमी तरकारी खेती, आलु, अदुवा, जडिवुटी तालिम | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २७ |
| अतिवृष्टि, अनावृष्टि सम्वन्धि तालिम गोष्ठि | १ | १ | १ | १ | १ | १ | १ | १ | १० | १० |
| फलफुल खेती सामाग्री वितरण | २ | २ | २ | २ | २ | २ | २ | २ | | १६ |
| मौरी पालन तालिम तथा सामाग्री सहयोग | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | २७ |
| बाखापालन तालिम तथा सहयोग | २ | २ | २ | २ | २ | २ | २ | २ | **३** | १९ |
| पशुपालन तथा व्यवस्थापन | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| मिचाहा प्रजाती तथा रोग किरा व्यवस्थापन सचेतना | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २७ |
| कुखुरा हाँस पालन तालिम तथा सहयोग | १ | १ | १ | १ | १ | १ | १ | १ | **३** | ११ |
| विषादी नियन्त्रण गर्ने जनचेतना कार्यक्रम | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| पशु तथा खाद्य सुरक्षा तालिम तथा सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| **अनुकूलित प्रविधि तथा औजार** | | | | | | | | | | |
| सुधारीएको प्रजातिको वीउ वितरण | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| टनेल खेती विस्तार | | | | | | | | | १००० | १००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादित कृषि तथा पशजन्य बस्तुको सुरक्षित संरक्षण | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| गोठे मल, भकारा सुधार तालिम तथा सामाग्री सहयोग | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| **कृषि संरचनाको निर्माण, मर्मत तथा सम्भार** | | | | | | | | | | |
| प्लाष्टिक पोखरी निर्माण | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | ५६ |
| कुलो, नहर मर्मत | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| **बजारीकरण तथा बजार व्यवस्थापन** | | | | | | | | | | |
| वजार व्यवस्थापन तथा संकलन केन्द्र | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| पशु, कृषि तथा वाली वीमा | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| कृषि प्राबिधिक सहयोग (कृषि औजार, हाते ट्याक्टर तथा अन्य औजार) | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| **जलश्रोत तथा उर्जा** | | | | | | | | | | |
| **पानीका स्रोत संरक्षण र मर्मत सम्भार** | | | | | | | | | | |
| पानीका स्रोत मर्मत सम्भार | २ | २ | २ | २ | २ | २ | २ | | | १४ |
| पूर्व सुचना प्राणली स्थापना | | | | | | | | | ३ | ३ |
| नदि खोलाको वहाव मापन यन्त्र जडान | | | | | | | | | ३ | ३ |
| नदि जन्य बस्तुको उत्खनन जथाभावी गर्न रोक | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ढल मर्मत सम्भार | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | २४ |
| पानी ट्यांकी मर्मत सम्भार | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | २४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पानी सञ्चितीकरण प्रबिधि र पाइप लाइन विस्तार जस्ता पूर्वाधार निर्माण** | | | | | | | | | | |
| पाइप लाइन निर्माण तथा विस्तार | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | ३२ |
| १ घर १ धारो अभियान | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| खानेपानीको पूर्वाधार निर्माण | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| पानी ट्यांकी निर्माण | २ | २ | २ | २ | २ | २ | २ | २ | | १६ |
| ढल निर्माण | ५०० मी | ५०० मी | ५०० मी | ५०० मी | ५०० मी | ५०० मी | ५०० मी | ५०० मी | | ४ किमी |
| **जल तथा उर्जाको महत्व र किफायित सदुपयोगका लागि सचेतना, क्षमता बिकास** | | | | | | | | | | |
| पानीका श्रोत संरक्षण तथा मर्मत सुधार तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| बाढी र खडेरीको समयमा पानीको उचीत प्रयोग बारे सचेतीकरण | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| पानीको उपलब्धता तथा न्यायोचित वितरण | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| जलश्रोत तथा उर्जाको समुचित प्रयोग नीति तर्जुमा | | | | | | | | | १ | १ |
| उर्जाबाट प्राप्त रोयल्टि सदुपयोग नीतिगत निर्णय | | | | | | | | | १ | १ |
| विजुलिका तार विस्तार गर्न राष्ट्रिय नीति कार्यान्वयन | | | | | | | | | १ | १ |
| माथिल्लो पर्यटकीय स्थलमा क्याम फायर गर्दा अवलम्वन गर्ने निर्देशिका तयार गर्ने | | | | | | | | | १ | १ |
| पर्यटकीय स्थलको फोहोर व्यवस्थपन गर्ने | | | | | | | | | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **वन तथा जैविक विविधता** | | | | | | | | | | |
| **वन स्वास्थ्य, जलाधार तथा जैविक विविधतामा सुधार** | | | | | | | | | | |
| जंगली जनावरबाट वालिनाली संरक्षण गर्न जंगलको वीच वीचमा फलफूलका बिरुवा लगाउने (रो.) | १५० रो. | १५० रो. | १५० रो. | १५० रो. | १५० रो. | १५० रो. | १५० रो. | १५० रो. | - | १२०० रो |
| पहिरो नियन्त्रण गर्न (अम्रिसो, बाँस, निगालो) लगाउने(हे.) | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | | २४ हे |
| भू संरक्षण (पहिरो, मिचाहा प्रजाती | २ | २ | २ | २ | २ | २ | २ | २ | | १६ |
| डढेलो नियन्त्रण गर्न अग्नीरेखा निर्माण तथा सफा गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| सुधारिएको चुलो एवं बैकल्पिक उर्जा प्रयोग गर्न प्रोत्साहन गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| खुल्ला चरि चरण कम गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| डालेघाँस तथा बहुवर्षिय फलफूल विरुवा रोप्ने (हे.) | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | | २४ हे. |
| बन जंगलमा चोरी निकासी बन्द गर्ने (गष्ठि सञ्चालन गर्ने तथा नाका बन्द गर्ने) | १ | १ | १ | १ | १ | १ | १ | १ | - | ८ |
| **वन स्वास्थ्य, जलाधार तथा जैविक विविधता प्रर्वद्धन** | | | | | | | | | | |
| डाँले घाँस, फलफुलका विरुवा उपलव्ध गराउने (हे.) | ५ हे | ५ हे | ५ हे | ५ हे | ५ हे | ५ हे | ५ हे | ५ हे | | ४० हे |
| वन व्यवस्थपन गर्न सरोकारवाला अन्य संघ संस्थाहरुसँग समन्वय गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | - | ८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जंगल काँट छाटमा प्रयोग हुने सामाग्री सञ्चित | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| अग्नी नियन्त्रणमा प्रयोग हुने सामाग्री सञ्चित | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| वृक्षारोपण जडिवुटि, चाँप, तथा पुन रोपण (हे.) | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | ३ हे | | २४ हे. |
| **सचेतना, तालिम, गोष्ठि, सञ्जालिकरण** | | | | | | | | | | |
| जंगल सरसफाई तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| वन डडेलो नियन्त्रण तालिम | | | | | | | | | २ | २ |
| वन व्यवस्थापन | | | | | | | | | १ | १ |
| काँटछाट औजार प्रयोग तालिम जानाकारी | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| वन संरक्षण तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| आयआर्जन, शिप तथा उद्यम तालिम | २ | २ | २ | २ | २ | २ | २ | २ | | १६ |
| जडिवुटि पहिचान तथा संरक्षण तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| **सरोकारवालाहरु वीच शुसासन** | | | | | | | | | | |
| सामुदायीक वन उपभोक्ता समिति पूर्नगठन र सञ्जाल विस्तार | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| पानी मुहान, पोखरी संरक्षण | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | ३२ |
| वनपैदावारको किफायति तथा दिगो सदुपयोग, बैकल्पिक उर्जा, प्रबिधि तथा औजार (सोलार प्यानल, गोवरग्यास निर्माण) | | | | | | | | | | ५०० घर |
| मानव वन्यजन्तु द्धन्द्ध न्यूनिकरण सचेतना तथा राहत कोषको व्यवस्था | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ५ लाखको कोष | २४ |
| आयआर्जन, शिप तथा उद्यम सहयोग | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | ३२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जलवायू प्रकोप तथा अनुकुलन** | | | | | | | | | | |
| **पूर्वाधार निर्माण तथा संरक्षण** | | | | | | | | | | |
| माथिल्लो ततिय र तल्लो ततिय वीचको नेटवर्क विस्तार | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| बृक्षारोपण नदिको किनारमा (अम्रिसो तथा बाँस) | १ किमी | १ किमी | १ किमी | १ किमी | १ किमी | १ किमी | १ किमी | १ किमी | | ८ किमी |
| बृक्षारोपण भिरालो र नांगो स्थानमा | ५० रो. | ५० रो. | ५० रो. | ५० रो. | ५० रो. | ५० रो. | ५० रो. | ५० रो. | | ४०० रोपनी |
| तटबन्ध निर्माण जाली | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | | १६०० वटा |
| वायोईन्जिनियरिंग, तटबन्ध मर्मत | १०० मि | १०० मि | १०० मि | १०० मि | १०० मि | १०० मि | १०० मि | १०० मि | | ८०० मि |
| उद्धार तथा अन्य आकस्मिक सामाग्रीहरुको व्यवस्था | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| बैकल्पिक जिविकोपार्जनको श्रोत छनौट | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| जडिवुटी खेती | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| होटल व्यवसायी तथा हामस्टेको प्रर्वद्धन | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| पानीको श्रोतहरुको संरक्षण गर्ने | | | | | | | | | १९ | १९ |
| मिचाहा प्रजातीको न्यूनिकरण तथा नष्ट | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| आकस्मिक कोषको व्यवस्था र परिचालन | १ | १ | १ | १ | १ | १ | १ | | १ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्षमता अभिवृद्धि** | | | | | | | | | | |
| सुरक्षित स्थान पहिचान तथा जनचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| पर्यटकीय पदमार्गमा हुने हिमपात सम्वन्धि सुचना प्रवाहका लागी प्रणालीको विस्तार | | | | | | | | | | १ |
| समिति, कार्यदलका लागि जनशक्तिको व्यवस्थापन | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | ४० |
| बाह्रय तथा मिचाहा प्रजातीहरुको पहिचान र न्यूनीकरण बारे तालिम तथा सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| किरा तथा रोग नियन्त्रणमा जैविक प्रविधि बारे तालिम तथा सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| जडिवुटी पहिचान र खेती सम्वन्धि तालिम | | | | | | | | | २ | २ |
| **मानव स्वास्थ्य** | | | | | | | | | | |
| **स्वास्थ्य सेवाको क्षेत्र विस्तार** | | | | | | | | | | |
| स्वास्थ्य शिविर | २ | २ | २ | २ | २ | २ | २ | २ | ३ | १९ |
| महिनावारी र किशोरी गर्भवती हुने समस्याको व्यवस्थापन सचेतना तथा सानीटरी प्याड वितरण | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| भ्याक्सिनको व्यवस्थापन र परिचालन गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| स्वास्थ्य वीमा गर्ने | | | | | | | | | १ | १ |
| पानीको संरक्षण | | | | | | | | | १५ | १५ |
| पानीको श्रोतमा सरसफाई | | | | | | | | | ५० | ५० |
| प्राथमीक उपचारमा प्रयोग हुने सामाग्री सञ्चितिकरण | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| डेंगु रोगको लागी लामखुट्टे पहिचान गरि लार्भा मार्ने अभियान सञ्चालन | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सचेतना, क्षमता अभिवृद्धि** | | | | | | | | | | |
| स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्वन्धि सचेतना प्रदान | २ | २ | २ | २ | २ | २ | २ | २ | ३ | १९ |
| प्राथमीक उपचार तालिम | | | | | | | | | ३ | ३ |
| व्यक्तिगत सररफाई तथा वाल स्वास्थ्य सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| मातृ तथा नव जात शिशु प्रवद्धन वारे सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| कुलत नियन्त्रण बारे सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिम प्रदान | | | | | | | | | २ | २ |
| समयानुकल हुने जोखिमका बारे सचेतना | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २७ |
| पोषण सम्वन्धि सचेतना तथा तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| **मानव बस्ती तथा बसोवास** | | | | | | | | | | |
| **पुर्वाधार निर्माण तथा मर्मत सुधार** | | | | | | | | | | |
| तत्वन्ध निर्माण | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | २४ |
| सार्वजनिक जग्गाको सुरक्षार्थ तत्वन्ध निर्माण | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| भूकम्प प्रतिरोधात्मक घर | | | | | | | | | १ | १ |
| फोहोरमैला व्यवस्थापनका लागी सार्वजनिक शौचालय | २ | १ | १ | २ | २ | १ | १ | १ | १ | १२ |
| वातावरण/बालबालिका/जेष्ठ नागरिक/अपांग आदि मैत्री पुर्वाधार | १ | १ | १ | १ | १ | १ | १ | १ | अव वन्नेमा | ९ |
| सुरक्षित स्थल व्यवस्थापन (हरेक वस्तिमा १ स्थान) | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जोखिम रहित पुर्वाधार निर्माण लागी सहयोग** | | | | | | | | | | |
| भूकम्प प्रतिरोधि घर निर्माणका लागी कमजोर तथा गरिवलाई अनुदान | | | | | | | | | नीति वनाई लागु गर्ने | १ |
| **सरोकारवालाको क्षमता अभिवृद्धि** | | | | | | | | | | |
| फोहोरमैला व्यवस्थापन तालिम | १ | १ | १ | १ | १ | १ | १ | | १ | ८ |
| वातावरण मैत्री संरचना निर्माण सचेतना | १ | १ | १ | १ | १ | १ | १ | | १ | ८ |
| नीति (भूउपयोग) तथा योजना तर्जुमा | | | | | | | | | १ | १ |
| अभ्यास तथा व्यवहार परिवर्तन, अनुगमन तथा नियमन | २ | २ | २ | २ | २ | २ | २ | १ | १ | १६ |
| सडक तथा ढल व्यवस्थापन सम्वन्धि ऐन निर्माण गरि लागु गर्ने | | | | | | | | | १ | १ |
| खानेपानी तथा ढल व्यवस्थापन सम्वन्धि ऐन निर्माण गरि लागू गर्ने | | | | | | | | | १ | १ |
| नदी नियन्त्रण र नदीजन्य पदार्थहरु (ढुंगा, गिटी, बालुवा) उत्खनन् तथा निकासी सम्वन्धि मापदण्ड तयार गरि लागू गर्ने | | | | | | | | | १ | १ |
| **विपद जोखिम व्यवस्थापन** | | | | | | | | | | |
| **विपद् जोखिम न्युनिकरणको लागी पुर्वाधारको निर्माण** | | | | | | | | | | |
| जोखिम युक्त स्थानहरु पहिचान गरि सोको जानाकारी समुदायमा गराउने | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | | ८ पटक |
| कच्ची सडक छेउमा पहिरो नियन्त्रणका लागी तत्वन्ध तथा नाला निर्माण | १ किमी | १ किमी | २ किमी | २ किमी | १ किमी | २ किमी | १ किमी | १ किमी | | ११ किमी |
| चट्यांग बाट बच्न अर्थिंगको व्यवस्था गर्ने ( हरेक घर र सार्वजनिक भवनमा) | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कच्ची सडक भएको स्थानमा बाँस तथा अम्रिसोको रोपण | २ किमी | २ किमी | २ किमी | २ किमी | २ किमी | २ किमी | २ किमी | १ किमी | | १५ किमी |
| आवश्यकता अनुरुप अग्नी रेखा निर्माण | | | | | | | | | | ८ किमी |
| खोजी तथा उद्धारमा प्रयोग हुने सामाग्री भण्डारण | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| जंगल र बस्तीका आडमा पानी पोखरी निर्माण तथा संरक्षण (१ वटा अनिवार्य) | | | | | | | | | | ८ |
| अग्नी नियन्त्रक सवारी सञ्चालन | | | | | | | | | १ | १ |
| फायर सिलिन्डर व्यवस्थापन गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| भूकम्प प्रतिरोधि विद्यालय भवन निर्माण | | | | | | | | | | सबै |
| बाँदर धवाउने व्यवस्था गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| पूर्व सूचना प्रणालीको स्थापना | १ | | १ | | | १ | | | | ३ |
| सडक छेउमा हुने फोहोरमैला हटाउन सार्वजनिक शौचालय निर्माण | १ | | | १ | | | १ | १ | १ | ५ |
| **सरोकारवालाको क्षमता अभिवृद्धि** | | | | | | | | | | |
| आगो जन्य प्रकोप सम्वन्धि सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| विद्युत्तिय सुरक्षा सम्वन्धि चेतना अभिवृद्धि गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| विपद् जोखिम व्यवस्थापन तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| सडक दुर्घटना न्युनिकरणका लागी सचेतिकरण | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| खोजी तथा उद्धारमा तालिम | १ | १ | १ | १ | १ | १ | १ | १ | ३ | ११ |
| कालि नदिको तिरमा पौडी तालिम | | | | | | | | | २ | २ |
| चट्यांग बाट बच्ने उपाय बारे सचेतना | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| विपद् व्यवस्थापन कोषको स्थापना र वृद्धि | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै विद्यालयमा भूकम्प, सडक दुर्घटना जस्ता अन्य जोखिमहरुका बारेमा विद्यार्थीलाई शिक्षा प्रदान (अतिरिक्त कार्यक्रम मार्फत) | | | | | | | | | | १ |
| विपद्को नमुना अभ्यास तथा नाटकबाट जानाकारी गराउने | | | | | | | | | १ | १ |
| बैकल्पिक पेशा अवलम्वन गर्न शिप तथा ज्ञान प्रदान र औजार सहयोग | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| माथिल्लो ततिय र तल्लो ततिय क्षेत्रका बासिन्दाहरुको सम्वन्ध बारे तालिम | | | | | | | | | १ | १ |
| भूकम्प प्रतिरोध भवन तथा घर र हावाहुरी प्रतिरोधि छाना पनर्माणमा मेसन सम्वन्धि तालिम | | | | | | | | | ३ | ३ |
| विभिन्न टास्क समुहहरुको समय अनुसार पूर्नगठन, तालिम र सामाग्रीहरुको सञ्चितिकरण | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| **नीति नियमको कार्यान्वयन** | | | | | | | | | | |
| भवन निर्माण आचार संहिता | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| भू उपयोग नीति | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| विपद् जोखिम तथा भू वनावटको अध्ययन र सोही अनुरुप कार्यान्वयन | १ | १ | १ | १ | १ | १ | १ | १ | | ८ |
| असिना, बाँदरको समस्याका लागी वाली वीमाको व्यवस्थापन गर्ने वा बैकल्पिक पेशा अवलम्वन गर्ने | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ९ |
| ढुंगा गिट्टी, गिलुवा लगायतका खनिज जन्य पदार्थ उत्खनन गर्न वातावरणीय प्रवाभ अध्ययन अनिवार्य गर्नुपर्ने | | | | | | | | | १ | १ |
| आपत्कालिन सञ्चालन केन्द्र स्थापना कार्य विधि स्विकृत तथा कार्यान्वयन | | | | | | | | | १ | १ |

**४.३ कार्ययोजनाहरु र अनुमानित लागत**

प्राथमिकतामा परेका क्रियाकलापहरुको अनुमानित लागत, मुख्य जिम्मेवारी, सम्भावित सहयोगी निकाय तालिका नं. १५ मा उल्लेख गरिएको छ ।

तालिका नं. १५, क्रियाकलापहरुको अनुमानित लागत, मुख्य जिम्मेवारी, सम्भावित सहयोगी निकाय

| क्रियाकलाप | पटक वटा | रेट | जम्मा | जिम्मेवारी मुख्य | जिम्मेवारी अन्य |
|---|---|---|---|---|---|
| **कृषि, पशु तथा जिविकोपार्जन** | | | | | |
| **बैकल्पिक तथा व्यवसायमुलक खेती तालिम र लक्षित वर्ग सहयोग, सचेतना, प्रचार प्रसार, तालिम /क्षमता अभिबृद्धि** | | | | | |
| बेमौषमी तरकारी खेती, आलु, अदुवा, जडिवुटी तालिम | २७ | १५०,०००.०० | ४,०५०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप, घरेलु कार्यालय |
| अतिवृष्टि, अनावृष्टि सम्वन्धि तालिम गोष्ठि | १० | १००,०००.०० | १,०००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| फलफुल खेती सामाग्री वितरण | १६ | १५०,०००.०० | २,४००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| मौरी पालन तालिम तथा सामाग्री सहयोग | २७ | १५०,०००.०० | ४,०५०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| बाखापालन तालिम तथा सहयोग | १९ | १५०,०००.०० | २,८५०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| पशुपालन तथा व्यवस्थापन | ८ | १५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| मिचाहा प्रजाती तथा रोग किरा व्यवस्थापन सचेतना | २७ | ५०,०००.०० | १,३५०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, वन डिभिजन कार्यालय, मिडिया, एक्याप तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| कुखुरा हाँस पालन तालिम तथा सहयोग | ११ | १५०,०००.०० | १,६५०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| विषादी नियन्त्रण गर्ने जनचेतना कार्यक्रम | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, मिडिया तथा अन्य संघ संस्था |
| पशु तथा खाद्य सुरक्षा तालिम तथा सचेतना | ९ | ८०,०००.०० | ७२०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, मिडिया तथा अन्य संघ संस्था |
| **अनुकूलित प्रबिधि तथा औजार** | | | | | |
| सुधारीएको प्रजातिको वीउ वितरण | ११ | ५००,०००.०० | ५,५००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| टनेल खेती विस्तार | १००० | २५,०००.०० | २५,०००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| उत्पादित कृषि तथा पशुजन्य बस्तुको सुरक्षित संरक्षण | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| गोठे मल, भकारा सुधार तालिम तथा सामाग्री सहयोग | ८ | १५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, मिडिया तथा अन्य संघ संस्था |
| **कृषि संरचनाको निर्माण, मर्मत तथा सम्भार** | | | | | |
| प्लाष्टिक पोखरी निर्माण | ५६ | २०,०००.०० | १,१२०,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| कुलो, नहर मर्मत | ८ | २००,०००.०० | १,६००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| **बजारीकरण तथा बजार व्यवस्थापन** | | | | | |
| वजार व्यवस्थापन तथा संकलन केन्द्र | ९ | ४००,०००.०० | ३,६००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, मिडिया तथा अन्य संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संस्था |
| पशु, कृषि तथा वाली वीमा | ९ | ३,०००,०००.०० | २७,०००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, वीमा कम्पनी, वडा कार्यालय, एक्याप, मिडिया तथा अन्य संघ संस्था |
| कृषि प्राबिधिक सहयोग (कृषि औजार, हाते ट्याक्टर तथा अन्य औजार) | ८ | ३,०००,०००.०० | २४,०००,०००.०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, तथा अन्य संघ संस्था |
| | | | १०९,०९०,०००.०० | | |
| **जलश्रोत तथा उर्जा** | | | | | |
| **पानीका स्रोत संरक्षण र मर्मत सम्भार** | | | | | |
| पानीका स्रोत मर्मत सम्भार | १४ | ६०,०००.०० | ८४०,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| पूर्व सुचना प्रणाली स्थापना | ३ | ३००,०००.०० | ९००,०००.०० | गाउँपालिका | जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय, हाईड्रोपावर, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| नदि खोलाको वहाव मापन यन्त्र जडान | ३ | ५०,०००.०० | १५०,०००.०० | गाउँपालिका | जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय, हाईड्रोपावर, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| नदि जन्य बस्तुको उत्खनन जथाभावी गर्न रोक | १ | | १००,०००.०० | गाउँपालिका | हाईड्रोपावर, प्रहरी कार्यालय, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| ढल मर्मत सम्भार | २४ | १००,०००.०० | २,४००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| पानी ट्यांकी मर्मत सम्भार | २४ | ७०,०००.०० | १,६८०,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| **पानी सञ्चितीकरण प्रबिधि र पाइप लाइन विस्तार जस्ता पूर्वाधार निर्माण** | | | | | |
| पाइप लाइन निर्माण तथा विस्तार | ३२ | २००,०००.०० | ६,४००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| १ घर १ धारो अभियान | ८ | ३००,०००.०० | २,४००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| खानेपानीको पूर्वाधार निर्माण | ८ | १००,०००.०० | ८००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| पानी ट्यांकी निर्माण | १६ | २००,०००.०० | ३,२००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| ढल निर्माण किमी | ४ | ५००,०००.०० | २,०००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| **जल तथा उर्जाको महत्व र किफायित सदुपयोगका लागि सचेतना, क्षमता बिकास** | | | | | |
| पानीका श्रोत संरक्षण तथा मर्मत सुधार तालिम | १० | ८०,०००.०० | ८००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| बाढी र खडेरीको समयमा पानीको उचीत प्रयोग बारे सचेतीकरण | ११ | ५०,०००.०० | ५५०,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| पानीको उपलब्धता तथा न्यायोचित वितरण | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| जलश्रोत तथा उर्जाको समुचित प्रयोग नीति तर्जुमा | १ | ५०,०००.०० | ५०,०००.०० | गाउँपालिका | खानेपानी कार्यालय, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| उर्जाबाट प्राप्त रोयल्टि सदुपयोग नीतिगत निर्णय | १ | ५०,०००.०० | ५०,०००.०० | गाउँपालिका | हाईड्रोपावर, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| विजुलिका तार विस्तार गर्न राष्टिय नीति कार्यान्वयन | १ | ५०,०००.०० | ५०,०००.०० | गाउँपालिका | हाईड्रोपावर, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| माथिल्लो पर्यटकीय स्थलमा क्याम फायर गर्दा अवलम्वन गर्ने निर्देशिका तयार गर्ने | १ | १००,०००.०० | १००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, व्यापार संघ,, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| पर्यटकीय स्थलको फोहोर व्यवस्थापन गर्ने | १ | ५००,०००.०० | ५००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, व्यापार संघ,, उद्योग वाणिज्य संघ, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| | | | २३,३७०,०००.०० | | |
| **वन तथा जैविक विविधता** | | | | | |
| **वन स्वास्थ्य, जलाधार तथा जैविक विविधतामा सुधार** | | | | | |
| जंगली जनावरबाट वालिनाली संरक्षण गर्न जंगलको वीच वीचमा फलफूलका बिरुवा लगाउने (रो.) | १२०० | २,०००.०० | २,४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिरो नियन्त्रण गर्न (अम्रिसो, बाँस, निगालो) लगाउने(हे.) | २४ | ५,०००.०० | १२०,०००.०० | गाउँपालिका | सडक निर्माण समिती, वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| भू संरक्षण (पहिरो, मिचाहा प्रजाती | १६ | ५०,०००.०० | ८००,०००.०० | गाउँपालिका | सडक निर्माण समिती, वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| डढेलो नियन्त्रण गर्न अग्नीरेखा निर्माण तथा सफा गर्ने | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | सडक निर्माण समिती, वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| सुधारिएको चुलो एवं बैकल्पिक उर्जा प्रयोग गर्न प्रोत्साहन गर्ने | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| खुल्ला चरि चरण कम गर्ने | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एकयाप तथा अन्य संघ संस्था |
| डालेघाँस तथा बहुवर्षिय फलफूल विरुवा रोप्ने (हे.) | २४ | १५,०००.०० | ३६०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| बन जंगलमा चोरी निकासी बन्द गर्ने (गष्ठि सञ्चालन गर्ने तथा नाका बन्द गर्ने) | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, मिडिया, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| **वन स्वास्थ्य, जलाधार तथा जैविक विविधता प्रर्वद्धन** | | | | | |
| डाँले घाँस, फलफुलका विरुवा उपलव्ध गराउने (हे.) | ४० | ५,०००.०० | २००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| वन व्यवस्थपन गर्न सरोकारवाला अन्य संघ संस्थाहरुसँग समन्वय गर्ने | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, मिडिया, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| जंगल काँट छाटमा प्रयोग हुने सामाग्री सञ्चित | ९ | १००,०००.०० | ९००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एकयाप तथा अन्य संघ संस्था |
| अग्नी नियन्त्रणमा प्रयोग हुने सामाग्री सञ्चित | ९ | ३००,०००.०० | २,७००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| वृक्षारोपण जडिवुटि, चाँप, तथा पुन रोपण ( हे.) | २४ | ५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| **सचेतना, तालिम, गोष्ठि, सञ्जालिकरण** | | | | | |
| जंगल सरसफाई तालिम | १० | १००,०००.०० | १,०००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| वन डडेलो नियन्त्रण तालिम | २ | १५०,०००.०० | ३००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| वन व्यवस्थापन | १ | १००,०००.०० | १००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| काँटछाट औजार प्रयोग तालिम जानाकारी | १० | १५०,०००.०० | १,५००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| वन संरक्षण तालिम | १० | १००,०००.०० | १,०००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| आयआर्जन, शिप तथा उद्यम तालिम | १६ | १५०,०००.०० | २,४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| जडिवुटि पहिचान तथा संरक्षण तालिम | ११ | १००,०००.०० | १,१००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| **सरोकारवालाहरु वीच शुसासन** | | | | | |
| सामुदायीक वन उपभोक्ता समिति पूर्नगठन र सञ्जाल विस्तार | ९ | ५०,०००.०० | ४५०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| पानी मुहान, पोखरी संरक्षण | ३२ | ५०,०००.०० | १,६००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| वनपैदावारको किफायति तथा दिगो सदुपयोग, बैकल्पिक उर्जा, प्रबिधि तथा औजार (सोलार प्यानल, गोवरग्यास निर्माण) घर | ५०० | १०,०००.०० | ५,०००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| मानव वन्यजन्तु द्वन्द्ध न्यूनिकरण सचेतना तथा राहत कोषको व्यवस्था | २४ | ५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, प्रहरी तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| आयआर्जन, शिप तथा उद्यम सहयोग | ३२ | १००,०००.०० | ३,२००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप तथा अन्य संघ संस्था |
| | | | २९,५३०,०००.०० | | |
| **जलवायू प्रकोप तथा अनुकुलन** | | | | | |
| **पूर्वाधार निर्माण तथा संरक्षण** | | | | | |
| माथिल्लो ततिय र तल्लो ततिय वीचको नेटवर्क विस्तार | ९ | ५०,०००.०० | ४५०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| बृक्षारोपण नदिको किनारमा (अम्रिसो तथा बाँस) किमी | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| बृक्षारोपण भिरालो र नांगो स्थानमा (रो.) | ४०० | ५,०००.०० | २,०००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| तटबन्ध निर्माण जाली (वटा) | १६०० | ३,५००.०० | ५,६००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| वायोईन्जिनियरिंग, तटबन्ध मर्मत (मि) | ८०० | ३,०००.०० | २,४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| उद्धार तथा अन्य आकस्मिक सामाग्रीहरुको व्यवस्था | ९ | ३००,०००.०० | २,७००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| बैकल्पिक जिविकोपार्जनको श्रोत छनौट | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, घरेलु कार्यालय, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| जडिवुटी खेती | ८ | १५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, सडक निर्माण समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| होटल व्यवसायी तथा हामस्टेको प्रर्वद्धन | ८ | १५०,०००.०० | १,२००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, होडल व्यवसायी समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| पानीको श्रोतहरुको संरक्षण गर्ने | १९ | ५०,०००.०० | ९५०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| मिचाहा प्रजातीको न्यूनिकरण तथा नष्ट | ८ | ५०,०००.०० | ४००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| आकस्मिक कोषको व्यवस्था र परिचालन | ९ | ५००,०००.०० | ४,५००,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| **क्षमता अभिवृद्धि** | | | | | |
| सुरक्षित स्थान पहिचान तथा जनचेतना | ९ | ५०,०००.०० | ४५०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, मिडिया, उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| पर्यटकीय पदमार्गमा हुने हिमपात सम्वन्धि सुचना प्रवाहका लागी प्रणालीको विस्तार | १ | ५०,०००.०० | ५०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, मिडिया, होटल व्यवसायी समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
| समिति, कार्यदलका लागि जनशक्तिको व्यवस्थापन | ४० | २,०००.०० | ८०,०००.०० | गाउँपालिका | वन डिभिजन कार्यालय, होटल व्यवसायी समिति, वडा कार्यालय, एक्याप, गारखा वेल्फेयर तथा अन्य संघ संस्था |
१. श्री शारदा देवी सुनुवार सिनियर सुपरभाइजर GWT Nepal
२. श्री जइ वहादुर थापा सिनियर सुपरभाइजर GWT Nepal
३. निवर्तमान वडा सचिव श्री मन कुमार गर्वुजा

अन्य उपस्थिती:

१. लाल वहादुर पुर्जा
२. खिम वहादुर पुर्जा

प्रस्तावहरु :

1. वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र उपसमिति पुनर्गठन गर्ने सम्वन्धमा ।
2. V.C.A. (Venerability Capacity Assessment) तथ्याङ्क पुनरावलोकन सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अन्नपूर्ण गाउँपालिका वडा नं. ७ हिस्तान, म्याग्दीमा सहयोगी संस्था गोर्खा वेल्फेयर ट्रस्ट नेपाल (GWT Nepal) को सहजिकरण तथा ७ नं. वडा कार्यालय हिस्तान, म्याग्दीको समन्वयमा मिति २०७९/०२/१८ गतेका दिन गठन भएको वडा अध्यक्ष श्री मइलन पुर्जा पुन ज्यूको संयोजकत्वमा १३ सदस्य वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति अन्नपूर्ण गाउँपालिका वडा नं. ७ हिस्तान, म्याग्दी गठन भएकोमा सो समितिमा केहि पदाधिकारीहरु हेरफेर गर्न पर्ने भएको हुनाले निम्न अनुसार पुनर्गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो साथै उपसमितिमा केहि हेरफेर गर्न नपर्ने भएकोले V.C.A. ड्राफ्ट अनुसारकै उपसमिति रहने सर्वसम्मत निर्णय पारित गरियो।

| क.सं. | पद | कार्यरत संघ संस्था र पद | नाम थर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | संयोजक | वडा अध्यक्ष | मइलन पुर्जा पुन | ९८४६९४५३१७ | |
| २. | सदस्य | वडा सदस्य | गेम वहादुर पुन | ९८४३३२२०८५ | |

**अनुसुची २: वडागत छलफलमा सहभागीहरुको नामावली....................**

**वडा नं. ८**

आज मिति २०७७।०८।२६ गते का दिन यस अन्नपूर्ण गाउपालिका वडा नं ८ का अध्यक्ष तथा वडा विपद तथा जलवायु उत्थानशिल समिति का संयोजक खम बहादुर गर्बुजा अध्यक्षतामा बसेको बैठकमा तपशिल बमोजिमको उपस्थितीमा तपशिल बमोजिमको प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो।

तपशिल:-

उपस्थिती

| | | |
|---|---|---|
| खम बहादुर गर्बुजा | संयोजक अध्यक्ष | |
| देव कुमारी पुन | | सदस्य |
| गोममाया पुन | | सदस्य |
| सलिना रसाईली वि.क | | सदस्य |
| यमु बहादुर पुन | | सदस्य |
| सुर्वेश यादव | | सदस्य |
| संगिता पुन | | सदस्य |
| खम बहादुर थापा मगर | | सदस्य |
| पवित्रा पुजा | | सदस्य |
| नन्द बहादुर पुन | | सदस्य |
| शिव विश्वकर्मा | | सदस्य |
| गिता पुन | | सदस्य |
| जय बहादुर थापा | G.W.T(N) | |
| सारदा सुनुवार | " " | |

प्रस्तावहरु

प्रस्ताव नं. १:- वडा स्तरिय विपद तथा जलवायु उत्थानशिल व्यावस्थापन समिति र उप समिति पूर्नगठन सम्बन्धमा

प्रस्ताव नं. २:- VCA को पुनरावलोकन सम्बन्धमा

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्द

## अनुसुची ३, उपसमितिहरु

### वातावरण तथा विपद् व्यवस्थापन उपसमिति

| क्र.सं. | पद | पदाधिकारीको नाम | प्रतिनिधित्व | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | संयोजक | दिलिप कुमार गर्बुजा | वडा नं १ अध्यक्ष | ९८५७६२४१२३ |
| २ | सदस्य | राजेश तिलिजा | वडा नं ५ अध्यक्ष | ९८६६०९८७४१ |
| ३ | सदस्य | मिठु बिक | कार्यपालिका सदस्य | |
| ४ | सदस्य सचिव | हरिकृष्ण आचार्य | गाँउपालिका विपद् फोकल व्यक्ति | ९८५७६२३१४६ |

### पुर्वतयारी तथा प्रतिकार्य उपसमिति

| क्र.सं. | पद | पदाधिकारीको नाम | प्रतिनिधित्व | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | संयोजक | रामबहादुर खड्का | वडा नं ६ अध्यक्ष | ९८५७६६११३५ |
| २ | सदस्य | कार्यलय प्रमुख | नेपाल रेडक्रस उपशाखा दाना | |
| ३ | सदस्य | अध्यक्ष घारा युवा क्लब | युवा क्लब | |
| ४ | सदस्य | समुन्द्र बरुवाल | स्वास्थ्य शाखा | ९८५७६८०१८० |
| ५ | सदस्य | सोम बहादुर खत्री | तातोपानी प्रहरी चौकी | ९८५७६५३१०० |

### लैंगिक समानता तथा संरक्षण उपसमिति

| क्र.सं. | पद | पदाधिकारीको नाम | प्रतिनिधित्व | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | संयोजक | ओमप्रसाद फगामी | वडा नं २ अध्यक्ष | ९८५७६४८७४८ |
| २ | सदस्य | सबिना थापा | महिला तथा बालबालिका शाखा | ९८४६७७९८७३ |
| ३ | सदस्य | सोम बहादुर खत्री | तातोपानी प्रहरी चौकी | ९८५७६५३१०० |
| ४ | सदस्य | कालीगण्डकी आमा समुह | आमा समुह | |

### अनुगमन तथा मुल्यांकन उपसमिति

| क्र.सं. | पद | पदाधिकारीको नाम | प्रतिनिधित्व | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | संयोजक | दिवा कुमारी तिलिजा | गाँउपालिका उपाध्यक्ष | ९८५७६४०४६९ |
| २ | सदस्य | आशा गुरुङ | कार्यपालिका सदस्य | ९८६४३७२१११ |
| ३ | सदस्य | बिष्णु कुमारी गर्बुजा | कार्यपालिका सदस्य | ९८४७७१३७७१ |
| ४ | सदस्य | ईश्वर भण्डारी | प्राविधिक शाखा | ९८५७६८३८१४ |
| ५ | सदस्य | हरिकृष्ण आचार्य | योजना शाखा प्रमुख | ९८५७६२३१४६ |

## अनुसुची ४: उपसमितिहरूको स्वरुप र काम कर्तव्य तथा अधिकार

स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, योजना तर्जुमा तथा समन्वय समितिसँग आवश्यक सहयोग तथा समन्वयका लागि तथा स्थानीय विपद् जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयनको लागि निम्नअनुसार उप-समितिहरु गठन गर्नु पर्नेछ तथापी स्थानीय अवश्यकतालाई दृष्टिगत गरी उप-समितिकाहरुको सङ्ख्या थपघट गर्न सकिनेछ:

| क.सं. | उप-समितिको नाम | ध्यान दिनु पर्ने कुरा | पदावधि |
|---|---|---|---|
| १ | वातवरण तथा विपद् व्यवस्थापन उप समिति | उप-समितिको सदस्य चयन गर्दा उपलब्ध भएसम्म सम्बन्धित विषयमा ज्ञान भएका बालबालिका, महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा विपद्को उच्च जोखिममा रहेका समुदायका प्रतिनिधलाई प्राथमिकता दिनु पर्नेछ । | पदेन सदस्यबाहेक अन्य सदस्यको कार्यकाल पाँच वर्षको हुनेछ |
| २ | पूर्वतयारी तथा प्रतिकार्य उप समिति | | |
| ३ | अनुगमन तथा मूल्याङ्कन उपसमिति | | |
| ४ | लैङ्गिक समानता तथा संरक्षण उपसमिति | | |

## उपसमितिहरुको काम, कर्तव्य तथा अधिकार

| **१.** वातवरण तथा विपद् व्यवस्थापन उप समिति | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात्** |
| • पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम र अन्य स्रोतबाट प्राप्त सूचना प्राप्त गर्ने<br>• पूर्वचेतावनी प्रणालीको स्थापनाका लागि जिविस, गाविस, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयसँग समन्वय गर्ने<br>• उपलब्ध पूर्वचेतावनी प्रणालीको सुरक्षा र संरक्षण गर्ने<br>• विपद्सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला निकायमा विपद्बारे सही जानकारी दिने<br>• समुदायसँग नियमित छलफल गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिमा प्रतिवेदन नियमित रुपमा दिने<br>• सञ्चारमाध्यम, पत्रकार महासङ्घ, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने | • विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने<br>• यस्तो सूचना जिल्ला आप्तकालीन कार्यसंचालन केन्द्र, स्थानीय प्रहरी, जिल्ला प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, गाविस, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने<br>• विपद्सम्बन्धी सम्पूर्ण | • क्षति विश्लेषण कार्यदलबाट भएको कार्य र क्षतिको अवस्थाको जानकारी लिने<br>• विपद्पछि उत्पन्न भएको थप सङ्कटासन्नता र जनजीवनमा परेको असरको समीक्षा गर्ने<br>• जनजीवनमा परेको असरअनुसार पूर्वतयारीका कार्यलाई निरन्तरता दिने । |

| | | |
|---|---|---|
| काम गर्ने<br>● विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानबर्द्धक सामग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने<br>● आपत्कालीन समयमा चाहिने निकायको फोनको सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने<br>● जनचेतना अभिवृद्धिका सामग्री जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने<br>● सूचना प्रबाह र प्राप्तिको भरपर्दो संयन्त्रका लागि जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जल तथा मौसम बिभागका स्टेसनहरु, स्थानीय तहमा समुदाय आफैले संचालन गरेका स्टेसनहरु विचमा नियमित छलफल, बैठक, अनुगमन गर्ने र आवश्यकता अनुसार सूचना आदान प्रदान संयन्त्रमा परिमार्जन गर्ने । | जानकारी जानकारी स्थानीय विपद् व्यवस्थापन समितिमार्फत्, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई दिने<br>● विपद्बारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने | ● पुर्व सुचना प्रणालि संग सम्बन्धित संरचनागत पुजिमा भएको क्षतिको मर्मत संभार गर्ने र थप संरचनाको आवश्यकता भएमा पहल गर्ने ।<br>● स्थापित संयन्त्रमा भएका कमि कमजोरिमा सुधार ल्याउन पहल गर्ने । |
| २. पूर्वतयारी तथा प्रतिकार्य उपसमिति | | |
| ● विपद्बाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने<br>● उद्धारका लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्त गर्न स्थानीय प्रहरी, नेपाली सेना, जिल्ला दवी प्रकोप उद्धार समितिसँग समन्वय गरी सहयोग माग गर्ने<br>● उद्धारका लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने<br>● बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरूको सम्पर्क नम्बर अध्यावधिक राख्ने<br>● उद्धारकर्मीका लागि तालिमको व्यवस्था गर्न गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने<br>● समुदायस्तरबाट उपलब्ध हुने राहत सामग्री सङ्कलन र भण्डारणको व्यवस्था गर्ने | ● विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने<br>● सूचना तथा पूर्वचेतावनी कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने<br>● त्यस्ता परिवारको महत्वपूर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने<br>● समुदायमा रहेका महिला, अपाङ्ग, | ● उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी मूल समितिलाई दिने<br>● विपद्मा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी मूल समितिमार्फत सुरक्षा निकाय र गाविसलाई उपलब्ध गराउने<br>● उद्धार समाग्री पुनः यथास्थानमा राख्ने<br>● विपद्पछि फोहोरमैला |

| | | |
|---|---|---|
| ● सामुदायिक विपद् व्यवस्थापन कोषको स्थापना गर्ने<br>● राहत सामग्री प्रयोग नभएमा त्यस्तो सामग्री नियमानुसार बिक्री गरी प्राप्त रकम कोषमा जम्मा गर्ने<br>● विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने<br>● विपद् नभएमा प्राथमिक उपचार सामग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुनः नयाँ सामग्री तयारी अवस्थामा राख्ने<br>● स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामग्री माग गर्ने<br>● स्थानीय तहमा एमबुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने<br>● स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुन सक्ने महामारी तथा जनस्वास्थ्यसम्बन्धी समस्याबारेमा जनचेतना अभिवृद्धि गर्ने<br>● जनचेतना अभिवृद्धिको लागि जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्यसंस्थासँग सहयोग माग गर्ने<br>● स्वयंसेवकहरूलाई विपद् र महामारीबारे अभिमुखीकरण गर्ने | बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी मूल समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने<br>● घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने<br>● घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्यसंस्थामा पठाउने | व्यवस्थापनका कार्य गर्ने<br>● विस्थापित बसेको स्थानमा सरसफाइका कार्यलाई नियमित रूपमा सञ्चालन गर्ने<br>● महामारीजन्य रोगहरूको नियमित निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने<br>● स्वास्थ्य, सरसफाइ र जनस्वास्थयसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने |
| **३.** अनुगमन तथा मूल्याङ्कन उपसमिति | | |
| ● पूर्ण रूपमा विस्थापित हुने परिवारलाई बसोबासको व्यवस्थाका लागि सार्वजनिक जग्गाको पहिचान गरी त्यस्तो जग्गा उपयोग गर्न नगरपालिका र गाउँपालिकामार्फत् सम्बन्धित निकायसँग अनुमति लिने प्रक्रिया अघि बढाउने<br>● विस्थापितलाई सुरक्षित राख्ने स्थानको लागि उद्धार कार्यदलसँग समन्वय गरी सुरक्षित स्थानको पहिचान गर्ने | ● सही समयमा कार्ययोजनाअनुसार राहत व्यवस्थापन गर्ने<br>● जिल्लाबाट प्राप्त अनुदान वा राहत वितरणमा जिल्लाको कार्यदललाई सहयोग गर्ने<br>● स्थानीय विपद् | ● विस्थापित भएर पुनःस्थापन हुन नसकेका परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थाका लागि पहल तथा पैरवी गर्ने |

| | | |
|---|---|---|
| ● स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा आवश्यक कार्य गर्ने<br>● विपदपूर्व नै जनधनको हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने ।<br>● सम्भाव्य क्षति विश्लेषण नमुना फाराम तयार गर्ने ।<br>● क्षति विश्लेषण स्वयंसेवकहरूलाई तालिम दिने ।<br>● क्षति विश्लेषण स्वयंसेवकहरूलाई तयारी अवस्थामा राख्ने । | व्यवस्थापन समितिसँग सहमति लिएर अन्य आवश्यक कार्य गर्ने<br>● विपद्बाट भएको क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने<br>● उपलब्ध सूचनाका आधारमा सहयोगका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने । | ● पुनःस्थापना हुन सक्ने परिवारको घर मर्मतसम्भारको लागि पहल गर्ने र सहयोगको लागि जिल्ला दैवी प्रकोप उद्धार समितिलाई स्थानीय विपद् व्यवस्थापन समितिमार्फत् सिफारिस गरी पठाउने<br>● क्षतिको विस्तृत विश्लेषणका लागि सङ्कलन गर्ने ।<br>● गरिएको कामको समिक्षा गरी कमी कमजोरीहरूलाई पत्ता लगाउने । |
| ४. लैङ्गिक समानता तथा संरक्षण उपसमिति | | |
| ● मनोसामाजिक परामर्शदाताहरुको रेकर्ड अद्यवधिक गर्ने र तालिम संचालनको बन्दोवस्त मिलाउने<br>● विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयन तथा जनचेतना अभिवृद्धि र अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा लैङ्कि समानता र सामाजिक समोवेशीकरण सुनिश्चित गर्ने<br>● लैङ्गिक समानता र संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने<br>● अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, महिला, गर्भवति महिला तथा वालवालिका मैत्री आश्रयस्थलको पहिचान र निर्माणमा विपद् तथा जलवायु उत्थानशील समितिलाई सहयोग गर्ने<br>● अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, महिला, गर्भवति महिला, दलित, | ● विपद् प्रतिकार्यका दौरान हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार आदि घटनाको अनुगमन र पहिचान गर्ने<br>● घटना घटेको वा घट्न सक्ने अवस्थामा कानूनी सहयोग तथा परामर्शमार्फत् दोषीलाई कारवाही गर्न सकिने व्यवस्था मिलाउने<br>● विपद् प्रभावितलाई आवश्यकता अनुसार मनोपरामर्श दिने | ● विपद्बाट प्रभावित व्यक्ति, परिवार र जोखिममा रहेका विभिन्न समूहमाथि विपद्को समय वा विपद् पश्चात् उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव एवं हेलामा परेका समूहलाई मानवीय मापदण्डका आधारमा संरक्षण प्रदान गर्नु |

| | | |
|---|---|---|
| जनजाति तथा वालवालिकालाई सुरक्षा सम्बन्धी पूर्वजानकारी एवं अभिमुखीकरण गर्ने | • हराएका वा विछोडिएका परिवारको खोजी र पुनर्मिलनको लागि सहजीकरण गर्ने<br>• राहत वितरण गरिँदा राहत सामग्रीहरु वलवालिका, महिला, गर्भवति तथा सुत्केरी महिलाका लागि विशेष सामग्रीको व्यवस्था गर्न विपद् तथा जलवायु उत्थानशील समूहलाई आग्रह र सहयोग गर्ने | |

## अनुसुची ५: उत्थानशील योजना मस्यौदा छलफलमा सहभागीहरु

आज मिति २०७९/०९/०४ गते म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको अध्यक्ष श्री भारत कुमार पुन ज्यूको अध्यक्षतामा समितिको बैठक बसी तपसिल बमोजिमको छलफल गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | प्रतिनिधिको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | भारत कुमार पुन | | |
| २ | उपाध्यक्ष | दिवा कुमारी तिलिजा | | |
| ३ | सदस्य | सुरण प्रसाद शर्मा पौडेल | | |
| ४ | सदस्य | दिलिप कुमार गर्बुजा | | |
| ५ | सदस्य | ओम प्रसाद फगामी | | |
| ६ | सदस्य | रमेश पुर्जा | | |
| ७ | सदस्य | लोक बहादुर फगामी | | |
| ८ | सदस्य | राजेश तिलिजा | | |
| ९ | सदस्य | रामबहादुर खड्का | चित्रबहादुर पुन | |
| १० | सदस्य | माइलन पुर्जा | कामना पुन मगर | |
| ११ | सदस्य | खमबहादुर गर्बुजा | | |
| १२ | सदस्य | समुन्द्र बरुवाल | | |
| १३ | सदस्य | गणेश बहादुर कटुवाल | | |
| १४ | सदस्य | ईश्वर भण्डारी | | |
| १५ | सदस्य | सबिना थापा | | |
| १६ | सदस्य | हेमन्त बहादुर शाही | | |
| १७ | सदस्य | सन्तोष कुमार गिरी | | |
| १८ | सदस्य | सोम बहादुर खत्री | सोम ब. थापा | |
| १९ | सदस्य | प्रहरी प्रमुख | | |
| २० | सदस्य | चन्द्र कुमारी राम्जाली | | |
| २१ | सदस्य | डम पुर्जा पुन | | |
| २२ | सदस्य | जिना पाइजा | विशाल वि.क. | |
| २३ | सदस्य | बिष्णु कुमारी दमाई | | |
| २४ | सदस्य | बिकास शर्मा | रामकृष्ण खड्का | |
| २५ | सदस्य | क्या डम बहादुर गर्बुजा | | |
| २६ | सदस्य | केशर हिराचन | | |
| २७ | सदस्य सचिव | हरिकृष्ण आचार्य | | |

बिशेष उपस्थिति

| क्र.स. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १ | आशा गुरुङ | | कार्यपालिका सदस्य |
| २ | मिठु बि.क. | | कार्यपालिका सदस्य |
| ३ | पुजा कुमारी अर्याल | | राजस्व प्रमुख – पालिका कार्यलय |
| ४ | लक्ष्मी के.सी. | | का.स. – पालिका कार्यलय |
| ५ | रोहित कुमार तुम्बाहङ्फे | | GWT(N)/RWEPP |
| ६ | सुमेरु त्रिपाठी | | GWT(N)/RWEPP |
| ७ | विमल बहादुर कुँवर | | परामर्श दाता |
| ८ | शारदा देवी सुनुवार | | GWT(N)/RWEPP |
| ९ | जई बहादुर थापा | | GWT(N)/RWEPP |
| १० | रमेश थापा | | सूचना प्रविधि अधिकृत - पालिका कार्या |
| ११ | नविन भट्ट | | कम्प्युटर अपरेटर |
| १२. | याम प्रसाद पुर्जा पुन | | पत्रकार, फिल्ड म्याग्दी |

## अनुसुची ५

### जोखिम स्थानहरुको विवरण



बाढी तथा पहिरो जोखिम स्थान, संकटासन्न बस्ती (अन्नपूर्ण गापा, वडा नं. ४, श्री प्रभा मा.वि., नारच्याङ्ग)
GPS: $28^0$30'52.40"N
$83^0$39'38.60"E



बाढी जोखिम स्थान, संकटासन्न बस्ती ( अन्नपूर्ण गापा, वडा नं. ३, घट्ट खोला, दाना)
GPS: $28^0$32'19.46"N
$83^0$38'52.34"E




बाढी जोखिम स्थान, संकटासन्न बस्ती (अन्नपूर्ण गापा, वडा नं. २, तातोपानी वजार)

GPS: $28^{0}$29'52.50"N
$83^{0}$39'15.04"E



पहिरो जोखिम स्थान, संकटासन्न बस्ती (अन्नपूर्ण गापा, वडा नं. २, ठूलो वगर)

GPS: $28^{0}$28'45.96"N
$83^{0}$38'28.63"E

**अनुसुची नं. ६**

## योजना तर्जुमा क्षणका केहि फोटाहरु













## प्रतिकार्यमा समुदायबाट गर्ने क्रियाकलापहरु (प्रतिकार्य योजना)

| समयावधि | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | प्रक्रिया | प्रतिफल | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | वाह्य |
| ० देखि १ घण्टा भित्र | प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण | पूर्व सूचना कार्यदल, प्रभावित समुदाय र स्थानीय र सामुदायिक विपद् तथा जलवायू उत्थानशील समिति | पूर्व सूचना कार्यदलले समुदाय, वर्षा तथा नदी अवलोकन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, सञ्चारमाध्यम, जल तथा मौसम विज्ञान विभाग र मातहतका कार्यालय, सुरक्षा निकाय, विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु, राष्ट्रिय भूकम्प मापन केन्द्र लगायतका विभिन्न माध्यमबाट प्रकोपको सूचना तथा पूर्व सूचना प्राप्त गरी स्थानीय र सामुदायिक विपद तथा जलवायु उत्थानशील समिति, खोज उद्धार र प्राथमिक उपचार कार्यदल, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र तथा संकटासन्न समुदायहरुलाई विभिन्न सञ्चार माध्यम (जस्तै: हाते माइक, साइरन, फोन, एस्.एम.एस्. आदि)को प्रयोग गरी खबर आदान प्रदान गर्ने | सङ्कटासन्न समुदाय र जिल्लाका सरोकारवालाहरुद्धारा प्रकोप वा विपद् सम्बन्धी सूचना प्राप्त गर्ने, सूचना प्राप्त गरिसके पश्चात् सुरक्षित स्थानमा आश्रय लिने | विपद् तथा जलवायू उत्थानशील समिति, वडा समिति, आकस्मित सञ्चालन केन्द्र | विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु, राष्ट्रिय भूकम्प मापन केन्द्र, रेडियो, टेलिकम, एनसेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | स्थानीय तथा सामुदायिक विपद् तथा जलवायू उत्थानशील समितिको बैठक | समितिका पदाधिकारीहरु | यो प्रकोपको खतरा सम्बन्धी पूर्व सूचना तथा घटनाको सूचना प्राप्त गरेपश्चात् स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति/सामुदायिक विपद् व्यवस्थापन समितिले केही आपत्कालीन निर्णयहरु गर्न बस्ने बैठक हो । | प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल परिचालन गर्ने निर्णय समुदायलाई साइरन, मेगाफोन र अन्य साधन प्रयोग गरी नियमित जानकारी दिने निर्णय | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय |
| ० देखि २४ घण्टा भित्र | स्थानीय र सामुदायिक कार्यदलहरुबाट उद्दार कार्य | खोज उद्धार तथा प्राथमिक उपचार कार्यदल | विपद् भएको सूचना प्राप्त गरेपछि प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल समुदायमा गई आफ्नो कार्य सुरु गर्नेछ । आगलागीको घटना भएमा आगलागी नियन्त्रणको प्रयास गर्ने महामारी विपद्का सम्वन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य सुरु गर्ने | लक्षित ५० प्रतिशत समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरुलाई प्राथमिक उपचार प्रदान गरिने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, स्वास्थ्य चौकी, जनस्वास्थ्य कार्यालय |
| ० देखि २४ घण्टा भित्र | खोज उद्धार र प्राथमिक उपचारका लागि थप सहयोग आवश्यक भएमा जिल्ला विपद् व्यवस्थापन समिति, | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको अनुरोध तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनमा खोज तथा उद्दार विषयगत क्षेत्रले विभिन्न | समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरुलाई प्राथमिक उपचार प्रदान गरिने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, रेडियो, मोवाईल सेवा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रेडक्रस, सुरक्षा निकाय लगायत सँग समन्वय गर्ने | | साधन तथा स्रोतको उपयोग गरी उद्दार कार्य गर्नेछ । खोज तथा उद्दारका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलको सहायता लिनेछ । | सघन घाइतेहरुलाई अस्पताल पठाउने | सञ्चालन केन्द्र | जिल्ला अस्पताल, यूवा तथा महिला समुहहरु |
| ० देखि २४ घण्टा भित्र | घाइते, हराइरहेका तथा विस्थापितको सूची अद्यावधिक राख्ने तथा द्रुत सर्वेक्षण तथ्याङ्क संकलन | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र सामुदायिक विपद् व्यवस्थापन समितिले घाइते, हराइरहेका तथा आन्तरिक विस्थापितको सूची अद्यवधिक गर्ने, सूची तयार गर्दा स्थान, उमेर, लिङ्ग, जाति, अपाङ्गता आदि पनि खुलाउने<br><br>जिल्ला विपद् व्यवस्थापन समितिले खटाएको द्रुत सर्वेक्षण टोलीलाई द्रुत सर्वेक्षण फाराममा चाहिने जानकारी संकलन गर्न मद्धत गर्ने | पहिलो चरणको क्षती, घाइते र मृत्यु हुनेको संख्या संकलन गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, शिक्षक, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा भित्र | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री तथा अस्थायी वसोवासको प्रबन्ध गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले आफूसँग भएको श्रोत परिचालन गर्ने तथा अपुग स्रोतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय र जिल्ला स्थित दातृ संस्थाहरुको वा व्यक्तिहरुलाई अनुरोध गर्ने | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री र अपाङ्गता, वालवालिका, जेष्ठ नागरिक तथा लैङ्गिक मैत्री अस्थायी वसोवासको बन्दोवस्त हुने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, वन उपभोक्ता समुह, सामुदायिक भवन, विद्यालय, व्यापारी समुह, यातायात व्यवसायी, सहकारी तथा बैंकहरु |
| ० देखि २४ घण्टा भित्र | समुदायलाई सचेत गराउन जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदिबाट प्राप्त तथ्यगत पूर्वसूचना, आपत्कालीन चेतावनी, जोखिम बढेको वा घटेको, भएगरेका उद्धार प्रयासहरु, अपनाउनु पर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदि लगायत विभिन्न माध्यमबाट जानकारी प्राप्त गरी माइकिंग, फोन जस्ता माध्यम प्रयोग गरी समुदायलाई सूचित गर्ने | समुदायमा अफवाह फैलनबाट रोक्ने, जिवनउपयोगी सन्देशहरु प्रवाह हुने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र, तल्लो र माथिल्लो ततिय समुदाय वा समिति | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, शिक्षक, विद्यालय, मोवाईल सेवा, रेडियो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सावधानीहरु तथा सार्वजनिक आह्वान विषयक सूचनाहरु आवश्यकता अनुसार नियमित प्रवाह गर्ने । | | | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | प्रभावित परिवार को दर्ता तथा खोजी कार्य, प्रभावित परिवारलाई पहिचान पत्र (टोकन) वितरण र तथ्यांक व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | समुदाय विपद् व्ययस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी लगायतका अन्य निकायको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले प्रभावित परिवार दर्ता गर्नेछ । यस सुचीलाई सुरक्षा निकायले ( नेपाल प्रहरी) प्रमाणित गर्नेछ । | राहत प्याकेजको आवश्यकता मूल्यांकन, वितरण र प्रतिकार्यका लागि प्रभावित परिवारको तथ्यांक व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, व्यापारी समुह, वीमा कम्पनी |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | आवास तथा गैरखाद्य सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति मातहतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै समुदाय विपद् व्यवस्थापन समितिको मद्धतमा तथा विस्थापित संख्याको आधारमा अस्थायी वासस्थानको व्यवस्थापन गर्ने । वासस्थान व्यवस्थापन गर्दा स्फेयर मापदण्ड अपनाइनुपर्ने | विस्थापित समुदायका लागि अस्थायी वासस्थानको तथा अन्य आधारभूत गैर खाद्य सामग्रीको व्यवस्था | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, वन उपभोक्ता समुह, उद्योग व्यवसायी, सामुदायिक भवन, आमा समुह, |
| २४ घण्टा देखि | खानेपानी तथा | स्थानीय विपद् तथा | प्रभावित संख्याको सूचीको | स्वास्थ्य सामाग्री, पानी | स्थानीय विपद् | रेडक्रस, कार्यरत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४८ घण्टा भित्र | सरसफाइ सम्बन्धी प्रतिकार्य | जलवायु उत्थानशील समिति | आधारमा जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै तथा समुदाय विपद् व्यवस्थापन समिति समेतको मद्धतमा वितरण गर्नुपर्ने सामाग्री संख्या निर्धारण गरी वितरण गर्नेछ । जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने सम्बन्धी जनचेतना फैलाउने | शुद्धिकरणका लागि सामाग्री लक्षित जनसमुदायलाई वितरण गर्ने,<br>हात धुने तरिका र महत्व सम्बन्धी जानकारी,<br>महिलालाई चाहिने सरसफाइ सामाग्रीको व्यवस्था,<br>अस्थायी शौचालय र फोहोर मैलाको व्यवस्थापन | तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग व्यवसायी, सामुदायिक भवन, आमा समुह, खानेपानी कार्यालय वा समितिहरु, जनस्वास्थ्य कार्यालय, स्वास्थ्य चौंकी |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | खाद्य व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै आवश्यक तयारी खाद्य सामाग्री आँकलन गर्ने सामुदायिक विपद् व्यवस्थापन समितिको सहयोग लिई खाद्य सामाग्री वितरण गर्नेछ । | प्रभावित जन समुदायलाई तयारी खाद्य सामाग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग व्यवसायी, सामुदायिक भवन, आमा समुह, यूवा क्लवहरु, |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको निर्देशनमा फिल्डमा परिचालित टोलीले आवास तथा गैरखाद्यसँग सहकार्य गरी संकटासन्न वर्गको आवश्यकता | महिला, वृद्ध वृद्धा र वालवालिकाको आवश्यकताअनुसार अस्थायी बासस्थान व्यवस्थापन गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, आमा समुह सञ्जाल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अनुसार अस्थायी वासस्थानको व्यवस्थापन गर्नेछ । | | | |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | स्वास्थ्य तथा पोषणसम्बन्धी प्रतिकार्य | स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्दै स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिकार्यका लागि आवश्यक सामग्री संख्या आँकलन गरी वितरण गर्नेछ ।<br>आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | प्रभावित परिवारलाई सुरक्षित सामाग्री वितरण,<br>प्रभावित क्षेत्रमा आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, स्वास्थ्य चौंकी, जिल्ला, अस्पताल, व्यापार व्यसायी, कृषि सञ्जाल |
| ४८ देखि ७२ घण्टा भित्र | पानी शुद्धिकरणका लागि अपुग सामग्रीको लेखाजोखा र व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै पानी शुद्धिकरणका लागि अपुग सामाग्रीको लेखाजोखा गर्नेछ ।<br>पानीको सुविधा विभिन्न स्थानमा गराउनेछ । | विभिन्न ठाउँमा पानीको व्यवस्थापन<br>पानी शुद्धिकरणका लागि थप सामाग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, खानेपानी कार्यालय, स्वास्थ्य चौंकी, क्लिनिक |
| ४८ देखि ७२ घण्टा भित्र | महामारी नियन्त्रणका लागि फोहर व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन हुने | स्थानीय विपद् तथा जलवायु उत्थानशील | कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समिति र जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्र तथा सुरक्षा निकायसँग समन्वय गर्दै मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने | | समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | स्वास्थ्य चौकी, पशु व्यवस्थापन शाखा |
| ४८ देखि ७२ घण्टा भित्र | स्फियर मापदण्डअनुसार खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, महिलाका लागि आवश्यक पर्ने स्वास्थ्य प्रबर्द्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | स्थानीय विपद् व्यवस्थापन समूिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै निरन्तर आवास व्यवस्थापनमा लागिरहने छ । | प्रभावित परिवारलाई गैरखाद्य सामाग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, व्यापार व्यवसायी, स्वास्थ्य चौकी, क्लिनिक, हाईड्रोपावर |
| ४८ देखि ७२ घण्टा भित्र | खाद्य सामग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | प्रभावित परिवार संख्याको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग सहकार्य गर्ने र वितरण गर्नेछ । | प्रभावित परिवारलाई पकाउन चाहिने खाद्य सामाग्री वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, व्यापार व्यवसायी, कृषि सञ्जाल |
| ७२ घण्टा देखि | आपत्कालीन शिक्षाको | स्थानीय विपद् तथा | प्रभावित विद्यालय र विद्यार्थी | विस्थापित वालवालिकाका | स्थानीय विपद् | कार्यरत विभिन्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ दिन भित्र | व्यवस्थापन | जलवायु उत्थानशील समिति र सम्बन्धित विद्यालय | संख्याको आधारमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले शिक्षा विषयगत क्षेत्र तथा प्रभावित विद्यालयसँग समन्वय गर्दै आवश्यक पर्ने शिक्षा सामाग्री वितरण गर्ने र अस्थायी विद्यालयको निर्माणमा सघाउने । | लागि अस्थायी कक्षा सञ्चालन गर्ने<br>शिक्षा सामाग्री वितरण गर्ने | तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | संघ संस्था, सुरक्षा निकाय, शिक्षक, विद्यालय |
| ७२ घण्टा देखि ७ दिन भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी थप प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल | मनोसामाजिक परामर्श सेवा र कानुनी सहायता चाहिने मानिसको पहिचान गर्नेछ । | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने<br>आवश्यक जनसमुदायलाई कानुनी सहायता दिने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, महिला सञ्जाल, विभिन्न सञ्जालहरु, स्वास्थ्य चौंकी |
| ७२ घण्टा देखि ७ दिन भित्र | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र जिल्ला विपद् व्यवस्थापन समितिले खटाएको टोली | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाका लागि परिचालित टोलीलाई आवश्यक सहयोग गर्ने | (MIRA) बहुक्षेत्र द्रुत सर्वेक्षण कार्य सम्पन्न भई क्षतिको विस्तृत विवरण आउने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, शिक्षक, कर्मचारीहरु |
| ७२ घण्टा देखि ७ दिन भित्र | शव व्यवस्थापन तथा मृतक परिवारलाई आर्थिक सहयोग | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र जिल्ला विपद् | मृतकका परिवारलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको तर्फबाट काजकिरियाका लागि आर्थिक | मृतकको काजक्रिया हुने, मृतक परिवारले राहत पाउने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवस्थापन समिति | सहयोग गर्ने, मृतक प्रमाण पत्र जारी गर्न मद्धत गर्ने तथा सरकारका तर्फबाट प्राप्त हुने अन्य सहयोगका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | | आकस्मित सञ्चालन केन्द्र | हाईड्रोपावर, व्यापार व्यवसायी, उद्योग वाणिज्य संघ, वीमा कम्पनी, जिल्ला विपद् व्यवस्थापन समिति |
| ७ दिन देखि २ साता भित्र | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको बैठक | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | प्रतिकार्यमा संलग्न सरोकारवाला तथा प्रभावितहरुको बैठक बसी चुनौती, सिकाइ र सुधार गर्नुपर्ने पक्षबारे छलफल गर्ने | हालसम्मको प्रतिकार्यको समिक्षा गरी थप आवश्यक रणनीति तर्जुमा गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, |
| ७ दिन देखि २ साता भित्र | विभिन्न क्षेत्रमा भएको आवश्यकता र खाडलका आधारमा थप प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सहयोगी निकायहरुसँग समन्वय गर्दै थप राहत र सहयोगको बन्दोवस्ती गर्ने | थप राहत वितरण र प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | रेडक्रस, कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, |
| ७ दिन देखि २ साता भित्र | मनोसामाजिक परामर्श | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र संरक्षण कार्यदल | जिल्ला विपद् व्यवस्थापन समितिअन्तर्गतको संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्दै मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा प्रदान गर्ने | मानसिक तनावमा परेका व्यक्ति र परिवारलाई परामर्श र हौसला प्रदान गरिने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, समुदाय, आकस्मित सञ्चालन केन्द्र | कार्यरत विभिन्न संघ संस्था, सुरक्षा निकाय, स्वास्थ्य चौकी, अस्पताल, क्लिनिक, आमा समुह, धार्मिक संघ संस्थाहरु |

## यस उत्थानशील योजनामा प्रयोग भएका शव्दहरुको शव्दावली

**प्रकोप (Hazard)**: बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ, दुर्घटना तथा प्राकृतिक वा मानवसिर्जित घटना। जुन घटनाबाट जनधनको क्षति हुने सम्भावना भए पनि क्षति भने हुँदैन।

**विपद् (Disaster)**: त्यस्तो विपत्तिपूर्ण परिस्थिति हो, जुन परिस्थितिमा धेरैजसो जनजीवन अकस्मात अस्त-ब्यस्त हुन पुग्दछ। यस्तो परिस्थितिमा मानिसहरूले धेरै दुःख पाउछन् र यसको परिणामस्वरूप सुरक्षा, खाना आवास, लुगाफाटो, औषधीउपचार तथा सामाजिक सेवा जस्ता मान्छेलाई जीवनमा नभई नहुने अन्य आवश्यकताहरूको पूर्ति गर्नु आवश्यक हुन्छ।

**जोखिम (Risk)**: प्रकोपका घटनाबाट क्षति हुने सम्भावना रहेको अवस्था वा मात्रात्मक रुपमा हानीनोक्सानी हुने सम्भावना नै जोखिम हो।

**संकटासन्नता (Vulnerability)**: संकटासन्नता त्यस्तो अवस्था हो जसबाट व्यक्ति र समुदाय खतरा र जोखिमको नजिक पुग्दछन् र त्यसको सामना गर्न आवश्यक सीप, अनुभव, श्रोत र साधन क्षमता हुदैन। अर्को शव्दमा खतरा र जोखिमको प्रभावबाट पर्ने नकारात्मक असरहरुलाई सामना गर्न नसक्ने अवस्था हो। यसबाट जीवन, जिविकोपार्जन र पूजी जोखिममा पर्छ।

**सम्मुखता (Exposure)**: सम्मुखता भन्नाले सङ्कट प्रतिको भौतिक निकटा वा सम्पर्कलाई बुझाउँछ।

**सम्वेदनशीलता (Sensitivity)**: प्रकोपको सन्दर्भमा सम्वेदनशीलता भन्नाले प्रकोपले पार्न सक्ने सम्भाव्य क्षतिलाई जनाउँछ।

**क्षमता (Capacity)**: कुनै व्यक्ति, संस्था वा समुदायसँग रहेको ज्ञान, सिप, श्रोत, साधन र शक्तिलाई क्षमता भनिन्छ। जसले तिनीहरुलाई विपद्सँग सामना गर्न, विपद् पूर्व अवस्थामा ल्याउन, विपद्को रोकथाम वा न्यूनीकरण गर्न वा जलवायू परिवर्तन अनुकुलन हुन मद्धत गर्छ।

**जलवायू परिवर्तन (Climate Change)**: लामो समयको अन्तरालमा जलवायुका विभिन्न तत्वहरुमा भएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ। पानी पर्ने समयमा परिवर्तन हुनु, निरन्तर अतिवृष्टि हुनु वा खण्डवृष्टि हुनु, लामो समयसम्म खडेरी पर्नु, वायूको आद्रतामा न्यनूता आउनु वा वृद्धि हनु, निरन्तर तापक्रम बढ्दै जानु र मौसममा अनपेक्षित विचलन देखिनुलाई नै वैज्ञानिकहरूले जलवायु परिवर्तन मानेका छन्।

**अनुकुलन (Adaptation)**: जलवायू परिवर्तनका विद्यमान र सम्भावित असरहरुसंग जुध्न गरिने उपायहरु नै अनुकुलन हो। जस्तो गर्मी बढेको अवस्थामा ज्याकेट फुकाल्नु, बाढी आउछ भनेर घरको जग अग्लो बनाउनु। यो परिवर्तित वातावरणमा आफ्नो अस्तित्वलाई निरन्तरता दिन गरिने प्रक्रिया हो। मनव सन्दर्भमा यस अन्तर्गत परिवर्तित वातावरण अनुकूल हुने कृयाकलापहरु (जीविकोपार्जन र विकासको प्रकृया) पर्दछन्।

**रोकथाम (Prevention)**: "कुनै घटना/गतिबिधिलाई हुन नदिन रोक्ने वा अड्याउने काम वा प्रयत्न" भनी बुझिन्छ।

**अल्पिकरण (Mitigation)**: प्रकोपको असर वा प्रभावलाई कम गर्नका लागि सञ्चालन गरिने कार्य वा उपायहरूलाई बुझिन्छ। जुन मौषम पात्रोको आधारमा ३ महिना पहिला गरीन्छ।

**विपद् पूर्वतयारी (Preparedness)**: विपद सम्बन्धमा पूर्वानुमान, रोकथाम र असर न्यूनीकरणका साथै विपद परिरहँदा र परिसकेपछि यसबाट उत्पन्न परिस्थितिको सामना गर्नका लागि पहिले नै तयार भएर बस्नुलाई बुझिन्छ।

**पूर्व सूचना प्रणाली (Early Warning System)**: क्षमताहरुको सँगालो जसले जोखिममा रहेका मानिसहरुलाई समयमै खवर आदानप्रदान गर्दै सुरक्षित स्थानमा पुग्न मद्धत गर्दछ।

**प्रतिकार्य (Response)**: विपद् परेको वा सङ्कटकालीन अवस्थामा गरिने उद्धार, राहत तथा मानवीय सेवा । प्रकोपमा परेका मानिस वा छिमेकीलाई त्यसबाट निकाल्ने काम, घरबारविहीन भएकालाई अश्रयस्थलमा राख्ने र तिनको जीविकोपार्जनको लागि गरिने सहयोग नै प्रतिकार्य हो ।

**खोज तथा उद्धार (Search and Rescue)**: भत्किएका संरचनाहरुमा पुरिएका, पहिरोमा च्यापिएका धाईते भएका व्यक्तिहरुलाई खोजी गरेर पत्तालगाई उनीहरुको जीवन रक्षाकोलागि पुरिएका ठाऊँबाट सुरक्षितसाथ सुरक्षित स्थानमा ल्याइने कार्यलाई नै खोज तथा उद्धार भनिन्छ । यस कार्यमा प्रभाबितहरुलाई प्राथमिक उपचार साथसाथै आवश्यकता अनुसार अग्रवर्ति उपचारको समेत व्यवस्था गर्नुपर्ने हुन्छ ।

**राहत (Relief)**: विपद्बाट प्रभावित भएकाहरूको लागि आधारभूत आवश्यकता (खाद्यान्न, लत्ताकपडा, पानी, प्राथमिक उपचार, स्वास्थ्य सेवा, बसोबास, सुरक्षा, मनोसामाजिक परामर्श सेवा) उपलब्ध गराउनुलाई राहत भनिन्छ ।

**पुर्नलाभ (Recovery)**: विपद्बाट प्रभावित व्यक्ति वा समुदायलाई विपद् आउनुभन्दा अगाडिजस्तै सामान्य अवस्थामा ल्याउन गरिने पुर्नस्थापना र पुनर्निर्माण जस्ता गतिविधिहरुलाई पुर्नलाभ भनिन्छ ।

**पुनःस्थापना (Rehabilitation)**: बिपदको घटनाका कारण मानव समुदाय विस्थापित हुन सक्दछ यसरी विस्थापित भएका परिवारको उचित स्थान हेरी तत्काल अस्थायी बसोबासको व्यवस्था मिलाउनुलाई पुन स्थापना भनिन्छ । आपतकालिन स्थिति सामान्य नहुँदा सम्मको संक्रमणकालिन अवस्थामा प्रकोपको कारण विस्थापितहरुलाई अस्थायी बसोबास गराउने कार्य हो ।

**पुर्ननिर्माण (Reconstruction)**: विपद् प्रभावितहरूको लागि घर निर्माण वा मर्मत, अत्यावश्यक सेवा सुविधाका संरचना र सामाजिक तथा आर्थिक गतिविधिहरूको स्थायी समाधानका लागि गरिने विकासका कार्य नै पुर्ननिर्माण हो । यसअन्तर्गत भत्केका घर तथा अन्य संरचनाको निर्माण वा मर्मतसम्भार गर्दा भविष्यमा पर्न सक्ने प्रकोपलाई समेत ध्यानमा राखी निर्माण कार्य गरिन्छ र अवरुद्ध भएका सामाजिक तथा आर्थिक अवस्थामा समेत सुधार गर्ने प्रयास गर्ने गतिविधिहरू सञ्चालन गरिन्छ ।

**भवन निर्माण संहिता (Building code)**: नेपाल सरकारबाट २०६० सालमा घर निर्माणका लागि लागू भएको मापदण्ड । साधारण भूकम्पबाट नभत्किउन भन्ने उद्देश्यले सरकारले तयार गरेको नीतिगत मापदण्ड ।

**आपत्काल (Emergency)**: प्रकोपका कारण जनधनको क्षति वा नोक्सान भएर उत्पन्न भएको विपत्तिपूर्ण अवस्था । यस्तो अवस्थामा घर, छरछिमेकले मात्र समस्याको समाधान गर्न कठिन हुन्छ र सरकार वा गैरसरकारी निकायको सहयोगको आवश्यकता पर्छ ।

**मौसम (Weather)**: पृथ्विको वायुमण्डलमा हरेक दिन परिवर्तन भईरहने तापक्रम, वर्षा, वायुको चाप, आद्रता, आदिको अवस्थालाई मौसम भनिन्छ । यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भईरहन्छ ।

**जलवायु (हावापानी) (Climate)**: ३० वर्ष वा सो भन्दा लामो अवधिको मौसमको सरदर अवस्थालाई जलवायु भनिन्छ । सामान्यतया जलवायँ स्थान, ऋतु विशेष अनुसार स्थिर रहन्छ ।

**हरितगृह ग्याँस (Green House Gases)**: वायुमण्डलमा विश्वव्यापी रुपमा तापक्रम उष्णीकरणर जलवायु परिवर्तनका लागि जिम्मेवार रहेका ग्याँसहरुलाई हरितगृह ग्याँस भनिन्छ । क्योटो अभिसन्धि१ ९९७ को अनुसूची-१ अनुसार हरितगृह ग्याँस अन्तर्गत कार्वनडाईअक्साईड, मिथेन, नाईट्सअक्साइड, हाईड्रोफ्लोरोकार्वन (HFC), परफ्लोरोकार्वन, सल्फर हेक्जाफ्लोराइड गरी ६ किसिमका ग्याँसहरु पर्दछन ।

**उत्थानशीलता (Resilience)**: पछिल्लो समय अनुकूलन क्षमता संगै उत्थानशिलताको पनि कुरा गरिन्छ जस्को सामान्य अर्थ उत्थान अर्थात माथि उठन सक्ने र शिलता भनेको क्षमता अर्थात माथि उठन सक्ने क्षमता हुन्छ । वास्तबमा, जोखिम वा प्रकोपसँग जुझ्नु मात्र नभै सो को प्रभावलाई छिटो भन्दा छिटो कम गर्दै पुरानै र सो भन्दा पनि माथि उठन सक्ने अर्थात राम्रो अवस्थामा आउनुलाई बुझिन्छ ।




क) नेपालको नक्सा, ख) म्याग्दी जिल्लाको नक्सा, ग) अन्नपूर्ण गाउँपालिकाको नक्सा

अन्नपूर्ण गाउँपालिका, म्याग्दी, गण्डकी प्रदेश, नेपाल